# कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

*मा. मन्त्रीस्तर निर्णयबाट स्वीकृत मिति २०८०।०८।१४*

**प्रस्तावना:** लुम्बिनी प्रदेशको आर्थिक विकासमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ। यस प्रदेशको नेपालको कुल ग्राहस्थ उत्पादनमा १४.२ प्रतिशत र कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १७.५ प्रतिशत योगदान रहेको छ। कृषि क्षेत्रले यस प्रदेशको आन्तरिक कुल ग्राहस्थ उत्पादनमा भने २९.८ प्रतिशत योगदान पुऱ्याएको छ। त्यसैले प्रदेशको विभिन्न क्षेत्रमा विद्यमान भौगोलिक तथा वातावरणीय विविधताको सदुपयोग गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा प्रतिस्पर्धी क्षमता विकासका लागि आवश्यक उत्पादन सामग्री तथा यन्त्र/उपकरणहरूको उपलब्धता, प्राविधिक तथा कृषि प्रविधि प्रसार सेवा, बजार तथा भण्डारण पूर्वाधार र बजारीकरण सहजीकरण मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, आयआर्जन तथा रोजगारीको अवसर अभिवृद्धि गर्न आवश्यक रहेको छ। लुम्बिनी प्रदेशको आवधिक योजना, आवधिक/वार्षिक नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेशको कृषि विकासका आवश्यकता र सम्भावनाहरूको आधारमा आवधिक तथा वार्षिक कार्यक्रमहरू विनियोजित भई सञ्चालन हुने गरेको छ। भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी लुम्बिनी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका कार्यालयहरू मार्फत सञ्चालन हुने कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको सुशासन नियमावली, २०७७ को दफा ९ प्रयोग गरी लुम्बिनी प्रदेश, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यस कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक, परिभाषा र उद्देश्य

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूको लागि मन्त्रालय र मातहतका कार्यालयबाट उपलब्ध गराइने नगद रकम वा वस्तुगत सहायता वा दुवैलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति वा संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएका कम्पनीलाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ८(२) मा उल्लेख भएका क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले यस कार्यविधिको दफा १५ अनुसार गठित कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्छ।

(छ) "कार्यक्रम व्यवस्थापन समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा १४ अनुसार गठित कार्यक्रम व्यवस्थापन समन्वय समितिलाई सम्झनु पर्छ।

(ज) "कार्ययोजना" भन्नाले दफा ८ को उपदफा (२) बमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार कार्यालयले स्वीकृत गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयहरूलाई सम्झनु पर्छ।

(ञ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई सम्बन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ट) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, तेलहन, दलहन, पुष्प, पशुपन्छी, मासु, दूध, अण्डा, हाड/छाला, माछा, ऊन, च्याउ, मौरी, रेशम, कफी, अलैंची, घाँसेबाली, कपास, उखु लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(ठ) "कृषि विकास रणनीति" भन्नाले नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको कृषि विकास सम्बन्धी रणनीतिलाई सम्झिनु पर्छ।

(ड) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ढ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १३ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ण) "पशु" भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(त) "प्रदेश आवधिक योजना" भन्नाले लुम्बिनी प्रदेश सरकारको चालू प्रदेश आवधिक योजनालाई सम्झिनु पर्छ।

(थ) "फर्म" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएको उद्यमीहरूको संस्थालाई सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई सम्झनु पर्छ।

(ध) "विकास साझेदार संस्था" भन्नाले कृषि विकासका लागि प्राविधिक, वित्तीय, वस्तुगत वा अन्य रुपमा साझेदारी गर्न सकिने गरी कार्य गरीरहेको वा कार्य गर्ने योजना रहेका विकासका साझेदार एवम् गैर सरकारी संस्थालाई सम्झिनु पर्छ।

(न) "सहकारी" भन्नाले कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने उद्देश्यले दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

(प) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका वा उप-महानगरपालिकालाई सम्झनु पर्छ।

३. **उद्देश्यः** कृषिको वातावरण-मैत्री आधुनिकीकरण तथा व्यावसायीकरणद्वारा सबै तहका कृषक तथा सम्बद्ध व्यवसायीहरूको दिगो आय वृद्धि गर्दै कृषिको नेतृत्वमा उच्च तथा समावेशी आर्थिक वृद्धिदर कायम गर्नु कृषि विकासको मूल उद्देश्य रहेको छ। यसका विशेष उद्देश्यहरू निम्नानुसार छन्ः

*(क)* कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

*(ख)* खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।

*(ग)* कृषि क्षेत्रको व्यावसायीकरण मार्फत आयआर्जन र रोजगारी वृद्धि गर्नु।

## परिच्छेद -२

## *प्रादेशिक कृषि विकासको मार्गदर्शक सिद्धान्त, अपेक्षित उपलब्धि र प्राथमिकता क्षेत्र*

४. **मार्गदर्शक सिद्धान्तः** कृषि विकासमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा देहायका विषयहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरिने छ;-

(क) रोजगारी सृजना

(ख) समावेशीकरण

(ग) दिगोपन

(घ) कृषि, पर्यटन र शिक्षाबीच सन्तुलित सम्बन्ध तथा एकीकृत विकास

(ङ) निजी तथा सहकारी क्षेत्रको संलग्नता

५. **अपेक्षित उपलब्धिः** देहायमा उल्लिखित अपेक्षित उपलब्धि हासिल गर्न कृषि विकासका योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ;-

(क) उच्च तथा दिगो उत्पादकत्व वृद्धि

(ख) कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि

(ग) कृषि व्यावसायीकरण अभिवृद्धि

(घ) कृषि पूर्वाधार तथा बजार विकास र सुधार

(ङ) संस्थागत विकास तथा सुशासन प्रवर्द्धन

६. **प्राथमिकता क्षेत्रः** प्रदेश कृषि विकासका देहायका प्राथमिकता क्षेत्र रहेका छन्;-

(क) गुणस्तरीय नश्ल तथा बीउ बिजन प्रवर्द्धन

(ख) प्रविधि विकास, हस्तान्तरण र विस्तार तथा सफल अवधारणा/मोडेलहरूको अनुसरण

(ग) निर्यातमुखी उद्योगको स्थापनामा सहजीकरण र आयात प्रतिस्थापन

(घ) बाँझो जमिनको उपयोग, आन्तरिक क्वारेन्टाइन तथा जलवायुमैत्री कृषि कार्यक्रम प्रवर्द्धन

(ङ) स्रोत केन्द्रहरूको सुदृढीकरण तथा स्थापना

(च) सरोकारवालाहरू तथा निजी क्षेत्रको सहभागीता, सहकार्य र साझेदारी प्रवर्द्धन

(छ) कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच सम्बन्ध विस्तार तथा सेवा प्रवाहमा सुधार

## परिच्छेद ३

## *सरोकारवालाहरूको भूमिका र कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन*

७. <u>निकायगत तथा सरोकारवालाहरूको भूमिका</u>: यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालहरूको भूमिका देहाय बमोजिमको हुनेछ:-

(क) **मन्त्रालयको भूमिका**: कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन, आवश्यक प्राविधिक व्यवस्थापन तथा समस्या समाधान गर्ने।

(ख) **निर्देशनालयको भूमिका**: कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गर्ने, पृष्ठपोषण गर्ने, समस्या समाधानमा सहजीकरण गर्ने र सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कन, विश्लेषण गरी मन्त्रालयमा प्रतिवेदन गर्ने। जिल्लास्थित कार्यालयहरू, प्राविधिक कर्मचारीहरूलाई कार्यान्वयनमा सहयोग, सहजीकरण, सरोकारवाला निकाय संग समन्वय, क्षमता अभिवृद्धि तथा परिचालन गर्ने/गराउने।

(ग) **कार्यक्रम सञ्चालन गर्ने कार्यालयको भूमिका**:

- कार्यालयले स्वीकृत कार्यक्रम अनुसार मापदण्ड/सूचकहरूको आधारमा अनुदानग्राही छनोट गर्ने, आवश्यकता अनुसार सम्झौता गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
- व्यावसायिक उत्पादन क्षेत्रहरूमा साप्ताहिक एकपटक पुग्ने गरी प्राविधिकहरू परिचालन गर्ने र सोको प्रतिवेदन गर्ने,
- जिल्लास्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन गरी माथिल्लो निकायमा प्रगति प्रतिवेदन गर्ने।

(घ) **अनुदानग्राही/सेवाग्राहीको भूमिका**:

- अनुदानग्राही/सेवाग्राहीले यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्ने,
- अनुदानग्राहीले सम्झौता/कार्ययोजना आवश्यकता अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात तोकिएको समयसीमा भित्रै कार्यालयमा पेश गर्ने,
- कार्यालयले माग गरे अनुसारका कागजातहरू उपलब्ध गराउने, सल्लाह सुझावको अवलम्बन गर्ने,
- निर्धारित समय, लागत, गुणस्तर र परिमाणमा कार्य सम्पन्न गर्ने।

(ङ) **स्थानीय तहको भूमिका**:

- कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्न आवश्यकता अनुसार सहजीकरण गर्ने।
- कार्यालयको आवश्यकता अनुसार तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउने।
- स्थानीय तहमा कार्यरत प्राविधिकबाट प्राविधिक सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने।

(च) **विकास साझेदार संस्थाको भूमिका**:

- प्रदेश सरकारको नीति, यस कार्यविधि वा मन्त्रालयबाट भएको प्राथमिकीकरण अनुरुप प्राविधिक, वस्तुगत वा वित्तीय सहयोग उपलब्ध गराउने,

- कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विषयगत मन्त्रालय तथा मातहत कार्यालयहरूलाई सहयोग गर्ने,
- समुदायस्तरमा सामाजिक परिचालनका लागि समन्वय गर्ने,
- संस्थाले कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रगति प्रतिवेदन उपलब्ध गराउने।

८. **कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनः** (१) कृषि तथा पशुपन्छी विकास कार्यक्रम/क्रियाकलापहरू देहाय बमोजिम हुनेछन्-

(क) **प्राविधिक सेवा, प्रविधि प्रसार तथा नियमनः** यस कार्यक्रम अन्तर्गत कृषक पहिचान तथा वर्गीकरण, कार्यमूलक अनुसन्धान, अध्ययन तथा प्रविधि परीक्षण, विकास एवम् विस्तार; कृषक पाठशाला, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल पशुपन्छी तथा मत्स्य अभ्यास प्रणाली, प्रविधि प्रदर्शन, पशु स्वास्थ्य प्रवर्द्धन तथा नियमन, सङ्क्रामक रोग/कीरा एवम् महामारी नियन्त्रण र सोसँग सम्बन्धित सेवा टेवा सहयोग कार्यक्रमहरू कार्यालयले सञ्चालन गर्नेछ।

(ख) **बीउ बिजन/नश्ल सुधार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (बोका, राँगो, बीर, थुमा, चल्ला, भुरा, बीउ, बेर्ना, बिरुवा आदि) को उपलब्धता सुनिश्चित गर्न, श्रोत केन्द्र, ब्रिडर हर्ड, मल्टिप्लायर हर्ड स्थापनाका लागि उन्नत राँगो/साँढे/बोका/थुमा/बीर/चल्ला/मत्स्य बीज वितरण गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। यस किसिमका कार्यक्रमले कृषि तथा पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय स्तरमा गुणस्तरीय बीउ बिजन/नश्लहरूको उपलब्धताको सुनिश्चितता, उत्पादन लागत न्यूनीकरण र स्रोतमा आत्मनिर्भर गराउन सहयोग पुर्‍याइनेछ। यी कार्यक्रमहरू कार्यालयले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(ग) **उत्पादन प्रवर्द्धन, प्रशोधन र भण्डारणः** यस कार्यक्रम अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय उन्मुख, व्यावसायिक कृषक वा उद्यमीबाट उत्पादित कृषि उपजको उत्पादन/उत्पादकत्व वृद्धि, विविधीकरण र बजारीकरण गरी कृषक/उद्यमीहरूलाई प्रोत्साहन गर्नको लागि व्यवसाय प्रवर्द्धन, आयमूलक तथा रोजगारी अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। व्यावसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण लगायत व्यवसाय प्रवर्द्धनका लागि ब्याजमा सहुलियत दिने व्यवस्था मिलाउने र भूमि बैङ्क मार्फत वा चक्लाबन्दीमा व्यावसायिक उत्पादन गर्न आवश्यक जग्गा करारमा लिन कार्यालयले समन्वय गर्नेछ। यी कार्यक्रमहरू यसै कार्यविधिमा तोकिए बमोजिम कार्यालयले आफै वा लागत साझेदारीमा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गरिने छ।

(घ) **ब्राण्डिङ्ग र बजारीकरण कार्यक्रमः** कृषि उपजको प्रमाणीकरण र ब्राण्डिङ्ग गर्न सहजीकरण गर्ने। बाह्य तथा आन्तरिक खरिदकर्ताहरूलाई उत्पादन खरिदका लागि उत्पादक तथा सङ्कलकहरू सँग समन्वय गर्ने र खरिद/बिक्री सुनिश्चितताका लागि कार्यालयले पहल गर्नेछ। साथै ब्राण्डिङ्ग र बजारीकरणको उद्देश्य अनुरुप कार्य विवरण सहित मन्त्रालयमा छुट्टै एकाइ स्थापना गरिनेछ।

(ङ) **विशेष लक्षित कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत लक्षित समुदाय वा वर्गका लागि र क्षेत्रगत रूपमा बाली/वस्तु विशेष कार्यक्रम सञ्चालन गरिनेछ। यी कार्यक्रमहरू सामाजिक परिचालन मार्फत कार्यालयले आफै वा तोकिए बमोजिमको लागत साझेदारीमा सञ्चालन गर्नेछ। यस्ता कार्यक्रमहरू सञ्चालनका लागि नेपाल सरकार, स्थानीय तह, विकास साझेदार संस्था, गैर सरकारी संस्था, शैक्षिक संस्थाहरूसँग समन्वय गर्न सकिनेछ।

(च) **उत्पादन सामग्री व्यवस्थापनः** उन्नत पशुपन्छी नश्ल, माछा भुरा, बीउ, मल (प्राङ्गारिक मल), सिँचाई, प्लाष्टिक घर, प्रविधि, व्याज सहुलियत उपलब्धताका लागि कार्यालयबाट आवश्यक व्यवस्थापन गरिनेछ। बाली वस्तु उत्पादनका लागि आवश्यक औजार, यन्त्र तथा उपकरणहरू उपलब्धताका लागि समन्वय गरिनेछ।

(छ) **क्षमता अभिवृद्धिः** कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण व्यवसायमा संलग्न किसान/व्यवसायी, स्थानीय तहमा सेवा प्रवाह गर्ने प्राविधिक र मन्त्रालय मातहत कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि मन्त्रालय र मातहतका निकायले गर्नेछ।

(२) उपदफा (१) मा निर्दिष्ट गरिएका कार्यक्रमहरू अन्तर्गत स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय बमोजिमका कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गरिनेछ र कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार, स्थानीय तह तथा अन्य निकायका उस्तै प्रकृतिका कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी कार्यालयले कार्यान्वयन व्यवस्था मिलाउनु पर्नेछ। तर क्षेत्र विस्तार र स्तरवृद्धिको हकमा बाधा पर्ने छैन।

(क) प्राविधिक सेवा, प्रविधि प्रसार तथा नियमनः

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १.१ | कृषक पहिचान र वर्गीकरण | • किसान पहिचान तथा वर्गीकरण सम्बन्धी अध्ययन गर्न टोली गठन गर्ने<br>• सम्बन्धित तथ्याङ्कहरू संकलन, विश्लेषण<br>• पहिचान र वर्गीकरण<br>• कार्यविधि मस्यौदा तयारी र पेश | • कृषक पहिचान तथा वर्गीकरणका कार्यविधि बनाई कार्यान्वय गरिनेछ। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२ | नमुना उत्पादन व्यावसायिक प्रणाली अनुसरण कार्यक्रम | • कार्यक्रम सञ्चालन हुने क्षेत्रको जनप्रतिनिधि, अगुवा कृषक र प्राविधिक कर्मचारीलाई रोल्पाको जिनाबाङ क्षेत्रमा अवलोकन भ्रमण तथा अन्तरक्रिया,<br>• जनचेतना, सामाजिक परिचालन, क्षमता अभिवृद्धि तालिम, बालीपात्रो तयारी आदि<br>• उत्पादन सामग्रीहरू,<br>• माटो जाँच तथा व्यवस्थापन,<br>• उत्पादन सङ्कलन, ग्रेडिङ, प्याकेजिङ, प्रशोधन, ढुवानी, बजारीकरण तथा बजार सहजीकरण | • कार्यालयले **रोल्पाको जिनाबाङ** क्षेत्रसँग मिल्दोजुल्दो हावापानी भएको तोकिएको स्थानमा कृषक समूह/ सहकारी तथा कृषकहरू पहिचान गरी Cluster Approach मा कार्यक्रम सञ्चालन गर्ने<br>• वर्षे आलु, बन्दा, तरकारी, तरकारी बीउ, किवी, स्याउ, ओखर लगायत भौगोलिक तथा हावापानी अनुसारका उपयुक्त बाली वस्तुहरूको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण गर्नुपर्ने,<br>• कार्यालयले चौथो तहको प्राविधिक परिचालन गरी प्राविधिक सेवा तथा सामाजिक परिचालन गर्नुपर्ने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.३ | कृषि प्रविधि प्रदर्शन तथा अन्य प्रर्दशन (कृषि तर्फ) | • मापदण्ड बमोजिम छनोट भएको विषय (प्रविधि) सम्बन्धमा सरोकारवालालाई अभिमुखीकरण तथा पूर्व तयारी गर्ने,<br>• आवश्यक सामग्रीहरू र प्रविधि सहित कार्यालयले प्रर्दशन सञ्चालन गर्ने,<br>• कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित सामग्री | • प्रविधि प्रदर्शन सञ्चालन गर्ने विषय वस्तुको सहमती निर्देशनालयबाट लिनुपर्ने,<br>• प्राविधिक सम्भाव्यताको आधारमा बाली/वस्तु, स्थान, प्रविधि र लाभग्राहीको छनोट गर्ने,<br>• कृषि अनुसन्धान परिषदले सिफारिस गरेको तथा अन्य अध्ययनबाट प्रमाणित भएको तर कृषक समुदायस्तरमा | कार्यालयले लागत अनुमान सहित कार्ययोजना स्वीकृत गरी प्रति प्रदर्शन अधिकतम रु. १ लाख खर्च गर्न सक्ने। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | कृषकलाई आवश्यकता अनुसार हस्तान्तरण गर्न सकिने,<br>• प्रविधि प्रदर्शन सञ्चालन गरिएको क्रियाकलापहरूको अभिलेख राखी प्रचार प्रसार गर्ने। | नपुगेको प्रविधिलाई प्राथमिकता दिने,<br>• बहुसंख्यक कृषकहरूको सहज पहुँच तथा अवलोकन गर्न सकिने स्थानलाई प्राथमिकता दिने,<br>• छनोट भएको लाभग्राहीले सञ्चालित कार्यक्रमको कृषि अभ्यास, संरक्षण, संवर्द्धन लगायत अन्य आवश्यक कृषि कर्म गर्ने प्रतिबद्धता गर्नुपर्ने,<br>• कार्यालय परिसरमा सञ्चालन गरिने प्रविधि प्रदर्शन समेत यसै कार्यविधि बमोजिम सम्बन्धित कार्यालयले गर्ने। | |
| १.४ | आधुनिक प्रविधि प्रदर्शन/<br>पशुपन्छी तथा मत्स्य प्रविधि प्रदर्शन कार्यक्रम/<br>व्यावसायिक मत्स्य फार्ममा मेसिनरी औजार प्रदर्शन/सहयोग,<br>नमूना प्रदर्शन प्लट स्थापना र सञ्चालन (पशुपन्छी तर्फ)। | • आवश्यक सामग्रीहरू र प्रविधि सहित कार्यालयले प्रर्दशन सञ्चालन गर्ने,<br>• मापदण्ड बमोजिम छनोट भएका विषयमा उत्पादन, प्रशोधन, लगायतका विषयहरूमा प्रदर्शन गर्ने,<br>• कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित सामग्री लाभग्राहीलाई आवश्यकता अनुसार हस्तान्तरण गर्न सकिने,<br>• प्रविधि प्रदर्शन सञ्चालन गरिएको क्रियाकलापहरूको अभिलेख राखी प्रचार प्रसार गर्ने। | • प्रविधि प्रदर्शन सञ्चालन गर्ने विषय वस्तुको सहमती निर्देशनालयबाट लिनुपर्ने,<br>• प्राविधिक सम्भाव्यताको आधारमा बाली/वस्तु, स्थान, प्रविधि र लाभग्राहीको छनोट गर्ने<br>• छनोट भएको लाभग्राहीले कार्यालयबाट उपलब्ध आवश्यक सामग्रीको प्रयोग र संरक्षण गर्नुको साथै कार्यालयको प्राविधिक निर्देशन पालना गर्ने प्रतिवद्धता हुनुपर्ने,<br>• प्रविधि प्रर्दशन अन्य कृषकहरूले सहज रूपमा देख्न सक्ने, बाटो नजिक, सहज रूपमा सिक्न सक्ने गरी सञ्चालन गर्नुपर्नेछ,<br>• कार्यालय परिसरमा सञ्चालन गरिने प्रविधि प्रर्दशन समेत यसै कार्यविधि बमोजिम सम्बन्धित कार्यालयले गर्ने। | कार्यालयले लागत अनुमान सहित कार्ययोजना स्वीकृत गरी प्रति प्रदर्शन अधिकतम रु. १.५ लाख खर्च गर्न सक्ने। |
| १.५ | बाली उपचार शिविर | • शिविर सञ्चालन हुने व्यहोराको सूचना स्थानीय तह मार्फत सम्बन्धित कृषकहरूमा प्रवाह गराउने साथै वेबसाइट मार्फत पनि सूचित गर्न सकिने,<br>• नमूना जाँच र समस्या पहिचान गर्ने,<br>• बाली उपचार शिविरमा आवश्यक/उपयुक्त विषादी | • शिविर कम्तीमा १ दिन सञ्चालन गर्नुपर्ने,<br>• शिविर सञ्चालन गरिने स्थानको छनोट कार्यालयले प्राविधिक सम्भाव्यता र आवश्यकताका आधारमा गर्ने,<br>• शिविर सञ्चालन कार्यालयले आफै गर्ने वा बाली संरक्षण प्रयोगशाला वा अन्य निकाय वा विज्ञको समन्वयमा | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• प्रचार प्रसार, चियापान, ब्यानर, स्टेशनरी |

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | उपलब्ध गराउन सकिने,<br>• कार्यक्रमको अभिलेखीकरण गरी सो को प्रतिवेदन निर्देशनालयमा पठाउने। | गर्न सक्ने,<br>• बाली उपचार शिविरमा १ पटकमा कम्तीमा २५ जना कृषकहरूलाई सहभागी गराउने। | व्यवस्थापन आदिको लागि प्रति शिविर अधिकतम रु. ५०००/- खर्च गर्न सकिने। |
| १.६ | आकस्मिक बाली संरक्षण सेवा/बाली संरक्षण सेवा कार्यक्रम | • कार्यालयले स्प्रेयर, जैविक तथा रासायनिक विषादी, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू खरिद गरी व्यवस्थापन गर्ने,<br>• कार्यक्रमको अभिलेखीकरण गरी सो को प्रतिवेदन निर्देशनालयमा पठाउने। | • कार्यालयले कुनै क्षेत्रमा आकस्मिक रूपमा बाली तथा बिरुवामा शत्रुजीवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.७ | विषादी सचेतना कार्यक्रम | • विषादीको सुरक्षित प्रयोग सम्बन्धी पम्प्लेट/पोष्टर प्रकाशन/वितरण,<br>• जनचेतनामूलक सामग्री उत्पादन तथा रेडियो/सामाजिक सञ्जाल मार्फत प्रसारण कार्यक्रम तथा सडक नाटक/स्थलगत सचेतना कार्यक्रम सञ्चालन, मुख्य बजार/चोकमा सन्देशमूलक/होर्डिङ बोर्ड स्थापना आदि,प्राङ्गारिक/जैविक विषादीको नमूना वितरण तथा उपयोग। | • कार्यालयले कार्यक्रमको कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने।<br>• विषादी प्रयोगको अवस्था सम्बन्धी आवश्यकता अनुसार अध्ययन गर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.८ | कृषक सचेतना कार्यक्रम (विषादी प्रयोग, उत्पादन प्रविधि, बजारीकरण) | • सचेतना सन्देशहरू मास मिडिया/ सोसल मिडिया (युटुब/ फेसबुक आदि) मार्फत प्रसारण, लिफलेट/पोष्टर प्रकाशन तथा वितरण। | बालीनाली उत्पादन प्रविधि, बजारीकरण, विषादी प्रयोग लगायतका समसामयिक विषयहरूमा उत्पादनकर्ता, बजारकर्ता र उपभोक्तालाई सचेतना फैलाउने गतिविधिहरू सञ्चालन गर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.९ | माटो परीक्षण शिविर (कीट-बक्सबाट गरिने समेत) | • छनोट भएका स्थानमा शिविर सञ्चालन हुने जानकारी सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने, माटोको नमूना संकलन विधि सम्बन्धी अभिमुखीकरण गर्ने, | • यस अघि माटो परीक्षण भएका स्थानहरूको विवरण संकलन गर्ने।<br>• माटो परीक्षण शिविर सञ्चालन गर्ने स्थान | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • आवश्यक पर्ने रसायन, उपकरणहरू र प्राविधिक सेवा उपलब्ध गराउने,<br>• माटो नमूना जाँचको रिपोर्ट सुझाव सहित कृषकलाई उपलब्ध गराउने,<br>• कार्यक्रमको अभिलेखीकरण गरी सो को प्रतिवेदन निर्देशनालयमा पठाउने। | सरोकारवालाको माग र प्राविधिक सम्भाव्यताका आधारमा छनोट गर्नुपर्ने,<br>• माटो परीक्षण शिविर कम्तीमा १ दिन सञ्चालन गर्नुपर्ने,<br>• प्रति शिविर कम्तीमा १०० वटा नमूना परीक्षण गर्नुपर्ने,<br>• शिविर बाहेक कार्यालयले आवश्यकता अनुसार किट-बक्सबाट नियमित माटो परीक्षण गर्न सक्ने। | • प्रचार प्रसार, चियापान, ब्यानर, स्टेशनरी व्यवस्थापन आदिको लागि प्रति शिविर अधिकतम रु. ५०००/- खर्च गर्न सकिने। |
| १.१० | माटो व्यवस्थापन कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्ने:<br>१. माटो परीक्षण<br>२. प्रचारप्रसार तथा अभिमुखीकरण,<br>३. प्राङ्गारिक मल उत्पादन, परीक्षण तथा प्रदर्शन,<br>४. माटो व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि<br>५. भकारो/गोठेमल/कम्पोष्ट मल सुधार,<br>६. बोकासी/भर्मि कम्पोष्ट उत्पादनमा सहयोग,<br>७. माटो उपचारका लागि कृषि चुन, जिप्सम र अन्य सामग्री वितरण,<br>८. हरियो मल उत्पादन तथा प्रयोगका लागि बीउमा सहयोग,<br>९. माटोमा सन्तुलित खाद्य तत्व व्यवस्थापन सम्बन्धी अन्य क्रियाकलापहरू,<br>कार्यक्रमको उपलब्धि/नतिजा विश्लेषण गरी निर्देशनालयमा प्रतिवेदन गर्ने। | कार्यालयले एउटा क्लष्टरमा कम्तीमा २५ घरधुरी समेटिने गरी कम्तीमा १०० घरधुरी समावेश हुनुपर्ने। कार्यालयले उपयुक्त स्थलको छनोट गरी कृषक/फर्म/समूह/सहकारी मार्फत देहाय बमोजिमका कार्यक्रमहरू सम्भाव्यताका आधारमा सञ्चालन गर्नुपर्ने।<br>१. हरियो मल (ढैंचा आदि) प्रयोग प्रदर्शनः कम्तीमा १ रोपनी जग्गामा प्रदर्शन गर्नुपर्ने।<br>२. भकारो /गोठे मल/कम्पोष्ट मल सुधारः मूत्र संकलन टंकी निर्माण, मलखादमा छानो व्यवस्थापन गरी गोठेमल/कम्पोष्ट मल उत्पादनका लागि कम्तीमा २ वटा खाडल हुनुपर्ने।<br>३. भर्मी कम्पोष्ट उत्पादनः प्राविधिकको ईस्टिमेट अनुसार भर्मी बेड वा भर्मी ब्यागमा मल उत्पादन गरेको हुनुपर्ने। उत्पादन लागत कम गर्न उपलब्ध भएसम्म स्थानीय श्रोत साधनको प्रयोग गर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• क्षमता अभिवृद्धिमा अधिकतम १० प्रतिशत खर्च गर्न सकिने।<br>• स्थलगत तालिममा प्रति तालिम अधिकतम रू. २५ हजार खर्च गर्न सकिने। |
| १.११ | सामाजिक परिचालनका लागि संघ संस्थासँगको सहकार्यमा कार्यक्रम | • कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,<br>• कार्यालयको संस्थागत विकासमा सहयोग, | • गत आर्थिक वर्षमा सामाजिक परिचालनका लागि संघ संस्थासँगको सहकार्यमा कार्यक्रम सञ्चालन कार्यक्रम अन्तर्गत कार्यालयसँग सम्झौता गरी सन्तोषजनकरूपमा | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
| --- | --- | --- | --- | --- |
| | सञ्चालन/निरन्तरता समेत | • कार्यालयमा सूचना केन्द्र वा हेल्प डेस्कमा जनशक्ति व्यवस्थापन गरी सहयोग गर्ने,<br>• आवश्यक मसलन्द, संचार र अन्य खर्च व्यवस्थापन गर्ने,<br>• समुदायमा सूचना प्रवाह र सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरूमा सहयोग गर्ने। | सामाजिक परिचालनको कार्य गरेको संघ संस्था हुनुपर्ने। | सञ्चालन गर्ने। |
| १.१२ | बाली/वस्तु विशेष कृषि संजाल गठन तथा परिचालन | • बालीवस्तु प्रवर्द्धन गर्न सञ्जाल गठन तथा गठित सञ्जाल सँग समन्वय गर्ने,<br>• आवश्यकता अनुसार अन्तरक्रिया/बैठक/तालिम तथा लजिस्टिक व्यवस्थापन। | • जिल्लास्तरीय कार्यालयले जिल्लामा र प्रदेशस्तरिय कार्यालयले प्रदेशमा बालीवस्तुगत सञ्जाल गठन गर्न सक्ने वा गठन भईसकेकोमा परिचालन गर्नुपर्ने,<br>• सम्बन्धित बालीवस्तु उत्पादन तथा बजारीकरणमा क्रियाशील कृषकहरू, व्यवसायी तथा सरोकारवाला प्रतिनिधिहरू समेटिने गरी सञ्जाल गठन गर्नुपर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.१३ | किसान कल सेन्टर स्थापना तथा सञ्चालन | • कल सेन्टरका लागि आवश्यक यन्त्र उपकरण सहितका सामग्री खरिद,<br>• कल सेन्टर कक्षाका लागि आवश्यक फर्निचर खरिद,<br>• कार्यालयको जनशक्ति अपुग भएमा दक्ष तथा सहयोगी जनशक्ति कार्यक्रमबाटै करारमा लिन सकिने। | • कार्यालयले आवश्यक पूर्वाधारको व्यवस्था मिलाई विषय विज्ञ मार्फत प्राविधिक समस्या सामाधान हुने गरी कार्यालयमा कल सेन्टर स्थापना गर्नुपर्ने,<br>• कल सेन्टर सञ्चालन सम्बन्धी अन्य मापदण्ड निर्देशनालयले तय गरे बमोजिम हुनेछ।<br>• दैनिक प्राविधिक सेवा दिने विषय र समय वेबसाइट तथा सामाजिक सञ्जालमा प्रकाशित गर्ने तथा प्रदेशको सञ्चार हेर्ने मन्त्रालयबाट समेत कल सेण्टरको प्रचार प्रसार गर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• किसान कल सेन्टरमा कार्यालयबाट खटिने प्राविधिकलाई कार्यक्रम सञ्चालन हुने प्रति दिन संयोजक भत्ता र खाजा खर्च समेतका लागि एकमुष्ट रु. ५००/-, कार्यालयको अनुरोधमा खटिई आउने विषय विज्ञलाई निजको प्रस्तुती, |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | | खाजा भत्ता तथा यातायात खर्च समेतका लागि प्रति दिन एकमुष्ट रु. २५००/- र भर्चुअल माध्यमबाट सेवा उपलब्ध गराउने विज्ञलाई प्रति कार्यक्रम एकमुष्ट रु. १५००/- का दरले भत्ता उपलब्ध गराउन सकिने। |
| १.१४ | ओ.जे.टि. परिचालन कार्यक्रम | आवश्यकता अनुसार कार्यालयले कार्यालय परिसर वा कार्यक्षेत्रमा रहेका विभिन्न समूह/सहकारी/निजी फर्ममा सेवा प्रदान गर्न परिचालन गर्न सक्ने। | • कृषि तथा पशु विज्ञान सम्बन्धी प्राविधिक शिक्षालय/विद्यालय/क्याम्पस/विश्वविद्यालयको पत्र सहित कार्यगत तालिमका लागि आएको विद्यार्थी हुनुपर्ने,<br>• भुक्तानीका लागि निजको हाजिरी तथा सुपरिवेक्षकको समन्वयमा तयार गरेको प्रतिवेदन पेश गर्नुपर्ने। | कार्यालयले कार्यालय बाहिर फिल्डमा खटाएको दिन प्रोत्साहन स्वरुप खाजाका लागि प्रति दिन बढीमा रु.३००/- र फिल्ड खटाए बापत आतेजाते भाडा उपलब्ध गराउन सकिने। |
| १.१५ | मेला/दिवस/महोत्सव/ प्रदर्शनी/ फेस्टीवल प्रवर्द्धन कार्यक्रम | • मेला/दिवस/महोत्सव/ प्रदर्शनी/फेस्टीवलको लागि सवारी साधन, इन्धन, सजावटका सामग्री, प्रचार प्रसार, छपाई, तुल ब्यानर, पोष्टर, प्रदर्शनको लागि सान्दर्भिक डमी निर्माण,<br>• खाजा खर्च, पुरस्कार र सम्मान, अन्तरक्रिया गोष्ठी प्राविधिक कार्यपत्र तयारी र प्रस्तुती जस्ता कार्यमा खर्च गर्न सकिने। | • मेला/दिवस/महोत्सव/ प्रदर्शनी/फेस्टीवल सरोकारवालाको समन्वयमा सञ्चालन गर्ने,<br>• कार्यक्रममा प्रचार प्रसारको लागि चेतनामूलक पोष्टर, पम्पलेट, ब्रोसर छपाई, स्टल सजावट र व्यवस्थापन गर्न सकिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• पुरस्कार रकम प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमश: अधिकतम रु. ४०००, ३०००, २००० र |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | म.पदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | | १००० उपलब्ध गराउन सकिनेछ। |
| १.१६ | एडाप्टिभ रिसर्च (Adaptive Research) कार्यक्रम | • अनुसन्धानमा आवश्यक पर्ने सामग्रीहरू (बीउ/बेर्ना, मलखाद, विषादी, मेजरिङ टेप, डोरी, पेन्सिल, कागज, प्लाष्टिक, ज्यामी खर्च, औजार/उपकरण लगायतका समाग्रीहरू),<br>• इन्धन तथा भ्रमण खर्च<br>• समन्वय बैठक/नतिजा गोष्ठी<br>• कृषक अवलोकन, प्रचार प्रसार<br>• तथ्याङ्क सङ्कलन, विश्लेषण, प्रतिवेदन तयारी, अभिलेखीकरण।<br>• कार्यालयबाट फोकल कर्मचारी वा चौथो तहका करार कर्मचारी परिचालन गर्ने। | • कार्यालयले सरोकारवालाहरूसँग समन्वय गरी बाली वस्तुसँग सम्बन्धित समस्याहरू संकलन गरी प्राथमिकीकरण गर्ने।<br>• प्राथमिकताका आधारमा अनुसन्धानका विषयहरू पहिचान गरी समस्या समाधानका लागि विकसित प्रविधिहरूको अनुसरण गर्न कृषकको खेतबारीमा परीक्षण/अनुसन्धान गर्ने,<br>• समस्या समाधानका लागि उपयुक्त प्रविधि उपलब्ध नभएमा सोको अनुसन्धानको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,<br>• अनुसन्धान गर्ने स्थान र कृषक छनोट गर्ने,<br>• उत्पादन लागत न्यूनीकरण गर्ने, उत्पादकत्व वृद्धि गर्ने गुणस्तर/मूल्य अभिवृद्धि गर्ने र स्थानीय प्रविधि, परम्परागत ज्ञान र सीपको अभिलेखीकरण गर्ने खालका अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने,<br>• कार्यक्रम सञ्चालन गर्न कार्यालयले विषयसँग सम्बन्धित फोकल व्यक्ति तोक्नुपर्ने र सो कार्यमा स्थानीय तहमा कार्यरत करार सेवाको एक जना कृषि प्राविधिकलाई स्थलगतरूपमा अनुसन्धान कार्यमा सहयोग पुर्‍याउन खटाउन सक्ने,<br>• सम्बन्धित फोकल व्यक्तिले कार्ययोजना सहितको अनुसन्धान प्रस्ताव तयार गरी कार्यालयबाट स्वीकृत गर्नुपर्ने,<br>• अनुसन्धानका लागि जग्गा भाडा बाहेकका अन्य खर्च कार्यालयले गर्ने र प्राप्त उब्जनी सम्बन्धित कृषकलाई | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• कुल लागतको अधिकतम १० प्रतिशत रकम इन्धन तथा भ्रमणमा खर्च गर्न सकिने। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | हस्तान्तरण गर्न सकिने,<br>• आवश्यक परेमा निर्देशनालयले थप विस्तृतीकरण गर्न सक्नेछ। | |
| १.१७ | कृषि उपजहरूको थोक र खुद्रा पाक्षिक मूल्य संकलन | • निर्देशनालयले तोकेको मापदण्ड र ढाँचामा बजारको मूल्य संकलन सम्बन्धी कार्य कार्यालयले सञ्चालन गर्ने। | • निर्देशनालयले तोकेको मापदण्ड र ढाँचा अनुसार संकलन गरी पाक्षिक रूपमा निर्देशनालयमा प्रतिवेदन गर्ने।<br>• पाक्षिक मूल्य वेबसाइटमा सार्वजनिक गर्नु पर्ने। | मूल्य संकलन गरेको खाजा खर्च बापत प्रति पटक बढीमा रु. ३०० सम्म खर्च गर्न सकिने। |
| १.१८ | बाली कटानी तथा तथ्याङ्क अद्यावधिक | • छनोट गरिएको नमूना क्षेत्रमा बाली कटानी गर्ने,<br>• बाली कटानी भएको नमूना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने र कार्यालयमा अभिलेख राखी सोको प्रतिलिपी निर्देशनालयमा पठाउने। | • सिजन अनुसार बालीहरू कटानी गरी उत्पादकत्व मापन गर्ने,<br>• सिंचित र असिंचित उत्पादन क्षेत्रहरूको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्न क्षेत्रहरू एकिन गर्ने,<br>• छनोट गरिएका क्षेत्र मध्ये (५ फिट×५ फिट) एउटा नमूना हुने गरी बाली कटानी गर्ने,<br>• प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन तथ्याङ्क लिने,<br>• एक बाली कटानीमा पाँच नमूना हुनुपर्ने,<br>• फलफूल बालीका हकमा निर्देशनालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुने। | • क्षतिपूर्ति र ज्याला खर्च बापत प्रति बाली कटानी रु. ५०० खर्च गर्न सकिने। |
| १.१९ | NVA लुम्बिनीको सहकार्यमा पशु स्वास्थ्य शिविर सञ्चालन | औषधी, खोप, उपकरण/सामग्री प्रचार, प्रसार, यातायात तथा व्यवस्थापन खर्च। | • सेवा पहुँच नपुगेको समुदायमा वा व्यावसायिक पशुपालन भएको क्षेत्रमा शिविर सञ्चालन हुने,<br>• आवश्यकताका आधारमा Veterinary Professional र Veterinary Para Professional सहितको टोली परिचालन गर्नुपर्ने,<br>• कार्यक्रम एक दिन सञ्चालन हुने,<br>• शिविरमा पशुपन्छी तथा मत्स्यको आवश्यक उपचार र | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | प्राविधिक सेवा सञ्चालन गर्नुपर्ने,<br>• प्रति शिविर न्यूनतम ३०० साना ठूला पशुपन्छीहरूको लागि सेवा उपलब्ध हुनुपर्ने। | |
| १.२० | पशु स्वास्थ्य शिविर | • औषधी उपचार, खोप, परिजिवी नियन्त्रण, गर्भ परीक्षण, प्रजनन् बिकृती उपचार आदि,<br>• प्रचार प्रसार,<br>• जनचेतना कार्यक्रम,<br>• अभिलेखीकरण र प्रतिवेदन। | • स्थानीय तहको समन्वयमा निश्चित क्षेत्र तोकी न्यूनतम ५० घरपरिवार लाभान्वित हुने गरी १ दिने शिविर सञ्चालन गर्नु पर्नेछ,<br>• विशेषज्ञ तथा प्राविधिक टोली परिचालन गरी शिविर सञ्चालन गर्नुपर्नेछ,<br>• प्रति शिविर न्यूनतम २०० साना ठूला पशुपन्छीहरूलाई उपचार तथा प्राविधिक सेवा उपलब्ध गराउनुपर्ने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२१ | मत्स्य शिविर सेवा सञ्चालन | • शिविर सञ्चालन सम्बन्धी प्रचार प्रसार,<br>• आवश्यक रसायन, उपकरणहरू र प्राविधिक सेवा उपलब्ध गराउने,<br>• शिविर सञ्चालनमा पानी गुणस्तर, माटोको गुणस्तर, माछाको स्वास्थ्य अवस्था आदि स्थलमा पुगी उपचार तथा प्राविधिक सेवा दिने,<br>• शिविर सञ्चालनको अन्तमा सुझाव सहित रिपोर्ट बारे कृषकसँग अन्तरक्रिया गर्ने,<br>• अभिलेखीकरण तथा प्रतिवेदन। | निम्न मापदण्ड बमोजिम स्थानहरू पहिचान गरी शिविर सञ्चालन गर्ने:<br>• शिविर कम्तीमा २ दिन सञ्चालन गर्नुपर्ने,<br>• शिविर सञ्चालन गर्ने स्थान सरोकारवालाको माग र प्राविधिक सम्भाव्यताका आधारमा छनोट हुने,<br>• कम्तीमा १ हप्ता अगावै कृषकहरूलाई जानकारी गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा ४० पोखरीमा सेवा प्रवाह गर्नुपर्ने,<br>• आवश्यक परेमा बाह्य विषय विज्ञ समेत प्रयोग गर्न सकिने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२२ | डोर टु डोर/पशु बाँझोपन निवारण सेवा | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च खाजा खर्च,<br>• इन्धन, औषधी, हर्मोन, मिनरल, भिटामिन, सिथ, ग्लोब, एप्रोन, सिरिन्ज, निडिल, लगायत, अन्य आवश्यक सामग्री उपकरण एवं लजिस्टीक नतिजामापन रिपोर्टिङ जस्ता क्रियाकलापमा गर्ने।<br>• पशु प्रजनन विज्ञ सेवा। | • कार्यालयले एक पटकमा कम्तीमा ५० वटा समस्यायुक्त गाई भैंसीहरू देखिएको क्षेत्र पहिचान गरी कम्तीमा २ दिन स्थलगत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• निम्नानुसारको जनशक्ति भएको टोली आवश्यकताका आधारमा परिचालन गर्न सकिनेछ:-<br>• विषय विज्ञ १ जना, | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• बाह्य विज्ञलाई विशिष्ट श्रेणी सरहको दैनिक |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • पशु चिकित्सक/पशु विकास अधिकृत १ जना,<br>• सहायकस्तरको प्राविधिक कर्मचारी १ जना,<br>• स्थानीय तहमा कार्यरत प्राविधिक बढीमा २ जना,<br>• कार्यालय सहयोगी बढीमा २ जना<br>• कार्यक्रम सञ्चालन पश्चात ३ महिना पछि फलोअप गरी प्रतिवेदन तयार गर्नुपर्ने। | भ्रमण खर्च दिन सकिने।<br>• स्थानीय तहको प्राविधिकलाई नियमानुसार दैनिक भ्रमण खर्च दिन सकिने। |
| १.२३ | पशुपन्छी तथा मत्स्य स्वास्थ्य आकस्मिक/आपतकालीन सेवा/आकस्मिक पशु उपचार सेवा | • आवश्यक औषधी, उपकरण खरिद तथा वितरण,<br>• पशुपन्छी तथा मत्स्यहरूको उपचार सेवा,<br>• सचेतना कार्यक्रम सञ्चालन। | कम्तीमा ५ पशु वा मत्स्य पोखरीमा एक्कासी एकै किसिमको संक्रमणबाट विरामी वा मृत्यु भई प्रकोप फैलिएको वा फैलन सक्ने सम्भावना कुनै निकायबाट जानकारी प्राप्त भएमा आकस्मिक रूपमा पशुपन्छी तथा मत्स्यहरूको उपचार सेवा कार्यालयले सञ्चालन गर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२४ | भ्याक्सिन बैंक व्यवस्थापन तथा सञ्चालन | • भ्याक्सिन बैंक सञ्चालन, मर्मत, जेल प्याक; कुल बक्स,<br>• जेनेरेटरको इन्धन, विद्युत महशुल,<br>• भ्याक्सिनहरू वितरण र अभिलेख राख्ने कार्य। | कार्यालयले नेपाल सरकार तथा अन्य कार्यालयबाट प्राप्त हुने वा खरिद गरेका पशुपन्छीका विभिन्न भ्याक्सिनहरू भण्डारण, व्यवस्थापन तथा सञ्चालन। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२५ | भ्याक्सिनेटर परिचालन | • सूचीकृत भ्याक्सिनेटर मध्येबाट नियुक्ति गर्ने,<br>• भ्याक्सिनेटरको दुर्घटना बीमा (परिचालन अवधिको मात्र),<br>• सफ्टवेयर सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम,<br>• अनुसूची १७, १८, १९, २० अनुसार अभिलेखीकरण र प्रतिवेदन। | • भ्याक्सिनेटरहरूको सूची तयार गर्ने,<br>• कम्तीमा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम लिएको भेक्सिनेटर परिचालन गर्न सकिने,<br>• भ्याक्सिनेटरले खोप लगाएको संख्या पुष्टि हुनुपर्ने। | • भ्याक्सिनेटरलाई पशुमा खोप लगाएको सेवा शुल्क वापत;<br>• पहाडमा ठूलो पशु (गाई, भैंसी, घोडा जाति) का लागि रु. २० र सानो पशु (भेडा, बाख्रा, बंगुर) का लागि प्रति गोटा रु. १०,<br>• तराईमा ठूलो पशु |

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | | (गाई, भैंसी, घोडा जाति) का लागि रु. १५ र सानो पशु (भेडा, बाखा, बंगुर) का लागि प्रति गोटा रु. १०,<br>• खोपको विवरण सफ्टवेयर मार्फत अद्यावधिक गरे बापत सेवा शुल्क रु. १० प्रति गोटा उपलब्ध गराउन सकिनेछ। |
| १.२६ | थुनेलो रोग नियन्त्रण अभियान | • क्षमता अभिवृद्धि तालिम,<br>• जनचेतनाका कियाकलापहरू, CMT किट तथा Teat dipping किट सामग्री खरिद तथा वितरण,<br>• अभिलेखीकरण तथा रिपोटिङ्ग। | • कार्यालयबाट दुध सहकारी/समूह/उद्यमीहरू/ सञ्जालहरूसँग समन्वय गरी स्थान र समय निर्धारण गरी सञ्चालन गर्नु पर्ने,<br>• गाई/भैंसीको व्यावसायिक पालन भएको क्षेत्रमा प्राथमिकता दिई अभियान सञ्चालन गर्नु पर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२७ | खोरेत/संक्रामक रोग सर्भिलेन्स | • रोगको प्रकृति अनुसारको नमूना लिने,<br>• सम्बन्धित प्रयोगशालामा नमूना परीक्षणको लागि पठाउने।<br>• अभिलेखीकरण र प्रतिवेदन। | • पशुमा खोप लगाएको २१ दिन पछि कम्तीमा ०.५ प्रतिशत पशुहरूमा संक्रामक रोग सर्भिलेन्स गर्नुपर्ने,<br>• प्रत्येक जिल्लामा जोखिमको आधारमा ४ वटा सर्भिलेन्स क्षेत्र तोकी सञ्चालन गर्ने, | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.२८ | खोरेत रोग उन्मूलन/नियन्त्रण सहयोगी कार्यक्रम | • प्रचारप्रसार, जनचेतनामूलक कार्यक्रम सञ्चालन।<br>• खोरेत रोग नियन्त्रण आकस्मिक सेवा सञ्चालन।<br>• जोखिम व्यवस्थापन तथा निसङ्क्रमण।<br>• कार्यालयले तथ्याङ्क अभिलेखीकरण गरी सोको प्रतिलिपि निर्देशनालयमा पठाउने।<br>• अनुसूची २१, २२ र २३ बमोजिम गर्ने। | खोरेत रोग नियन्त्रण तथा उन्मूलन अभियान शुभारम्भ भई कार्यक्रम लागू भएको स्थानीय तह वा क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १.२९ | Spaying/neutering (सामुदायिक कुकुरहरूमा बन्ध्याकरण) कार्यक्रम | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च, इन्धन, औषधी तथा लोजिष्टिक, बाह्य विज्ञ आदीको लागत अनुमान स्वीकृत गरी गर्ने।<br>• अभिलेखीकरण र प्रतिवेदन। | • सम्बन्धित स्थानीय तह/पशु कल्याणमा संलग्न संस्था, सरोकारवालाहरूसँग समन्वय गरी सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• विज्ञ पशु चिकित्सक (बाह्य) सेवा लिन सकिने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• बाह्य विज्ञ पशु चिकित्सकलाई विशिष्ट श्रेणी सरह दैनिक भ्रमण भत्ता पारिश्रमिक दिन सकिनेछ। |
| १.३० | ईपिडेमियोलोजिकल रिपोर्टिङ | • फोटोकपि पेपर, टोनर, इन्धन, अन्य स्टेशनरी सामग्रीहरू र आवश्यक सामग्रीहरू।<br>• अभिलेखीकरण र प्रतिवेदन। | • मासिक रूपमा सम्बन्धित निर्देशनालय वा केन्द्रीय निकायमा ईपिडेमियोलोजिकल रिपोर्टिङ गर्नु पर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.३१ | गौशालामा प्राथमिक उपचार किट वितरण | प्राथमिक उपचारका लागि आवश्यक औषधी तथा उपकरण सहितको किट, आन्तरिक र बाह्य परजीवि नियन्त्रक, एन्टिसेप्टिक, डिसइन्फेक्टेन्ट लगाएतका वस्तुगत सहयोग उपलब्ध गराउने। | स्थानीयस्तरमा सामुदायिक पशुहरूको उद्दार तथा संरक्षण गर्ने उद्देश्यले सञ्चालन भएका कम्तीमा ५० गाई/गोरू पालेको गौशालामा प्राथमिक उपचार कीट र अत्यावश्यक औषधी उपलब्ध गराउन सकिने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.३२ | सेवानिवृत्त जनशक्ति परिचालन | • सेवानिवृत्त विज्ञहरूको सूची (रोष्टर) तयार गर्ने (सूची वर्षभरि नै अद्यावधिक गर्न सकिने र यस अघि सूचीकृत भैसकेको हकमा सूचीकृत हुनु नपर्ने),<br>• अन्तरकृया र अभिमुखीकरण गर्ने,<br>• कार्य क्षेत्रगत शर्त (ToR) निर्माण गर्ने,<br>• परिचालन। | • निजामती कृषि सेवा/नेपाल कृषि अनुसन्धान परिषद/सरकारी कृषि/पशुपन्छी अध्यापन गर्ने संस्था, कृषि/पशुपन्छी बोर्ड/कम्पनी/कृषि बैंकबाट कम्तीमा अधिकृतस्तरको सेवानिवृत प्राविधिक कर्मचारीहरूको सूची (रोष्टर) मा सूचीकृत व्यक्ति परिचालन गर्नुपर्ने,<br>• आवश्यकताको आधारमा दिनुपर्ने विज्ञ सेवा र अवधि सहित तोकी परिचालन गर्नुपर्ने,<br>• सम्बन्धित निर्देशनालय र कार्यालयको समन्वयमा कृषि प्रसार र प्राविधिक सेवा सञ्चालन गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• परिचालन गरिने सेवा निवृत्त व्यक्ति जुन पदबाट निवृत भएको सोही पद अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता। |
| १.३३ | पशु कल्याणका लागि | • एम्बुलेन्स प्रयोजनका लागि कार्यालयले उपयुक्त साधन | • गौशाला वा पशु कल्याणसँग सम्बन्धित संघ संस्था | |

| क्र.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | एम्बुलेन्स व्यवस्थापन | प्रचलित नियम अनुसार खरिद गरी हस्तान्तरण गर्ने। | हुनुपर्ने,<br>• सवारी साधन पशु कल्याणका लागि परिचालन गर्नुपर्ने।<br>• कार्यालयले एम्बुलेन्सको स्पेसिफिकेसन तयार गरी सम्बन्धित निर्देशनालयबाट स्वीकृती लिनु पर्नेछ। | |
| १.३४ | पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम | • नियमित अनुगमन गरी सो को प्रतिवेदन त्रैमासिक रूपमा निर्देशनालयमा पठाउने। | • पशु औषधी पसल अनुगमन निरीक्षण अनुसूची २४ र २५ अनुसार।<br>• पशुपन्छी फार्म अनुगमन निरीक्षण अनुसूची २६, २७ २८ र २९ अनुसार।<br>• मासु/डेरी पसल अनुगमन निरीक्षण अनुसूची ३० र ३१ अनुसार।<br>• कार्यालयले विवरणको अभिलेख राखी सोको प्रतिलिपि निर्देशनालय रिपोटिङ गर्नुपर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.३५ | मुख्यमन्त्री उत्कृष्ट कृषक/उद्यमी/सहकारी पुरस्कार कार्यक्रम | • छनोटको मापदण्ड तयारी,<br>• सूचना प्रकाशन,<br>• मूल्याङ्कन,<br>• पुरस्कार तथा प्रमाण-पत्र वितरण,<br>• कार्यक्रम व्यवस्थापन। | • कम्तीमा एक महिनाको म्याद दिई सूचना प्रकाशन गर्नुपर्ने।<br>• मापदण्ड र छनोट विधि मन्त्रालयले तय गरे बमोजिम हुने।<br>• बाली/वस्तु उत्पादन, बजारीकरण तथा कृषि प्रविधि प्रसारमा टेवा पुऱ्याउने कृषकहरू (कृषि तर्फ १ र पशुपन्छी तथा मत्स्य तर्फ १) लाई पुरस्कृत गर्ने।<br>• पुरस्कृतले एक वर्षसम्म स्रोत केन्द्र वा स्रोत व्यक्तिको रूपमा काम गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• प्रदेश उत्कृष्ट १ लाख, जिल्ला उत्कृष्ट पुरस्कार रकम रु. २५ हजार |
| १.३६ | किसान सूचीकरण तथा तथ्याङ्क अद्यावधिक | • किसान सूचीकरण वेब साइट तथा मोबाइल एप मार्फत सफ्टवेयर प्रणालीमा कृषकहरूको विवरण प्रविष्ट गरी अद्यावधिक गर्न स्थानीय तहलाई सहयोग गर्ने,<br>• स्थानीय तहका प्राविधिक तथा गणकहरूको क्षमता अभिवृद्धि तथा समन्वय गर्ने। | • नेपाल सरकारको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा किसान सूचीकरण गर्न सहजीकरणका कार्यक्रम सञ्चालन गरिनेछ,<br>• सोही कार्यविधि बमोजिम सम्बन्धित कार्यालयले लागत | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

| क्र.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • तथ्याङ्क सङ्कलन सामग्रीहरू। | अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। | |
| १.३७ | तथ्याङ्क व्यवस्थापन सहयोगी कार्यक्रम | • तथ्याङ्क व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू । | • सरोकारवाला निकायहरूलाई सहभागी गराई तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम तथा गोष्ठीहरू सञ्चालन गर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १.३८ | कृषक सम्मान कार्यक्रम | • तोकिएको मापदण्ड र विधि बमोजिम उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत गर्ने,<br>• पुरस्कार, प्रमाण पत्र लगायतका सामग्री खरिद,<br>• समारोह व्यवस्थापन। | • सम्बन्धित निर्देशनालयले कृषक छनोट गर्ने मापदण्ड र विधि निर्धारण गरे बमोजिम हुनेछ,<br>• जिल्लामा एकजना कृषकलाई सर्वोत्कृष्ट कृषक पुरस्कार दिनुपर्ने र प्राथमिकतानुसार अन्य तीन विधाहरूमा एक-एकजना उत्कृष्ट कृषक पुरस्कार दिन सकिनेछ। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• जिल्ला सर्वोत्कृष्ट कृषक पुरस्कार रु. १००००/- , उत्कृष्ट कृषक पुरस्कार रु. ५०००/- प्रदान गर्ने। |
| १.३९ | सहकारी मार्फत कृषि प्रसार कार्यक्रम | • कृषि प्रसार (प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि) क्रियाकलापहरू: तालिम, भ्रमण, सचेतना गोष्ठी, प्रदर्शन, माटो व्यवस्थापन, बाली संरक्षण, बीउ उपचार सेवा आदि ।<br>• पूँजीगत निर्माण, खरीद तथा अन्य कृषि विकास क्रियाकलापहरू: साना सिंचाई विकास कार्यक्रम, गोदाम घर निर्माण, बीउ प्रशोधन मेशिन खरिद, खलो निर्माण, प्रशोधन उद्योग स्थापना, कस्टम हायरिङ सेन्टर स्थापना तथा अन्य आवश्यक पूंजिगत क्रियाकलाप।<br>• उत्पादन तथा बजारीकरण क्रियाकलापहरू: उत्पादन सामग्रीहरू, बजारीकरणको लागि ग्रेडिङ/प्याकेजिङ सामाग्रीहरू लगायत अन्य सामाग्रीहरू।<br>• व्यवस्थापकिय क्रियाकलापहरू: बैठकहरूमा खाजाको व्यवस्था, आवश्यक स्टेशनरी, होर्डिङ बोर्ड, फर्निचर | • मापदण्ड **अनुसूची ४५** मा तोकीए बमोजिम हुनेछ। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>• कृषि प्रसार (प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि) क्रियाकलापहरू: शत प्रतिशत कार्यालयको सहयोग रहने।<br>• पूजिगत निर्माण, खरिद तथा अन्य कृषि विकास क्रियाकलापहरू: सामुहिक प्रयोजनको |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | फिक्चर्स तथा अन्य सामाग्रीहरू।<br>• क्रियाकलापहरूको विस्तृतीकरण अनुसूची ४५ मा तोकिए बमोजिम हुनेछ। | | हकमा अधिकतम ८५ प्रतिशत वा व्यक्तिगत प्रयोजनको हकमा अधिकतम ५० प्रतिशत अनुदान।<br>• उत्पादन तथा बजारीकरण क्रियाकलापहरू: अधिकतम ५० प्रतिशत अनुदान।<br>• व्यवस्थापकिय क्रियाकलापहरू: अधिकतम रु. १ लाख खर्च गर्न सकिने। |

ख) बीउ/नश्ल सुधार कार्यक्रमः

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| २.१ | तरकारी/फलफूल/पुष्प/ नर्सरी/स्रोत केन्द्र निर्माण तथा सुदृढीकरण कार्यक्रम | • नर्सरी तथा स्रोत केन्द्र व्यवस्थापनका लागि माउ बोट, रूटस्टक, सायन, बीउ तथा बेर्ना, सूचीकृत प्राङ्गारिक मल, पिटमस, कोकोपिट, बिषादी, पोलिपट, नर्सरी ट्रे आदि खरिद,<br>• सिंचाई व्यवस्थापन,<br>• नर्सरी सेड/नेट, स्किन हाउस निर्माण,<br>• औजार/उपकरण (स्प्रेयर, प्रुनर, बडिङ/ग्राफ्टिङ चक्कु) आदि खरिद।<br>• हाल सञ्चालित स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूले | • सम्बन्धित बाली/वस्तुको स्रोत केन्द्रको स्थापना गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएका फर्म/कम्पनी/ कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• नयाँ स्थापना हुने स्रोत केन्द्रको हकमा देहायका बमोजिम मापदण्ड पुरा गर्ने गरी प्रस्ताव पेश गर्नुपर्ने,<br>• चालु रहेका स्रोत केन्द्रका हकमा तालिकामा तोकिएका बाली र न्यूनतम थप हुने क्षेत्रफल सहित प्रस्ताव पेश गर्नुपर्ने। | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत, बीउबिजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | उत्पादन गरिरहेको विवरण तयारी। | बाली / तराइ / पहाड:<br>सुन्तलाजात फलफूल (हे.) नर्सरी — ०.३ — ०.३<br>बर्षे फलफूल (हे.) नर्सरी — ०.३ — ०.३<br>हिउँदे फलफूल (हे.) नर्सरी — - — ०.३<br>आलु बीउ स्रोत केन्द्र (हे.) — १ — १<br>तरकारी/पुष्प नर्सरी (हे.) — ०.०५ — ०.०५<br>• स्रोत केन्द्र स्थापना र सञ्चालनको कार्ययोजना पेश गर्नुपर्ने,<br>• यस मापदण्ड बमोजिम आवश्यक पर्ने जग्गा सम्बन्धित प्रस्तावकको नाममा भएको हुनुपर्ने वा भाडामा लिएको हकमा प्रचलित कानून बमोजिम कम्तीमा १० बर्षको करार सम्झौता हुनुपर्ने। | अधिकतम ७५ प्रतिशत। |
| २.२ | बीउ आत्मनिर्भर/बीज बृद्धि कार्यक्रम | • उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, विषादी, सुक्ष्म तत्व खरिद,<br>• प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद। | • बीज बृद्धि कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेः<br>बीज बृद्धि / तराई (कठ्ठा) / पहाड (रोपनी):<br>तरकारी बीउ — ७.५ — ५<br>लसुन तथा प्याज बीउ — १० — ५<br>खाद्यान्न बाली बीउ — १५० — ६०<br>दलहन/ तेलहन बीउ — ६० — २०<br>आलु बीउ पि.बि.एस. — १००० दाना — १००० दाना<br>आलु बीउ (अन्य स्तर) — ३० — २०<br>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने<br>• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने। | बीज बृद्धि कार्यक्रमको हकमा प्रोत्साहन स्वरूप देहाय बमोजिम रकम उपलब्ध गराइनेछ।<br>• आलु (पि बि एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रू. २५००/-<br>• तरकारी, लसुन, प्याज तथा अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु. ५०००/-<br>• खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | • बीउ बिजन कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | रोपनी रु.१५००/- अनुदान दिइने। |
| २.३ | खाद्यान्न बीउ प्रशोधन/ सामुदायिक बीउ बैंक/ बीउ भण्डारणका लागि पूर्वाधार निर्माण सहयोग | • बीउ भण्डार गृह निर्माण सहित आवश्यकता अनुसार थ्रेसिङ्ग फ्लोर निर्माण, बीउ प्रशोधनका लागि आवश्यक यन्त्र उपकरण खरिद। | • बीउ उत्पादन, प्रशोधन तथा भण्डारण गर्ने उद्देश्य भएको फर्म/कम्पनी/ कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• लागत अनुमान तयार गर्नुपर्ने,<br>• वार्षिक न्यूनतम २० मे टन खाद्यान्न बालीको बीउ प्रशोधन/भण्डारण गर्ने क्षमताको बीउ प्रशोधन/भण्डारण निर्माण गर्ने प्रतिबद्धता गर्नुपर्ने,<br>• कम्तीमा १ वर्ष बीज बृद्धि कार्यमा संलग्न भएको हुनुपर्ने,<br>• पूर्वाधार निर्माणका लागि कम्तीमा १ रोपनी जग्गा हुनुपर्ने,<br>• बीउ उत्पादक वा बिक्रेताको इजाजत पत्र भएको हुनुपर्ने।<br>• बीउ उत्पादक कृषकहरूलाई बीउ उत्पादन अभिमुखीकरण गर्नुपर्ने। | फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| २.४ | स्वदेशी वर्णशंकर बीउ उत्पादन गर्ने संघ/संस्था/कम्पनीलाई जग्गा भाडामा सहयोग | • जग्गाको भाडामा अनुदान सहयोग।<br>• बीउ उत्पादकहरूलाई वर्णशंकर बीउ उत्पादन सम्बन्धी अभिमुखीकरण सञ्चालन। | • वर्णशंकर बीउ उत्पादनका लागि इजाजत पत्र प्राप्त गरेको संघ/संस्था/कम्पनी सहभागी हुन सक्ने,<br>• जग्गा भाडामा लिएको करार सम्झौता गरेको हुनुपर्ने।<br><u>न्यूनतम क्षेत्रफल:</u><br>• खाद्यान्न बाली: तराईमा १ हे., पहाडमा ०.२५ हे.<br>• तरकारी बाली: ०.१ हे। | जग्गाभाडा सम्झौता रकमको ५० प्रतिशत वा प्रति हेक्टर वार्षिक अधिकतम रु. ४० हजार अनुदान। |
| २.५ | पि. बि. एस/टि.पि. एस. | • बीउ खरिद तथा वितरण,<br>• हालको TPS/PBS उत्पादनको अवस्था प्रतिवेदन तथा | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने, सिंचाईको सुविधा भएको हुनु पर्ने, | कुल लागतको ७५ प्रतिशत अनुदान। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | बीउ आलु वितरण | विस्तार। | • बीउ उत्पादन कार्यमा संलग्न भएको हुनुपर्ने,<br>• उत्पादित आलु बीउ प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने। सूचना आह्वान अनिवार्य नरहेको। | |
| २.६ | बीउ आलुको ढुवानी, बोरा तथा शीत भण्डार शुल्कमा सहयोग कार्यक्रम | • शीत भण्डारण शुल्क सहयोग,<br>• बीउ ढुवानी,<br>• बोरा खरिद/छपाई। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/ सहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने,<br>• आ.व. उल्लेख गरी बोरा छपाई गर्नुपर्ने।<br>• सूचना आह्वान अनिवार्य नरहेको। | शीत भण्डारण शुल्कमा अधिकतम ७५ प्रतिशत र अन्यको हकमा अधिकतम ५० प्रतिशत अनुदान। |
| २.७ | समुदायको व्यवस्थापनमा सञ्चालित बाख्रा (खरी) श्रोत केन्द्र स्थापना | • शुद्ध जातको प्रजनन योग्य खरि बोका खरिद,<br>• उन्नत जातको घाँस खेती, डाले घाँसको नर्सरी स्थापना,<br>• खोर निर्माण/सुधार,<br>• प्रजनन, आहारा, स्वास्थ्य सम्बन्धी क्रियाकलाप सञ्चालन,<br>• मेशिनरी औंजार खरिद,<br>• क्षमता अभिवृद्धि कार्यक्रम,<br>• आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण।<br>• अनुसूची-१४ अनुसार गर्ने। | • श्रोत केन्द्रमा कम्तीमा १०० माउ बाख्रा पालन गरेको हुनुपर्ने,<br>• कम्तीमा २५ खरी बाख्रा पालक कृषक समावेश गरी (प्रति घरधुरी कम्तीमा ३ वटा प्रजनन योग्य बाख्रा पालन गरेको हुनुपर्ने),<br>• बाख्रापालनको लागि चरन, पानीको स्रोत, डाले तथा भुईंघासको उत्पादनको लागि जग्गा उपलब्ध भएको हुनुपर्ने,<br>• बाटो तथा बजारीकरणको पहुँच भएको हुनुपर्ने,<br>• बाख्राको जातिय बंशको अभिलेख व्यवस्थापन गरेको हुनुपर्ने वा गर्नुपर्ने। | • कुल लागतको अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना अधिकतम रू. २५ लाख अनुदान। |
| २.८ | बाख्रा/भेडाको ब्रिडर हर्ड स्थापना/ निरन्तरता कार्यक्रम | • कार्यालयले प्राविधिक सम्भाव्यताको आधारमा स्थान र कृषकको छनोट गरी निम्नानुसारका कार्य गर्ने:<br>(क) समूह गठन/परिचालन<br>(ख) खोर निर्माण/सुधार<br>(ग) मेशिनरी औजार<br>(घ) घाँस उत्पादन<br>(ङ) नस्ल सुधार (बोका/थुमा खरिद)<br>(च) अनुसूची २ अनुसार Selection and Culling हुने।<br>(छ) औषधी तथा खोप | • समुदायबाट सञ्चालित ब्रिडर हर्डको हकमा कम्तीमा ३०० माउ बाख्रा/भेडा हुनु पर्नेछ र प्रत्येक हर्डमा बढीमा ५ समूह एकै क्लष्टर हुने गरी बनाउनु पर्नेछ।<br>• निजी ब्रिडर फर्मको हकमा भने कम्तीमा १०० प्रजनन् योग्य माउ बाख्रा हुनु पर्नेछ।<br>• ३० माउ बाख्रा बराबर एक प्रजनन् योग्य बोकाको व्यवस्थापन गर्नु पर्नेछ।<br>• प्रति बाख्रा १-१.५ वर्ग मिटरको क्षेत्रफलको हिसाबले स्वीकृत प्राविधिक मापदण्ड र नक्सा तयार गरी खोर | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>प्रति आयोजना कुल लागतको<br>• भौतिक निर्माण तथा मेशिनरी औजार उपकरण सामग्रीमा अधिकतम ४० प्रतिशत,<br>• घाँस उत्पादन न्यूनतम |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | (ज) बीमा<br>(झ) बजार<br>(ञ) क्षमता अभिवृद्धि/समुदायको संस्थागत विकास गर्ने।<br>• ब्रिडिङ प्लान तयार गरी हाड नाता नियन्त्रण लगायत ब्रिडिङ प्लानले निर्दिष्ट गरेका अन्य आवश्यक सामग्रीहरू अनुसूची ३ अनुसार खरिद गरिने।<br>• बोका वितरणका लागि अनुसूची ४ ढाँचामा सम्झौता गरी हस्तान्तरण गर्ने।<br>•जैविक सुरक्षा व्यवस्थित हुनुपर्ने,<br>•अनुसूची-५ अनुसार अभिलेख अभिलेखीकरण र प्रतिवेदन। | निर्माण तथा सुधार गर्नुपर्ने।<br>• जातिय एवं वंश सुधार गर्न नस्ल सुधारको लागि उत्पादित बीउको पाठा/पाठीको पुर्ख्यौली विवरण राखेको हुनु पर्ने।<br>• कार्यालयले नयाँ सहजकर्ता नियुक्त गर्नु परेमा हर्ड सञ्चालनको लागि कृषि/पशुपन्छी प्राविधिक छनोट सम्बन्धी कार्यविधि, २०७८ बमोजिम गर्न सक्नेछ।<br>• नस्ल सुधारका लागि भित्र्याईने शुद्ध नस्लको प्रजनन् योग्य बाख्रा र बोकाको अनुसूची-१ बमोजिमको विवरण हुनुपर्ने।<br>• हर्डमा पशुप्रजनन् मापदण्ड अनुसारको प्रजनन, स्वास्थ्य, पोषण, उत्पादन तथा बिक्री वितरण अभिलेख राख्नु पर्ने।<br>• पोषण सुधारको लागि विभिन्न प्रजातिका बहु वर्षे कोशे, अकोशे घाँसको स्रोत केन्द्र तथा डाले घाँसको नर्सरी स्थापना/व्यवस्थापन गर्नु पर्ने।<br>•पशु बीमा गरेको हुनुपर्ने।<br>•कम्तीमा ७ वर्षसम्म सञ्चालन गर्न प्रतिवद्धता हुनुपर्ने।<br>•गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका हर्डहरुमा कार्यक्रम निरन्तरता दिने। | १५ प्रतिशत,<br>• स्वास्थ्य व्यवस्थापन, बजार व्यवस्थापन र सामाजिक परिचालन क्षमता अभिवृद्धि अधिकतम ५ प्रतिशत र<br>• नस्ल सुधार अधिकतम ४० प्रतिशत खर्च गर्ने। तर पहिले नै माथिका सम्भाग मध्ये कुनै सम्भाग व्यवस्थापन भएको खण्डमा निधित प्रतिशत अन्य सम्भागमा खर्च गर्न सकिने। |
| २.९ | बाख्रा/भेडाको मल्टिप्लायर हर्ड स्थापना, सुदृढीकरण तथा स्तरोन्नती निरन्तरता कार्यक्रम | स्थान र कृषक प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले छनोट गरी निम्नानुसारका कार्य गर्ने:<br>(क) खोर सुधार,<br>(ख) मेसिनरी औजार,<br>(ग) घाँस उत्पादन,<br>(घ) नस्ल सुधार (बोका/थुमा खरिद), | • समूहबाट सञ्चालित हर्डको हकमा कम्तीमा २० जना कृषकहरूले ५०० वटा वा १०० घरधुरीमा कम्तीमा ५०० वटा बाख्रा अनुसूची-६ को मापदण्ड अनुसार पालन गरेको हुनुपर्नेछ।<br>• ३० माउ बाख्रा बराबर एक बोकाको व्यवस्थापन हुनुपर्ने।<br>• प्रत्येक घरमा सुधारिएको खोर बनाई प्रति बाख्रा १- | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>कुल लागतको प्रति आयोजना<br>• भौतिक निर्माण तथा मेसिनरी सामग्रीमा अधिकतम ४० प्रतिशत, |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | (ङ) औषधी तथा खोप,<br>(च) बजार,<br>(छ) क्षमता अभिवृद्धि।<br>• कार्यालयमा अनुसूची १, २, ३, ५, ६ अनुसारको अभिलेख हुनुपर्ने,<br>• पोषण सुधारको लागि बहु वर्षे/कोशे/ अकोशे घाँसको स्रोत केन्द्र तथा डाले घाँसको नर्सरी स्थापना/व्यवस्थापन गर्नु पर्ने। | १.५ वर्ग मिटरको हिसावले खोर निर्माण तथा सुधार गर्नुपर्ने।<br>• नस्ल सुधारका लागि भित्र्याइने वर्णशंकर नस्लको भाले पशुको ३ पुस्ताको पुर्ख्यौली विवरण हुनु पर्ने।<br>• हर्डमा पशु प्रजनन् मापदण्ड अनुसारको प्रजनन, स्वास्थ्य, पोषण, उत्पादन तथा बिक्री वितरण अभिलेख राख्नु पर्ने।<br>•पशु बीमा गरेको हुनुपर्ने।<br>•गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका हर्डहरुमा कार्यक्रम निरन्तरता दिने। | • आहारा व्यवस्थापनमा न्यूनतम १० प्रतिशत,<br>• स्वास्थ्य व्यवस्थापन र बजार व्यवस्थापनमा अधिकतम ५ प्रतिशत,<br>• नस्ल सुधारमा अधिकतम ४० प्रतिशत र<br>• सामाजिक परिचालन, क्षमता अभिवृद्धि र अभिलेख व्यवस्थापनमा अधिकतम ५ प्रतिशत खर्च गर्नुपर्ने।<br>तर पहिले नै माथिका सम्भाग मध्ये कुनै सम्भाग व्यवस्थापन भएको खण्डमा निश्चित प्रतिशत अन्य खर्च गर्न सकिने। |
| २.१० | भैंसी ब्रिडर हर्ड व्यवस्थापन कार्यक्रम/निरन्तरता | स्थान र कृषक (निजी, फर्म, समूह, सहकारी) प्राविधिक सम्भाव्यताको आधारमा छनौट गरी कार्यालयले निम्नानुसारका कार्य गर्ने:<br>(क) अनुसूची ८ अनुसारको गोठ निर्माण सुधार,<br>(ख) मेसिनरी औजार,<br>(ग) घाँस उत्पादन,<br>(घ) नस्ल सुधार (कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान/राँगो खरिद),<br>(ङ) औषधी उपचार तथा खोप, | •अनुसूची ८ बमोजिमको मापदण्ड अनुसार न्यूनतम १५ वटा माउ भैंसी पालन गरेको हुनु पर्ने।<br>•घाँस उत्पादनका लागि प्रति भैंसी न्यूनतम १ रोपनी जग्गामा घाँस खेती गरेको हुनुपर्नेछ। जग्गा आफ्नै स्वामित्व भएको वा न्यूनतम ५ वर्षका लागि करार सम्झौतामा लिएको हुनु पर्ने।<br>•नस्ल सुधारको लागि कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान गर्दा उन्नत जातको शुद्ध/उच्च नस्लको प्रयोग गर्नुपर्ने।<br>•नस्ल सुधारका लागि भित्र्याइने शुद्ध/उच्च नस्लको | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>कुल लागतको प्रति आयोजना:<br>• भौतिक निर्माण तथा मेसिनरी औजार उपकरण सामग्रीमा अधिकतम ४० प्रतिशत,<br>• घाँस उत्पादनमा न्यूनतम १५ प्रतिशत, |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | (च) बीमा,<br>(छ) बजार,<br>(ज) क्षमता अभिवृद्धि गर्ने,<br>• अनुसूची ७, ९, १०, ११, १२ र १३ अनुसार अभिलेख अभिलेखीकरण र प्रतिवेदन। | राँगो अनुसूची १ बमोजिमको मापदण्ड अनुसार हुनुपर्ने।<br>•प्रजननको लागि प्रयोग गरिने राँगो प्रत्येक ३ वर्षमा बदल्न मञ्जुर हुनुपर्ने।<br>•ब्रिडर हर्डमा हरेक पशुको सम्पूर्ण अभिलेख प्रजनन, स्वास्थ्य, पोषण, उत्पादन तथा बिक्री वितरण अभिलेख राख्नु पर्ने।<br>•पशु बीमा गरेको हुनुपर्ने।<br>•स्थापित हर्डलाई कम्तीमा ७ वर्षसम्म सञ्चालन गर्न प्रतिबद्धता हुनुपर्ने।<br>•गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका हर्डहरुमा कार्यक्रम निरन्तरता दिने। | • स्वास्थ्य व्यवस्थापन, बजार व्यवस्थापन र सामाजिक परिचालन क्षमता अभिवृद्धिमा अधिकतम ५ प्रतिशत र<br>• नस्ल सुधारमा अधिकतम ४० प्रतिशत खर्च गर्ने।<br>तर पहिले नै माथिका सम्भाग मध्ये कुनै सम्भाग व्यवस्थापन भएको खण्डमा निश्चित प्रतिशत अन्य सम्भागमा खर्च गर्न सकिने। |
| २.११ | भैंसी मल्टिप्लायर हर्ड व्यवस्थापन कार्यक्रम/निरन्तरता | पहिलो वर्ष<br>• स्थान र कृषक (निजी, फर्म, समूह, सहकारी) छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले गर्ने।<br>• समूह गठन तथा सामाजिक परिचालन, क्षमता अभिवृद्धि, ट्यागिङ, ड्रेन्चिङ/औषधी उपचार, पोषण सुधार।<br>• पशु बीमा<br>दोस्रो वर्ष देखि<br>• अनुसूची ८ अनुसारको गोठ निर्माण/सुधार, मेसिनरी सामग्री, नस्ल सुधार, पोषण सुधार, स्वास्थ्य सुधार, पशु बीमा, क्षमता अभिवृद्धि बजारीकरण लगायतका क्रियाकलापहरू,<br>• अनुसूची ९, १०, ११, १२ र १३ अनुसार अभिलेख अभिलेखीकरण र प्रतिवेदन। | •समूहमा कम्तीमा अनुसूची-७ बमोजिमको मापदण्ड अनुसारका ५० वटा र निजीमा न्यूनतम ५ वटा भैंसी पालन गरेको हुनु पर्ने,<br>•नस्ल सुधारका लागि भित्र्याइने शुद्ध नस्लको भाले पशुको अनुसूची-१ बमोजिम विवरण हुनु पर्नेछ,<br>• हर्डमा पशु प्रजनन् मापदण्ड अनुसारको प्रजनन, स्वास्थ्य, पोषण, उत्पादन तथा बिक्री वितरण अभिलेख राख्नु पर्नेछ,<br>• अनुसूची ७ बमोजिम विवरण हुनुपर्ने।<br>• स्थापित मल्टिप्लायर हर्डलाई कम्तीमा ७ वर्षसम्म सञ्चालन गर्न प्रतिबद्धता हुनुपर्ने।<br>• गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका हर्डहरुमा कार्यक्रम निरन्तरता दिने। | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>प्रति आयोजना कुल लागतको:<br>• भौतिक निर्माण तथा मेसिनरी सामग्रीमा अधिकतम ४० प्रतिशत,<br>• आहारा व्यवस्थापनमा न्यूनतम १० प्रतिशत,<br>• स्वास्थ्य व्यवस्थापन र बजार व्यवस्थापनमा अधिकतम ५ प्रतिशत,<br>• नस्ल सुधारमा अधिकतम ४० प्रतिशत र<br>• सामाजिक परिचालन, |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | क्षमता अभिवृद्धि र अभिलेख व्यवस्थापनमा अधिकतम ५ प्रतिशत। तर पहिले नै माथिका सम्भाग मध्ये कुनै सम्भाग व्यवस्थापन भएको खण्डमा निश्चित प्रतिशत अन्य सम्भागमा खर्च गर्न सकिने। |
| २.१२ | बहुरको ब्रिडर हर्ड स्थापना/निरन्तरता | स्थान र कृषक (निजी, फर्म, समूह, सहकारी) को छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले निम्नानुसारका कार्य गर्ने:<br>(क) खोर सुधार<br>(ख) मसिनरी औजार<br>(ग) आहारा<br>(घ) नस्ल सुधार<br>(ङ) औषधी तथा खोप<br>(च) क्षमता अभिवृद्धि<br>(छ) फार्मदर्ता तथा अभिलेखीकरण<br>(ज) अभिलेख व्यवस्थापन<br>(झ) बीमा<br>(ञ) जैविक सुरक्षा<br>अभिलेखीकरण र प्रतिवेदन। | •कम्तीमा १० वटा उन्नत जातको शुद्ध/उच्च नस्लको प्रजनन योग्य पोथी बहुर र २ वटा भाले बहुर भएको निजी/सामूहिक/सहकारी/फार्म हुनु पर्नेछ।<br>•नस्ल सुधारको लागि प्राकृतिक गर्भाधान गर्दा उन्नत जातको शुद्ध/उच्च नस्लको प्रयोग गरेको हुनु पर्ने।<br>•जातिय एवं वंश सुधारको लागि नस्ल सुधार गरी उत्पादन गरिने बहुरको पाठा/पाठीको अनुसूची १ बमोजिम (Pedigree) विवरण राखेको हुनु पर्ने।<br>•नस्ल सुधारका लागि भित्र्याइने शुद्ध नस्लको भाले/पोथीको विवरण राखेको हुनु पर्नेछ।<br>• पशुप्रजनन् मापदण्ड अनुसारको प्रजनन, स्वास्थ्य, पोषण, उत्पादन तथा बिक्री वितरण अभिलेख राख्नु पर्नेछ।<br>•स्थापित हर्डलाई कम्तीमा ७ वर्षसम्म सञ्चालन गर्न प्रतिवद्धता हुनुपर्ने<br>• गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका हर्डहरुमा कार्यक्रम निरन्तरता दिने। | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। स्वीकृत बजेटको परिधिभित्र रही कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• भौतिक निर्माण तथा मेसिनरी सामग्रीमा अधिकतम ४५ प्रतिशत,<br>• आहारा व्यवस्थापनमा न्यूनतम १० प्रतिशत,<br>• स्वास्थ्य व्यवस्थापन, बजार व्यवस्थापन र सामाजिक परिचालन क्षमता अभिवृद्धिमा अधिकतम ५ प्रतिशत।<br>• नस्ल सुधारमा न्यूनतम ४० प्रतिशत।<br>तर पहिले नै माथिका |

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | सम्भाग मध्ये कुनै सम्भाग व्यवस्थापन भएको खण्डमा निश्चित प्रतिशत अन्य खर्च गर्न सकिने। |
| २.१३ | बँगुरको स्रोत केन्द्र स्थापना/सामुदायिक बंगुर स्रोत केन्द्र/निरन्तरता कार्यक्रम | • छनोट भएका फार्मको कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्नेः-<br>(क) खोर निर्माण/सुधार गर्ने<br>(ख) मेसिनरी औजार खरिद गर्ने<br>(ग) आहारा व्यवस्थापन<br>(घ) प्राविधिकको सहयोगमा नस्ल सुधारको लागि सरकारी स्रोत केन्द्र वा कार्यालयले सिफारिस गरेको स्रोतबाट बिर खरिद गर्ने<br>(ङ) परजीवी नियन्त्रण र भ्याक्सिनेसनका लागि औषधी तथा खोप खरिद गर्ने<br>(च) क्षमता अभिवृद्धि<br>(छ) अनुसूची १४ अनुसार अभिलेखीकरण र प्रतिवेदन। | • ३० वटा माउ र २ वटा बिर पालन गरेको हुनुपर्ने,<br>• माउ बहुर शुद्ध/उन्नत नस्लको बिरबाट प्रजनन गराउनु पर्ने,<br>• १५ माउँ बहुर बराबर एक बिरको व्यवस्थापन हुनुपर्ने,<br>• अभिलेखीकरण अनुसूची-१ अनुसार हुनुपर्ने,<br>• स्रोत केन्द्रले वार्षिक रूपमा २०० पाठापाठी बिक्री गर्ने सम्भाव्यता हुनुपर्ने।<br>• गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका हरूहरूमा कार्यक्रम निरन्तरता दिने। | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>स्वीकृत बजेटको परिधिभित्र रही कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने।<br>(क) भौतिक निर्माण तथा मेसिनरी सामग्रीमा अधिकतम ४० प्रतिशत,<br>(ख) आहारा व्यवस्थापनमा न्यूनतम १० प्रतिशत,<br>(ग) पशु स्वास्थ्य, बजार, क्षमता अभिवृद्धि, अभिलेख व्यवस्थापनमा अधिकतम १० प्रतिशत<br>(घ) नस्ल सुधारमा न्यूनतम ४० प्रतिशत।<br>तर पहिले नै माथिका सम्भाग मध्ये कुनै सम्भाग व्यवस्थापन भएको खण्डमा निश्चित प्रतिशत अन्य खर्च गर्न सकिने। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| २.१४ | घाँसको स्रोत केन्द्र स्थापना | • नर्सरी स्थापना, बीउ, सेट्स, स्लिप, सकर, कटिङ खरिद<br>• औजार उपकरण तथा अन्य उत्पादन सामग्री खरिद,<br>• सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापन,<br>• कारोबारको अभिलेखीकरण,<br>• अभिलेखीकरण र प्रतिवेदन। | • कृषक/कृषक समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• बर्षे र बहु बर्षे घाँसको बीउ उत्पादनको हकमा तराईमा ३ हेक्टर र पहाडमा कम्तीमा २ हेक्टर हुनुपर्ने,<br>• घाँसको सेट्स/सिलिप/सकर/कटिङ उत्पादनको हकमा कम्तीमा ०.५ हेक्टर हुनुपर्ने,<br>• डाले घाँसको बिरुवा उत्पादनको हकमा कम्तीमा ०.२५ हेक्टर हुनुपर्ने,<br>• अनुसूची १४ र १५ अनुसार घाँस खेती गरिएको हुनुपर्ने।<br>• कम्तीमा ५ वर्ष सञ्चालनको प्रतिवद्धता हुनुपर्ने। | अधिकतम ७५ प्रतिशत अनुदान। |
| २.१५ | मत्स्य बिज ह्यचरी निर्माण /सुधार | • ओभर हेड ट्याङ्क ईन्कुबेशन ट्याङ्क, स्पाउनिङ ट्याङ्क, कन्डिसनिङ ट्याङ्क, ह्यचरीको सेड निर्माण/सुधार,<br>• अक्सिजन सिलिण्डर लगायत अन्य यन्त्र उपकरण खरिद। | • ह्यचरीकर्तासँग कम्तीमा १ हेक्टर जलाशयमा माउ माछा व्यवस्थापन गरी पालन गरेको हुनु पर्ने,<br>• पानीको स्थायी स्रोतको रूपमा बोरिङको व्यवस्था हुनु पर्ने,<br>• निर्माण/सुधार गरिने ह्यचरी तथा पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा भाडामा लिएको भए सम्झौता कम्तीमा १० वर्षको हुनुपर्ने,<br>• सडक, बिजुली बत्तीको सुविधा भएको हुनु पर्ने,<br>• अनुसूची ३१ बमोजिमको व्यावसायिक ढाँचामा पेश गर्नुपर्ने। | • कुल लागतको अधिकतम ५० प्रतिशत<br>• प्रति आयोजना अधिकतम रू. ५ लाख अनुदान। |
| २.१६ | कालिज फार्म सुदृढीकरण कार्यक्रम /स्थानीय कुखुरा/कालिज श्रोत केन्द्र स्थापनामा/निरन्तरता कार्यक्रम र कालिज पालन | • खोर व्यवस्थापन,<br>• आहारा व्यवस्थापन,<br>• स्वास्थ्य उपचार तथा खोप सेवा, ह्याचरी व्यवस्थापन,<br>• अभिलेखीकरण, अध्ययन अनुसन्धान,<br>• जैविक सुरक्षा आदि। | • कम्तीमा २०० गोटा कालिज पालन गरेको हुनुपर्ने,<br>• कार्यालयले प्राविधिक अध्ययन पश्चात उपयुक्त स्थानमा समूह/सहकारी/उद्यमी छनोट गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने,<br>• श्रोत केन्द्र स्थापनाको लागि आवश्यक जग्गा आफ्नै | कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | प्रवर्धन कार्यक्रम | | वा भाडामा (कम्तीमा ५ वर्षको करारनामा भएको) हुनुपर्ने, <br>• प्रस्तावकले प्रस्ताव पेश गर्दा कम्तीमा ३ वर्षसम्म निरन्तर पालन गर्ने प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ, <br>• गत आ.व. मा कार्ययोजना बमोजिम सन्तोषजनक कार्य प्रगति गरेका योजनाहरूलाई निरन्तरता दिन सकिनेछ। | |
| २.१७ | ट्याग सहितको माउ माछा वितरण | • सरकारी स्रोत केन्द्रबाट शुद्ध नस्लको PIT ट्याग लगाएको माउ माछा खरिद तथा वितरण, <br>• बजेट परिधि भित्र रहि आवश्यकताको आधारमा स्क्यानर उपलब्ध गराउन सकिने, <br>• अभिलेखीकरण तथा रिपोटिङ। | निम्न मापदण्डको आधारमा ह्याचरी र नर्सरी सञ्चालक पहिचान गरी छनोट गर्ने, <br>• कार्प जातको मत्स्य बीज उत्पादन गरिरहेको निजी ह्यचरी/फार्म हुनु पर्ने, <br>• माउ पोखरीको लागि चाहिने न्यूनतम क्षेत्रफल ०.५ हे. भएको हुनु पर्ने, <br>• आवश्यक ह्याचिङ गर्ने पूर्वाधार भएको मत्स्य ह्याचरी हुनपर्ने, <br>• भुरा उत्पादन तथा बिक्री वितरण गरेको हुनु पर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

ग) उत्पादन प्रवर्द्धन, प्रशोधन र भण्डारण:

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ३.१ | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने, <br>• सामुहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठामा खेती गर्नुपर्ने। <br>• जिल्लामा व्यावसायिक तरकारी खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत, <br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत <br>• बीउबिजन/बेर्ना र |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान। |
| ३.२ | पुष्प उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | • आवश्यक सामग्रीहरू बीउ/बेर्ना/गानो, टनेलका लागि प्लाष्टिक, सेड नेट, ईन्सेक्ट नेट आदि खरिद,<br>• प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• कार्यालयले निर्माण गरेको स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिने। | • सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउ/बेर्ना/गानो र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति आयोजना अधिकतम रु. २.५ लाख अनुदान। |
| ३.३ | बगर खेती प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन तथा बजारीकरण सामग्रीहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>• सामूहिकरूपमा कम्तीमा १५ कठ्ठा वा एकलरूपमा कम्तीमा ५ कठ्ठामा खेती गर्नुपर्ने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कुल लागतको अधिकतम ७५ प्रतिशत वा प्रति कठ्ठा अधिकतम रु. ५०००/- अनुदान। |
| ३.४ | केरा प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, , बजारीकरण सामग्रीहरू, Ripening chamber, भण्डारण लगायतकाल पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठामा खेती गर्नुपर्ने। | • यन्त्र उपकारण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | • बीउबिजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान। |
| ३.५ | मोरिङ्गा प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, , बजारीकरण सामग्रीहरू, Ripening chamber, भण्डारण लगायतकाल पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>• सामूहिकरूपमा कम्तीमा १ हे वा एकलरूपमा कम्तीमा १० कट्ठामा खेती गर्नुपर्ने। | • यन्त्र उपकारण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउबिजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान। |
| ३.६ | मौरी प्रवर्द्धन कार्यक्रम | • महमदानी, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, ब्रस, मह छाने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद।<br>• उन्नत रानु खरिद<br>• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू खरिद। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु. २५ हजार अनुदान। |
| ३.७ | गोब्रे च्याउ उत्पादनका लागि पूर्वाधार विकास | • आधुनिक प्रविधियुक्त च्याउ घर/च्याउको टहराहरू निर्माण/सुधार, | • च्याउ उत्पादन तथा प्रशोधन उद्देश्य लिई दर्ता भएको फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने, | • फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | सहयोग/गोबे च्याउ प्रवर्द्धन कार्यक्रम | • ग्रेडिङ, प्याकेजिङ तथा लेबलिङ सामग्रीहरू<br>• प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरू<br>• ढुवानी साधन खरिद,<br>• कोल्ड च्याम्बर निर्माण,<br>• च्याउ बीउ खरिद। | • वार्षिक न्यूनतम ५०० कि.ग्रा. बीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने,<br>• भौतिक पूर्वाधार निर्माणको डिजाईन, ईष्टिमेट, औजार उपकरणहरूको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, बजारीकरण योजना, अनुदान माग गरेको रकम सहितको व्यावसायिक योजना हुनुपर्ने। | प्रतिशत<br>• समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३.८ | जैविक विषादी र प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रर्वद्धन कार्यक्रम | • जैविक विषादी/प्राङ्गारिक मल उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी क्रियाकलापहरू । | • जैविक विषादी/प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग/कम्पनी/ कृषक समूह/सहकारी मार्फत उद्योग स्थापना/सुदृढीकरण/विस्तारका कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• गत आ.व.मा सन्तोषजनक रुपमा कार्यान्वयन गरेका कार्यक्रमहरुमा कार्यक्रम निरन्तरता दिन सकिने। | • उद्योग/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत<br>• समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३.९ | ओखर प्रवर्द्धन तथा क्षेत्रफल विस्तार | बिरुवा, यन्त्र/उपकरण लगायत उत्पादन सामग्रीमा सहयोग। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• कम्तीमा ५ रोपनीमा नयाँ बगैंचा स्थापना वा थप विस्तार गर्नुपर्ने। | कार्यालयले लागतअनुमान स्वीकृत गरी शतप्रतिशत अनुदानमा बिरुवामा र अन्य सामग्रीहरु अधिकतम ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने। |
| ३.१० | आयमूलक कृषि बन प्रवर्द्धन कार्यक्रम | • आवश्यक बीउ, विषादी, प्राङ्गारिक मल, सिंचाई, जग्गा तयारी, यन्त्र उपकरण लगायतका उत्पादन सामग्रीहरूमा सहयोग,<br>• प्रशोधन र बजारीकरण सामग्रीमा सहयोग। | • कार्यालयले सम्बन्धित बन कार्यालय, विधुत प्राधिकरण कार्यालयसँग समन्वय गरी स्थान (सामुदायिक बन/कबुलियती बन क्षेत्रको Hightension विधुत लाईनमुनि र आसपासको जग्गा) छनोट गर्नुपर्ने,<br>• छनोट भएको स्थानमा उपभोक्ता समितिको समन्वयमा कृषक छनोट गरी कार्यक्रम सञ्चालन गर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने |
| ३.११ | रैथाने बाली प्रवर्द्धन | • बीउ, प्राङ्गारिक मल, शुक्ष्मतत्व, | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले एकल वा | कार्यालयले लागत अनुमान |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | तथा बजारीकरण कार्यक्रम | • सिंचाई,<br>• प्रशोधन गर्ने औजार/उपकरण<br>• ग्रेडिङ, लेबलिङ, प्याकेजिङ तथा बजारीकरणमा सहयोग<br>• क्षमता अभिवृद्धि तथा प्रचार प्रसार। | सामूहिकरूपमा कम्तीमा १ रोपनी जग्गामा खेती गर्नुपर्ने,<br>• कलष्टरमा कम्तीमा १० कृषकहरूलाई समावेश गरी कार्यालयको प्राविधिक सहयोगमा सञ्चालन गर्नुपर्ने,<br>• बजारीकरणका लागि कार्यालयले समन्वय गर्नुपर्ने। | स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने। |
| .१२ | बेसार प्रशोधन केन्द्र/उद्योग स्थापना | • बेसार प्रशोधनका लागि आवश्यक मेशिनरी/औजार खरिद<br>• प्रशोधित बेसार प्याकेजिङ, लेबलिङका लागि आवश्यक सामग्री,<br>• भण्डार लगायत प्रशोधनसँग सम्बन्धित अन्य पूर्वाधार निर्माण। | • फर्म/ कम्पनी/कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• बेसार प्रशोधन केन्द्र/उद्योग स्थापना/सुदृढीकरण/विस्तार गर्नुपर्ने,<br>• बेसार प्रशोधनका लागि व्यावसायिक योजना पेश गर्नु पर्ने,<br>• आवेदकले बेसार प्रशोधन तथा बजारीकरण कार्य गर्ने प्रतिवद्धता गर्नु पर्ने,<br>• पूर्वाधार निर्माणको हकमा प्रशोधन केन्द्र स्थापना गर्ने वा रहेको जग्गा आवेदकको स्वामित्वमा हुनु पर्ने।<br>• कार्यालयले सिफारिस गरेका किसानहरूलाई अभिमुखीकरण गर्नु पर्ने। | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३.१३ | ऊखु प्रशोधनमा सहयोग | • प्रशोधनका लागि आवश्यक पूर्वाधार निर्माण, मेशिनरी/ औजार/उपकरण खरिद,<br>• प्याकेजिङ तथा लेबलिङका क्रियाकलापहरू। | • फर्म/कम्पनी/ कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• उत्पादनमा आफै संलग्न भएको फर्म/ समूह/सहकारीलाई प्राथमिकता दिने। | निजी फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३.१४ | कृषि उपज भण्डारणका लागि कोल्ड च्याम्बर स्थापना | • साना विस्यान केन्द्र निर्माण र सञ्चालन,<br>• आवश्यक उपकरण, ट्रस निर्माण, र्‍याक, क्रेट तथा अन्य सामग्रीहरू खरिद। | • बीउ वा तरकारी वा फलफूल भण्डारण वा बजारीकरण कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी/ बजार समिति सहभागी हुन सक्ने,<br>• कम्तीमा ५ वर्षसम्म सञ्चालन गर्ने प्रतिवद्धता गरेको | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | हुनुपर्ने,<br>• साना चिस्यान केन्द्र कम्तीमा ५ टन क्षमताको हुनुपर्ने,<br>• चिस्यान केन्द्र मर्मत सम्भारको जिम्मेवारी संस्था स्वयंमको हुनुपर्ने। | ७५ प्रतिशत अनुदान। |
| ३.१५ | कृषि उपज भण्डार/बजार पूर्वाधार निर्माण (हाट बजार, संकलन केन्द्र) | • कृषि बजार पूर्वाधार निर्माण। | • कृषक समूह/सहकारी/बजार समिति सहभागी हुन सक्ने।<br>• स्थायी संरचनाको हकमा प्रस्तावकको नाममा र अस्थायी संरचनाको हकमा सञ्चालनमा रहेका हाटबजारमा स्थानीय तहको सिफारिस भएको जग्गा हुनुपर्ने।<br>• स्थानीय तहको समन्वयमा सञ्चालन गर्न सकिने। | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३.१६ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्लर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, स्यालो/डिप बोरिङ, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | • पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, डेलिभरी पाईप, १ ईन्च वा सो भन्दा मुनिका पाईप) को हकमा अधिकतम ५० प्रतिशत,<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु १ लाख ५० हजार अनुदान। |
| ३.१७ | ठूला सिंचाई आयोजनाहरूको कमाण्ड | कार्यालयले आवश्यकता अनुसार रेवा प्रवाहका लागि देहाय अनुसारका क्रियाकलापहरू आवश्यकता अनुसार | • कार्यालयले सम्बन्धित सिंचाई आयोजना, जल उपभोक्ता समिति र स्थानीय तहसँगको समन्वयमा प्रभाव क्षेत्र | • कार्यालयले विनियोजित बजेटको परिधि भित्र रही |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | क्षेत्रमा बाली सघनता विकास कार्यक्रम | सञ्चालन गर्न सकिनेछ।<br>१. **अभिमुखीकरण कार्यक्रम**<br>२. **प्रविधि प्रसार सेवा**<br>• स्थलगत तालिम<br>• प्रविधि प्रदर्शन<br>• प्रचार प्रसार<br>३. **उत्पादन सामग्री सहयोग**<br>• बीउ बिजन, बेर्ना, नर्सरी, सुक्ष्म तत्व, विषादी तथा अन्य उत्पादन सामग्रीहरूमा सहयोग,<br>• साना यन्त्र उपकरणहरू<br>४. **अन्य क्रियाकलापहरू**<br>• बाली कटानी<br>• प्रशोधन, प्याकेजिङ, बजारीकरण सहयोग<br>• माटो परीक्षण तथा व्यवस्थापन सेवा<br>• प्रतिवेदन तयारी। | भित्र उपयुक्त बाली चक्र मार्फत बाली सघनता वृद्धि गर्न कार्यक्रम सञ्चालन स्थल छनोट गर्ने,<br>• छनोट भएको स्थलमा जल उपभोक्ता समिति/उप-समितिको समन्वयमा कृषक र बाली छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• छनोट भएको क्षेत्रमा कम्तीमा ५०० हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यक्रम सञ्चालनबाट हालको बाली सघनता वृद्धि गर्न हिउँदे वा चैते बाली (चैते धान, हिउँदे/बसन्ते मकै, तरकारी, तोरी, गहुँ, मसुरो, मुङ, चना, राजमा, सुर्यमुखी, लसुन, प्याज) लाई प्राथमिकता दिई भूगोल र हावापानी अनुसार उपयुक्त बालीहरू छनोट गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• चौथो तहका एक जना कृषि प्राविधिकलाई कार्यक्रम क्षेत्रमा रहने गरी परिचालन गर्ने। | लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी शतप्रतिशत वस्तुगत अनुदानमा कार्यक्रम सञ्चालन गर्ने,<br>• अभिमुखीकरण र प्रविधि प्रसारका लागि विनियोजित बजेटको अधिकतम १० प्रतिशत रकम खर्च गर्न सकिने। |
| ३.१८ | साना कृषि मेसिनरी औंजार उपकरण वितरण/ मागमा आधारित कृषि यन्त्र उपकरण वितरण | • साना कृषि मेसिनरी औंजार उपकरणहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• साना कृषि मेसिनरी औंजारहरू खरिद गर्नुपर्ने।<br>• हालसम्म अनुदान नपाएकालाई प्राथमिकता दिई वितरण गर्ने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति अनुदानग्राही अधिकतम रु. ५० हजार अनुदान। |
| ३.१९ | स्ट्र कलेक्टर/स्ट्र बेलर खरिद | स्ट्र कलेक्टर तथा स्ट्र बेलर खरिद तथा वितरण। | • कार्यालयले ट्र्याक्टर भएको उपयुक्त कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३.२० | चक्लाबन्दी सुधार | • जग्गा भाडा | • गत आ.व.मा कार्यालयसँग सम्झौता गरी चक्लाबन्दी | • कार्यालयले लागत अनुमान |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | कार्यक्रम निरन्तरता | • गह्रा सुधार<br>• सिंचाई पूर्वाधार, यन्त्र उपकरण, उत्पादन सामग्रीहरू । | सुधार कार्यक्रम सन्तोषजनक रूपमा सञ्चालन गरेको हुनुपर्ने । | स्वीकृत गरी सञ्चालन गर्ने ।<br>• सामुदायिक पूर्वाधारको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्यमा अधिकतम ५० प्रतिशत अनुदान । |
| ३.२१ | समुदायमा आधारित नमूना प्राङ्गारिक क्षेत्र विकास कार्यक्रम (निरन्तरता सहित) | • प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ, लेबलिङ, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने,<br>• क्षमता अभिवृद्धि, सचेतना, प्रचार प्रसार,<br>• मकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन,<br>• बीउ, बेर्ना, सिंचाइ लगायतका अन्य क्रियाकलापहरूमा सहयोग गर्ने<br>• यन्त्र/ उपकरणहरू खरिद | • कार्यालयले प्राविधिक कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्ने ।<br>• कम्तीमा २५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>• टोल विकास समिति वा समूह वा सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने ।<br>• निरन्तरता कार्यक्रमको हकमा यस भन्दा अघिल्लो आ.व.मा कार्यक्रम सन्तोषजनक रूपमा सञ्चालन भएको हुनुपर्ने । | सामुदायिक पूर्वाधार र औजार उपकरणमा ७५ प्रतिशत वा निजी पूर्वाधार र औजार उपकरणमा ५० प्रतिशत । |
| ३.२२ | बर्षे/हिउँदे फलफूल बिरुवा वितरण | • कार्यालयले विभिन्न जातका उन्नत/ वर्णशङ्कर फलफूल बिरुवा खरिद, ढुवानी र वितरण,<br>• रेखाङ्कनमा सहयोग,<br>• बगैंचा व्यवस्थापनका लागि कार्यालयबाट प्राविधिक सेवा सहयोग । | • उन्नत/वर्णशङ्कर जातको फलफूल बिरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गर्न ईच्छुक कृषककृषक समूह//सहकारी/उद्यमी हुनुपर्ने,<br>• सामूहिक वा एकल रूपमा एउटै चक्लामा बगैंचा स्थापना गर्नुपर्ने,<br>• एक चक्लामा कम्तीमा ५ कठ्ठा लगाउनु पर्ने । | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>• विनियोजित बजेटको परिधिमा रहि शतप्रतिशत अनुदानमा बिरुवा उपलब्ध गराउने । |
| ३.२३ | अस्थायी संरक्षित संरचनामा कृषि उत्पादन कार्यक्रम (प्लाष्टिक तथा नेट वितरण कार्यक्रम) | प्लाष्टिक, सेड नेट, हेलस्टोन नेट, इन्सेक्ट नेट, आदि वितरण । | • कार्यालयले उपयुक्त कृषक/फर्म/कम्पनी/कृषक समूह/ /सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• व्यावसायिक रूपमा तरकारी/फलफूल उत्पादन तथा विभिन्न बालीको बेर्ना उत्पादनमा संलग्न भएको | कार्यालयले लागतअनुमान स्वीकृत गरी सञ्चालन गर्ने । |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | हुनुपर्ने,<br>• प्लाष्टिक तथा नेटबाहेक अन्य पूर्वाधार भएको हुनुपर्ने वा अनुदानग्राहीले व्यवस्था गर्नुपर्ने। | |
| ३.२४ | पुष्प व्यवसायी सहयोगी कार्यक्रम | • आवश्यक सामग्रीहरू बीउ/बेर्ना/गानो, टनेलका लागि प्लाष्टिक, सेड नेट, ईन्सेक्ट नेट आदि खरिद,<br>• पुष्प व्यवसायी संघ तथा व्यवसायीसँग अन्तरकृया/बैठक,<br>• क्षमता अभिवृद्धि तथा अभिमुखीकरण<br>• प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कियाकलापहरू,<br>• शीत भण्डारणमा भण्डारण गर्न शुल्क सहयोग। | • पुष्प व्यवसायीसँगको समन्वयमा सम्भाव्य स्थल, पुष्प तथा कृषक छनोट गरी कार्ययोजना कार्यालयले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• कार्यालयले सिफारिस गरेका किसानहरूलाई लाभग्राही संस्थाले प्रविधि बारे अभिमुखीकरण गर्नुपर्ने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.२५ | मौरी व्यवसायी सहयोग कार्यक्रम | • प्रदेशस्तरको मौरीपालक व्यवसायी संस्थासँगको समन्वयमा कार्ययोजना तयार गर्ने,<br>• मौरीपालक व्यवसायीहरूको संघ/संस्थाको समन्वयमा उपयुक्त स्थान छनोट गरी मह बिक्री केन्द्र स्थापना गर्ने,<br>• चालु आ.व.को लागि मह बिक्री कक्षको भाडा रकम उपलब्ध गराउने,<br>• प्रचार प्रसार सामग्री विकास, छपाई तथा वितरण,<br>• चाकासहित महको बजारीकरणका लागि फ्रेम बनाउने मेशिन तथा प्याकेजिङ, लेबलिङ सामग्री खरिद,<br>• मौरी चरणका लागि मौरी मैत्री बिरुवा रोपणका लागि बिरुवा खरिद तथा वितरण,<br>• कारोवारको नियमित प्रतिवेदन गर्ने। | • प्रदेशस्तरको मौरीपालक व्यवसायीहरूको संघ/संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रशोधन अनुज्ञापत्र प्राप्त गरेको व्यवसायीद्वारा उत्पादित मह मौरीपालक व्यवसायीहरूको संघ/संस्था मार्फत लेबलिङ गरी बिक्री गरेको हुनुपर्ने,<br>• प्रदेशस्तरको मौरीपालक व्यवसायीहरूको संघ/संस्था मार्फत प्रदेशको मुख्य बजार मध्ये कुनै एकमा बिक्री आउटलेट केन्द्र स्थापना गरी बिक्री वितरण गर्नुपर्ने।<br>• स्रोत केन्द्रको रुपमा प्रयोग गर्ने।<br>• कार्यालयले सिफारिस गरेका नयाँ किसानहरूलाई लाभग्राही संस्थाले प्रविधि बारे अभिमुखीकरण गर्नुपर्ने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.२६ | फलफूल/कफी बगैंचा सुदृढीकरण/सुनतलाजात | • बगैंचाको सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरिद, | • कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको छनोट गरी कार्यक्रम सञ्चालन गर्ने, | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | फलफूल नमूना बगैंचा सुदृढीकरण | • सिचाई सामग्री तथा उपकरण खरिद,<br>• फल कुहाउने औंसा (Fruit fly) को लागि ल्यूर र पासो,<br>• विषादी, एप्रोन, पन्जा, मास्क आदि खरिद,<br>• प्राविधिक तालिम/सेवा सञ्चालन। | • कम्तीमा फलफूल ०.५ हे. र कफी ०.१ हे. मा सञ्चालन हुनुपर्ने,<br>• कार्यालयले फलफूल बगैंचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने। | गरी प्रति कार्यक्रम अधिकतम रू. ५० हजार खर्च गर्न सक्ने। |
| ३.२७ | कागती बगैंचा स्थापना तथा सुदृढीकरण | • कागती बगैंचा स्थापनाका लागि बगैंचा रेखाङ्कन र गुणस्तरीय बिरुवा उपलब्ध गराउने,<br>• विषादी, शुक्ष्मतत्व, औजार/उपकरणहरू खरिद। | • कार्यालयले कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• कम्तीमा ०.३३ हेक्टरमा नयाँ कागती बगैंचा स्थापना गर्नुपर्ने वा विस्तार गर्नुपर्ने,<br>• कार्यालयको प्राविधिक रेखदेखमा नमूनाको रूपमा बगैंचा स्थापना गर्नुपर्ने र प्राविधिक परामर्श उपलब्ध गराउनु पर्ने। | कार्यालयले लागत अनुमान तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.२८ | स्थानीय हंसराज तथा अन्य स्थानीय जातको धानको संरक्षण तथा विस्तार कार्यक्रम | • जात सूचीकरण गर्न आवश्यक क्रियाकलापहरू तथा समन्वय,<br>• हंसराज तथा अन्य स्थानीय जातको धान उत्पादन र संरक्षण तालिम तथा सचेतना,<br>• उत्पादन सामग्री, सिचाई उपकरण, मेशिनरी, औजार, उपकरण खरिद,<br>• उत्पादन, प्रशोधन र बजारीकरण सहयोग। | • कृषक समूह/सहकारीले कम्तीमा ३ रोपनी जग्गामा खेती गरेको हुनुपर्ने।<br>• स्थानीय जातको संरक्षण गर्ने योजना सहित जात सूचीकृत गर्ने प्रस्ताव पेश गर्नुपर्ने। | कार्यालयले लागत अनुमान तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.२९ | बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (कृषि तर्फ) | • बीउ/बिरुवा तथा अन्य उत्पादन सामग्री सहयोग,<br>• क्षमता अभिवृद्धि.<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा,<br>• प्रशोधन तथा बजारीकरण सहजीकरण। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• देहाय बमोजिमको मापदण्ड अनुसार cluster approach मा क्षेत्रफल विस्तार गर्नुपर्ने।<br>क.सं. \| बाली/जिल्ला \| क्षेत्रफल (हे.)/क्लस्टर संख्या \| बजेट रु. लाख | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• बीउ/बिरुवा खरिद गरी शतप्रतिशत र स्याउ स्टेकिङ्गमा लागतको ५० |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | | | | अनुदान सीमा |
|---|---|---|---|---|---|---|---|
| | | | १ | स्वदेशी मसिना धान | २०० (बढीमा ५ क्लस्टर) | २० | प्रतिशत सहयोग उपलब्ध गराउन सक्ने र बाँकी रकम आवश्यकताका आधारमा प्रति हेक्टर अधिकतम रू. पाँच हजार अन्य उत्पादन सामग्रीका लागि खर्च गर्न सकिनेछ।<br>• क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली अधिकतम रु. १ लाख खर्च गर्न सकिनेछ। |
| | | | २ | मकै | २०० (बढीमा ५ क्लस्टर) | २५ | |
| | | | ३ | तोरी | १५० (बढीमा ५ क्लस्टर) | २० | |
| | | | ४ | मसुरो | १०० (बढीमा ५ क्लस्टर) | २७ | |
| | | | ५ | तरकारी | २० (बढीमा ५ क्लस्टर) | २५ | |
| | | | ६ | बर्षे आलु/आलु | २० (बढीमा ५ क्लस्टर) | २५ | |
| | | | ७ | सुन्तलाजात फलफुल | १० (बढीमा ५ क्लस्टर) | १७ | |
| | | | ८ | आँप | १० (बढीमा ५ क्लस्टर) | १७ | |
| | | | ९ | हाइडेन्सिटी स्याउ | २ (बढीमा २ क्लस्टर) | ९६ | |
| | | | नोटः<br>• तोकिएको क्षेत्रफलको कम्तिमा ८० प्रतिशत पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।<br>• बीउ उत्पादन (धान, मकै, आलु) का लागि आवश्यक क्षेत्रफल कम्तिमा ५ हेक्टर (बढीमा २ क्लस्टर)।<br>• आलुबालीको नयाँ क्षेत्र बिकासमा प्राथमिकता दिनु पर्ने। | | | | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | • कार्यालयले प्राविधिक टोली गठन गरी स्थलगत अवलोकन तथा परामर्श गरी कार्यक्रम स्थल छनोट गर्ने, (क्षेत्र छनोटका लागि सूचना आह्वान गर्नुपर्ने छैन।<br>• कार्यालयले एक जना प्राविधिकले न्यूनतम १०० घरधुरीमा प्राविधिक सेवा पुऱ्याउने गरी सामाजिक परिचालनका लागि करारका प्राविधिक परिचालन गर्ने। | |
| ३.३० | बाली वस्तु विशेष सघन क्षेत्र विकास कार्यक्रम (पशुपन्छी तर्फ) | कार्यालयले अनुसूची-४३ बमोजिमको क्रियाकलापहरू सञ्चालन गर्ने। | • कार्यालयले अनुसूची-४३ बमोजिमको मापदण्ड अनुसार लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• यस प्रकृतिका कार्यक्रमको क्षेत्र छनोटका लागि सूचना आह्वान गर्नुपर्ने छैन<br>• कार्यालयले एक जना प्राविधिकले न्यूनतम १०० घरधुरीमा प्राविधिक सेवा पुऱ्याउने गरी सामाजिक परिचालनका लागि करारका प्राविधिक परिचालन गर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• भौतिक पूर्वाधार निर्माण र मेसिनरी औजार खरिदमा ७५ प्रतिशत अनुदान,<br>• बीउ बिजन नस्ल खरिद, पोषण आहारा, क्षमता विकास, पशु स्वास्थ्य उपचार कार्यमा शतप्रतिशत अनुदान। |
| ३.३१ | अफ्रिकन स्वाइन फिवर प्रभावित बंगुर पालन व्यवसाय पुनर्-उत्थान कार्यक्रम (खरिद तथा ढुवानी) | • बंगुरको पाठापाठी खरिद तथा ढुवानी<br>• क्षमता अभिवृद्धि तालिम,<br>• औषधी उपचार सेवा,<br>• नियमित प्राविधिक सेवा। | • स्थानीय तहको समन्वयमा प्राविधिक कार्यदल परिचालन गरी अफ्रिकन स्वाईन फिवर प्रभावित बंगुरपालक कृषक वा समूह वा फार्म पुनर्स्थापनाको लागि छनोट गर्नु पर्ने,<br>• सरकारी फर्म वा अन्य स्वीकृत स्रोत केन्द्रहरूबाट बङ्गुरको पाठापाठी खरिद गर्नुपर्ने,<br>• क्षतिको आधारमा अनुदानग्राहीलाई अधिकतम ५ वटा उन्नत जातका पाठापाठी उपलब्ध गराउन सकिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• प्रति पाठापाठी ढुवानी सहित अधिकतम रू. ५ हजार खर्च गर्न सकिने। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ३.३२ | कृत्रिम गर्भाधान सम्बन्धी उपकरण तथा लजिस्टिक खरिद/ वितरण | • कृत्रिम गर्भाधानका लागि आवश्यक पर्ने उपकरणः Liquid Nitrogen Container, Mother refree, Refree, Artificial Insemination gun, Vaginal speculum, Thawing kit आदि खरिद,<br>• ग्लोब, गन सीथ, अन्य लजिस्टिक सामग्री खरिद,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | • कार्यालयले प्रदेशभर जिल्लागत कार्यालय तथा स्थानीयतहहरूलाई कृत्रिम गर्भाधान सेवाका लागि आवश्यक पर्ने उपकरण तथा लजिस्टिक सामग्री खरिद र वितरणको व्यवस्था मिलाउनु पर्ने।<br>• उपकरणहरूको स्वीकृत स्पेसिफिकेसन अनुसार खरिद गर्नु पर्ने। | कार्यालयले लागत अनुमान तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.३३ | कृत्रिम गर्भाधानको लागि तरल नाईट्रोजन र सिमेन खरिद, भण्डारण तथा ढुवानी | • तरल नाईट्रोजन र सिमेन खरिद, ढुवानी र वितरण,<br>• तरल नाईट्रोजन र सिमेन भण्डारण,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | • कार्यालयले राष्ट्रिय पशु पजनन कार्यालय पोखरा-वा नेपालगञ्जबाट सिमेन खरिद तथा ढुवानी गरी भण्डारण र वितरणको व्यवस्था गर्नु पर्ने,<br>• तरल नाईट्रोजन राष्ट्रिय पशु पजनन कार्यालय पोखरा वा नेपालगञ्ज वा मान्यता प्राप्त नीजि सप्लायर्सबाट खरिद तथा ढुवानी गरी भण्डारण र वितरण गर्नु पर्ने। | कार्यालयले लागत अनुमान तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.३४ | नयाँ पोखरी निर्माण कार्यक्रम | कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले नँया पोखरी निर्माण गर्नु पर्ने। | • स्थायी पानीको श्रोत व्यवस्था भएको हुनु पर्ने,<br>• तराईको हकमा कम्तीमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनु पर्ने,<br>• पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने। | • अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु. ५ लाख (पहाडी जिल्लामा रु. ७.५ लाख) मध्ये जुन कम हुन आउँछ। |
| ३.३५ | पुरानो पोखरी मर्मत संभार | • पोखरी मर्मत संभार,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ खरिद तथा व्यवस्थापन।<br>• नापजाँच अनुगमन र प्रतिवेदन। | • कम्तीमा ३ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरूको मर्मत सम्भार गर्न सकिने,<br>• पानीको आपूर्ति सहज भएको र माछा पालन गरिरहेको उपयुक्त पोखरी हुनु पर्ने,<br>• मर्मत संभार गरिएको पोखरीको ढिल सहित गहिराइ कम्तीमा ५ फिट कायम हुनुपर्ने,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहितको पोखरी | • प्रति हेक्टर जलाशयमा पोखरी मर्मत सम्भारको लागि लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. २ लाख मध्ये जुन कम हुन आउँछ।<br>• ढिलमा २०० Gram |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | मर्मत सम्भार गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराइ प्राविधिक रूपमा उचित कायम गर्नु पर्ने। | Square Meter (GSM) को बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहित पोखरी मर्मत सम्भारको लागि कुल लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. ५ लाख अनुदान। |
| ३.३६ | साना पोखरी निर्माण कार्यक्रम | • पोखरी निर्माण,<br>• भुरा खरिद तथा ढुवानी,<br>• पानीको व्यवस्थापन,<br>• अभिलेखीकरण र प्रतिवेदन। | • पानीको स्थायी स्रोत र बिजुलीको सुविधा हुनु पर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने,<br>• प्राविधिक मापदण्ड अनुसार पोखरीको क्षेत्रफल २०० देखि ५०० व.मि. हुनुपर्ने,<br>• पोखरीमा कम्तीमा १ मी पानीको गहिराइ हुनुपर्ने,<br>• २ देखि ३ प्रति व.मी एडभान्स फिङगरलिङ स्टकिङ गर्नु पर्ने। | • कुल लागतको अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना बढीमा रु. १ लाख अनुदान। |
| ३.३७ | धानखेतमा माछा/ हाँस पालन प्रविधि प्रदर्शन (नयाँ/क्रमागत) | (क) हाँसको चल्ला खरिद,<br>(ख) माछाको भुरा खरिद,<br>(ग) हाँस खोर निर्माण,<br>(घ) ट्रेन्च निर्माण,<br>(ङ) धान खेतको डिल निर्माण,<br>(च) औषधी खरिद। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/समिति/सहकारी मार्फत कार्यालयले कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कार्यालयले उपयुक्त क्षेत्र र कृषक छनोट गर्नुपर्ने,<br>• कम्तीमा कुल जग्गाको ट्रेन्च १० प्रतिशत हुनुपर्ने र गहिराई २ फिट र चौडाई २ फिट हुनु पर्ने,<br>• कमन कार्पको भुरा स्टक गर्नु पर्ने,<br>• प्रति हेक्टर धान खेतमा हाँसको चल्ला ६०० गोटा पाल्नु पर्ने,<br>• अन्य कार्पको भुरा कम्तीमा २० ग्राम तौल भएको स्टक गर्नु पर्ने,<br>• क्रमागत कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाले थप कृषक लाभान्वित हुने गरी कार्यक्रममा सहभागी | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने<br>• कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |

| क्र.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | गराउनुपर्ने।<br>• लाभग्राही छनोटका लागि सूचना प्रकाशन अनिवार्य छैन। | |
| ३.३८ | प्राकृतिक जलाशय मर्मत सम्भार/प्राकृतिक जलाशयमा मत्स्य प्रवर्द्धन कार्यक्रम | • जलाशयको गहिराइ सुधार तथा डिल मर्मत,<br>• पानीको प्रवेश/निकाशद्वार मर्मत सम्भार,<br>• उत्पादन सामग्री तथा मत्स्य भुरा खरिद। | • प्राकृतिक जलाशयमा आफै वा करारमा लिई माछा पालन गरेको ईच्छुक समूह/सहकारी /उपभोक्ता समिति/निजी व्यवसायीले आवेदन दिनुपर्ने,<br>• स्थानीय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलाशयहरू (घोल/ताल, सिमसार) हुन सक्ने,<br>• जलाशयको न्यूनतम क्षेत्रफल १ हे. र पानीको गहिराई न्यूनतम १.५ मिटर हुनुपर्ने,<br>• सम्भाव्य रहेका जलाशयहरूको स्तरोन्नति गरी वा मत्स्य पालनमा प्रयोग भई रहेको जलाशयमा व्यावसायिक मत्स्य पालन तथा प्रवर्द्धन योजना हुनुपर्ने।<br>• करार अवधि कम्तीमा २ वर्ष बाँकी रहेको हुनुपर्ने।<br>• स्थानीय तहसँग समन्वयमा गर्नुपर्ने। | • कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान,<br>• प्रति हेक्टर जलाशय अधिकतम रु. १ लाख अनुदान। |
| ३.३९ | प्लास्टिक पोखरीमा मत्स्य पालन | • पोखरी निर्माण,<br>• पोखरीमा प्लास्टिक बिच्छ्याउने। | • पानीको स्थायी स्रोतको व्यवस्था हुनु पर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा करारमा लिएको भए सम्झौता अवधि कम्तीमा ५ वर्षको हुनु पर्ने,<br>• सडक, बिजुली बत्तीको सुविधा भएको हुनु पर्ने,<br>• कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम २०० देखि ५०० वर्ग मिटरको पोखरी निर्माण गरी पिंधमा न्यूनतम १२० र डिलमा २०० Gram Square Meter को प्लास्टिक प्रयोग गर्नु पर्ने, | कुल लागतको अधिकतम ७५ प्रतिशत वा प्रति आयोजना अधिकतम रु. एक लाख अनुदान। |

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | • २ देखि ३ प्रति वर्ग मिटरका दरले एडभान्स फिङरलिङ स्टकिङ गर्नु पर्नेछ,<br>• प्राङरिक तथा रसायनिक मलखादको प्रयोग नियमित रुपले गर्नु पर्नेछ,<br>• पिधको भागमा प्लास्टिकमाथि कम्तीमा १ फिट माटो राख्नु पर्ने,<br>• पानी भएको पोखरीको गहिराइ कम्तीमा ४ फिट हुनु पर्ने,<br>• अनुसूची-३१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने। | |
| ३.४० | गौशालामा आयमूलक कार्यक्रम | (क) दुध/गहुंत/गोबरको विविधीकरण प्रशोधन तथा बजारीकरणका लागि उपकरण/सामग्री खरिद,<br>(ख) ट्रस निर्माण तथा भकारो सुधार, कम्पोष्ट पिट, गोबर ग्याँस निर्माण<br>(ग) गोठेमल/भर्मिकम्पोष्ट उत्पादन,<br>(घ) खानेपानी व्यवस्थापन,<br>(ङ) अन्य नविनतम प्रविधि र उपकरणहरू,<br>(च) पशुको छनोट र प्रजनन (प्राकृतिक तथा कृत्रिक गर्भाधान),<br>(छ) Waste Decomposer and Multiplication,<br>(ज) प्रशोधित पिसावको प्रयोगशाला परीक्षण। | कार्यक्रम सञ्चालनका लागि प्राविधिक समिति गठन गरी स्थानीय तहलाई पत्राचार गरी तपसिलको मापदण्ड बमोजिमका आशयपत्र माग गर्ने;<br>• संस्थागत रूपमा स्थानीयस्तरमा सामुदायिक पशुहरूको उद्दार तथा संरक्षण गर्ने उद्देश्यले सञ्चालन भएका गौशालामा कम्तीमा ५० पशुवस्तु पालेको हुनु पर्ने,<br>• स्थानीय तहले गौशाला सञ्चालनका लागि स्थान पहिचान गरी सञ्चालनको स्वीकृति दिएको वा सञ्चालनमा गरेको हुनुपर्ने छ,<br>• गाईको लागि खानेपानी, चरन, घाँस खेतीको लागि उपयुक्त जमिन पर्याप्त हुनुपर्ने,<br>• गौशाला सञ्चालनको लागि लागत साझेदारी गर्ने स्थानीय तहमा कार्यक्रम सञ्चालन प्राथमिकता दिनु पर्ने,<br>• स्थानीय तहको समन्वयमा गौशाला सञ्चालक वा व्यवस्थापनका लागि समिति मार्फत सञ्चालन गरिनेछ। | कुल लागतको अधिकतम ९० प्रतिशत वा प्रति आयोजना अधिकतम रू. १० लाख अनुदान। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ३.४१ | साइलेज उद्योगको लागि मकै उत्पादन/घाँस उत्पादन कार्यक्रम | • जमिनको तयारी,<br>• कम्पोष्ट/रासायनक मल/औषधी खरिद,<br>• सिंचाई तथा गोडमेल,<br>• मकै/घाँसको बीउ/सेट्स खरिद,<br>• घाँस कटान सङ्कलन तथा साईलेज उद्योगसम्म ढुवानी,<br>• मेसिनरी औजार खरिद,<br>• घाँस बिकास तथा संरक्षण सम्बन्धी क्षमता अभिवृद्धि,<br>• अन्य व्यवस्थापकीय खर्च। | • साईलेज उद्योग सञ्चालन गरेको आशपासको क्लष्टर क्षेत्रमा घाँस उत्पादनका लागि मकै/अन्य घाँस खेती गर्न इच्छुक समूह, सहकारी तथा निजी व्यवसायी हुनुपर्ने,<br>• साईलेज उद्योगसँग घाँस खरिद बिक्री गर्ने करार सम्झौता भएको प्रस्तावकालाई प्राथमिकता दिनुपर्ने,<br>• यस कार्यक्रमा सहभागी हुन कम्तीमा १ हेक्टर जमिनमा घाँसखेती गर्नुपर्ने। | कुल लागतको अधिकतम ७५ प्रतिशत वा प्रति हेक्टर बढीमा रु. २५ हजार अनुदान। |
| ३.४२ | दुग्ध उत्पादन तथा दुध डेरी प्रर्बद्धन | • भकारो/गोठ/बायोग्यास निर्माण तथा सुधार,<br>• नस्ल सुधार,<br>• यन्त्र उपकरण खरिद,<br>• जैविक सुरक्षा,<br>• दुध सङ्कलन, प्रशोधन तथा बजारीकरण,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | सम्बन्धित क्षेत्रबाट निम्न मापदण्डको आधारमा आवेदक छनोट गरी कार्यक्रम सञ्चालन गर्ने;<br>• गाईभैंसी पालन गरी दैनिक कम्तीमा ५०० लि. दुध उत्पादन, सङ्कलन तथा बिक्री वितरण गर्दै आएका वा गर्ने योजना रहेका कृषक समूह/ कृषकहरू छनोट गर्नुपर्नेछ,<br>• कम्तीमा २० घरधुरी कृषकहरू लाभग्राही हुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ,<br>• दुग्ध उत्पादन तथा डेरी प्रर्बद्धन गर्ने योजना सहित प्रस्ताव माग गर्नु पर्नेछ। | कुल लागतको अधिकमत ७५ प्रतिशत वा प्रति योजना अधिकतम रु. १० लाख अनुदान। |
| ३.४३ | शीत भण्डार तथा चिस्यान केन्द्र स्थापना/ सुधार र सञ्चालन | • भौतिक संरचना निर्माण/ सुधार<br>• आवश्यक मेसिनरी<br>• सञ्चालन | • सहकारी वा निजी संस्था हुनुपर्ने<br>• आवश्यक जग्गा भएको<br>• भण्डारण र बजारीकरण योग्य उत्पादन संकलन हुने पर्याप्त आधार तथा कृषकहरूको प्रतिबद्धता हुनुपर्ने<br>• सम्भाव्यता तथा आवश्यकता अध्ययन गरी प्राविधिक तथा व्यावसायिक रुपमा उपयुक्त | • कुल स्वीकृत लागतको सहकारीको हकमा ७५ प्रतिशत र निजीको हकमा ५० प्रतिशत |
| ३.४४ | जग्गा भाडामा अनुदान कार्यक्रम | • जग्गाको भाडा | • कृषक, कृषक समूह, सहकारी, फर्म/कम्पनी<br>• तराईको लागि न्यूनतम जग्गा ५ बिगाहा र पहाडको | • अधिकतम प्रति कठ्ठा वार्षिक रु.२००० र प्रति |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | लागि न्यूनतम ४० रोपनी अधिकतम ३० बिगहा बढीमा ३ वर्षसम्म कार्यक्रम सञ्चालन गरिने।<br>• स्थानीयतहको रोहबरमा कम्तिममा ५ वर्षको करार सम्झौता<br>• व्यवसायिक रुपमा बीउ,बाली, फलफुल, पशुपन्छी पालनका लागि जग्गा करार गरी कृषि व्यवसाय प्रवर्द्धन<br>• एकाघर परिवार भित्र एकले सदस्यले अर्को सदस्यलाई करारमा लिए/दिएमा कार्यक्रममा समावेश गर्न नहुने। | रोपनी रु.३००० |
| ३.४५ | कृषि ऋणको ब्याजमा सहुलियत | • व्यवसायीक योजना अनुसार बाली/वस्तु उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण | • सुलभ कर्जा सहजीकरण कार्यविधिमा व्यवस्था भए बमोजिम गर्ने। | |
| ३.४६ | अन्न भण्डार निर्माणमा सहयोग | • पूर्वाधार निर्माणमा सहयोग<br>• न्यूनतम समर्थन मूल्यमा खाद्यान्न खरिद गर्नेलाई प्रोत्साहन<br>• प्रोत्साहन सहयोग सम्बन्धी अध्ययन तथा मापदण्ड तयारी | • सहकारी/निजी व्यवसायी वा स्थानीय तह सहभागी हुनसक्ने<br>• पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा उपलब्ध भएको हुनुपर्ने<br>• जग्गा भाडामा लिएको भए कम्तिमा १५ वर्षको करार सम्झौता हुनुपर्ने<br>• सहयोग प्राप्त गर्ने संस्थाले न्यूनतम ५ वर्ष नेपाल सरकारबाट तोकिएको न्यूनतम समर्थन मूल्यमा खाद्यान्न खरिद गर्नुपर्ने<br>• प्रोत्साहन सहयोग सम्बन्धी छुट्टै मापदण्ड बनाई लागु गर्नुपर्ने<br>• गोदाम घरको डिजाईन निर्देशनालयबाट स्वीकृत गराउनु पर्ने | • कुल स्वीकृत लागत अनुमानको निजीको हकमा अधिकतम ५० प्रतिशत<br>• सहकारी तथा स्थानीय तहको हकमा ७५ प्रतिशत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ३.४७ | रष्टिक/ सेलार स्टोरेज निर्माण/सुधार | • प्राविधिकरुपमा उपयुक्त स्थान छनोट<br>• पूर्वाधार निर्माणमा सहयोग<br>• स्टोर सञ्चालन तथा रेकर्ड व्यवस्थापन | • समूह/सहकारी/नीजी फर्म/स्थानीय तह सहभागी हुन सक्ने<br>• पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा उपलब्ध भएको हुनुपर्ने<br>• जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने<br>• रष्टिक/ सेलार स्टोरेज निर्माणको डिजाईन निर्देशनालयबाट स्वीकृत गराउनु पर्ने | • कुल स्वीकृत लागत अनुमानको निजीको हकमा अधिकतम ५० प्रतिशत<br>• सहकारी तथा स्थानीय तहको हकमा ७५ प्रतिशत |
| ३.४८ | भकारो सुधार | • आवश्यक सामग्री खरिद तथा व्यवस्थापन गर्ने<br>• निर्माण गर्ने<br>• अभिलेख राख्ने। | • कम्तीमा २ वटा ठूला पशु पालन गरेको कृषक सहभागी हुन सक्ने,<br>• स्वीकृत डिजाईन तथा लागत अनुमान अनुसार भकारो सुधार कार्यक्रम अन्तर्गत फ्लोर तथा नाली सहितको मूत्र संकलन खाडल निर्माण वा ड्रम खरिद र मलखादमा छानो बनाउने। | लागत अनुमानको ५० प्रतिशत वा<br>• प्रति योजना (२ ठूला पशुका लागि) अधिकतम रु. १५ हजार<br>• प्रति योजना (३ वा सो भन्दा बढी ठूला पशुका लागि) अधिकतम रु. ३० हजार |
| ३.४९ | अभियानमुखी प्राङ्गारिक मिसन कार्यक्रम/ भकारो सुधार तथा कम्पोष्टिङ (प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम) | • भकारो सुधार<br>• भर्मिकम्पोष्ट, कम्पोष्ट, हरियो मल, जैविक मल, सुक्ष्म जैविक मल, वनस्पतिक विषादी उत्पादनका लागि आवश्यक सामग्री खरिद तथा संरचना निर्माण<br>• क्षमता अभिवृद्धि तालिम<br>• बीउ, बेर्ना, जैविक मल तथा विषादी लगायतका अन्य क्रियाकलापहरूमा सहयोग गर्ने। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• सहभागी हुने कृषकले न्यूनतम २ वटा ठूला पशुपालन गरेको वा न्यूनतम तराईको हकमा ५ कट्ठा र पहाडको हकमा ३ रोपनी क्षेत्रफलमा खेती गरेको वा दुवै भएको हुन सक्ने। | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूहिक रुपमा ७५ प्रतिशत अनुदान। |
| ३.५० | छाडा चौपाया व्यवस्थापनका लागि | (क) चौपाया व्यवस्थापन गर्ने स्थलको (गौशाला निर्माण क्षेत्रको) तारबार/ फेन्सिङ, | • स्थानीय तहको समन्वयमा सञ्चालित गौशालाहरूबाट प्रस्ताव माग गरी छनोट गर्नुपर्ने। | • नाफा मुलक निजी संघ संस्थाको हकमा कुल |

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
| --- | --- | --- | --- | --- |
| | स्थानीय तहसँगको समन्वयमा गौशाला निर्माण तथा सञ्चालनमा सहयोग | (ख) घाँस खेती,<br>(ग) ट्रसहरू, कम्पोष्ट पिट, दाना तथा घास/परालको स्टोर निर्माण,<br>(घ) खानेपानीको व्यवस्थापन,<br>(ङ) आकस्मिक पशु उपचारको व्यवस्थापन,<br>(च) अभिलेखीकरण तथा प्रतिवेदन। | • स्थानीय तहको समन्वयमा गौशाला व्यवस्थापन/सञ्चालन समिति मार्फत सञ्चालन गर्न सकिने।<br>• गौशाला सञ्चालनको लागि लागत साझेदारी गर्ने स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिने,<br>• संस्थागत रूपमा स्थानीयस्तरमा सामुदायिक पशुहरूको उद्दार तथा संरक्षण गर्ने वा पशु कल्याणसँग सम्बन्धित संघसंस्थाहरूबाट सञ्चालन भएका गौशालामा कम्तीमा १०० गाईगोरु संरक्षण गरेको हुनु पर्ने र कम्तीमा २०० गाईगोरु संरक्षण गर्न क्षमता विस्तार गर्न सक्ने सम्भावना भएको,<br>• स्थानीय तहले गौशाला सञ्चालनका लागि स्थान पहिचान गरेको र जग्गा भोगचलन गर्न अनुमति दिएको हुनुपर्ने,<br>• गाईको लागि खानेपानी, चरन, घाँसखेतीको लागि उपयुक्त जग्गा हुनुपर्ने। | लागतको अधिकतम ८५ प्रतिशत अनुदान।<br>• स्थानीय तहको समन्वयमा गैर नाफा मुलक सामाजिक संघ संस्था, मन्दिर व्यवस्थापन, महन्त/जोगीहरूबाट सञ्चालितको हकमा शत प्रतिशत अनुदान।<br>• स्थानीय तहको लागत साझेदारीमा समेत सञ्चालन गर्न सकिने। कुल लागतको कम्तीमा १५ प्रतिशत स्थानीय तहको लागत साझेदारी हुनु पर्ने। |

घ) ब्राण्डिङ र बजारीकरण कार्यक्रम:

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
| --- | --- | --- | --- | --- |
| ४.१ | कृषि सहकारी संस्थालाई कृषि एम्बुलेन्स खरिदमा सहयोग | • ढुवानी साधन खरिद गर्ने।<br>• ढुवानी साधन सञ्चालन विधि बनाई परिचालन गर्ने। | • बाली वस्तु उत्पादन तथा बजारीकरणमा संलग्न सहकारी/संस्था सहभागी हुन सक्ने,<br>• सवारी साधन खरिद गर्दा सम्बन्धित कार्यालयले स्वीकृत गरेको स्पेसिफिकेशन अनुसार कृषि उपज ढुवानीका लागि उपयुक्त Single cab pick up खरिद गर्नुपर्ने,<br>• ढुवानी योग्य परिमाणमा बालीवस्तु उत्पादन, संकलन तथा | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति ढुवानी साधन अधिकतम रू. १५ लाख अनुदान। |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | बजारीकरण कार्यमा संलग्न भएको संस्था हुनुपर्ने,<br>• नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान पाएका संस्थाले आवेदन दिन नसक्ने,<br>• ढुवानी साधनको स्वामित्व संस्थाको हुनुपर्ने र स्वामित्व हस्तान्तरण गर्न नपाइने। | |
| ४.२ | बजारीकरणका लागि केरा उत्पादक संघ/संस्थालाई ढुवानी साधन सहयोग | • ढुवानी साधन खरिद गर्ने।<br>• ढुवानी साधन सञ्चालन विधि बनाई परिचालन गर्ने। | • केरा उत्पादन तथा बजारीकरणमा संलग्न केरा उत्पादक संघ/संस्था सहभागी हुन सक्ने,<br>• सवारी साधन खरिद गर्दा सम्बन्धित कार्यालयले स्वीकृत गरेको स्पेशिफिकेशन अनुसार कृषि उपज ढुवानीका लागि उपयुक्त Single cab pick up खरिद गर्नुपर्ने,<br>• ढुवानी योग्य परिमाणमा वालीवस्तु उत्पादन भएको संस्था हुनुपर्ने,<br>• नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान नपाएका संस्थाले आवेदन दिन सक्ने,<br>• ढुवानी साधनको स्वामित्व संस्थाको हुनुपर्ने र स्वामित्व हस्तान्तरण गर्न नपाइने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति ढुवानी साधन अधिकतम रू. १५ लाख अनुदान। |
| ४.३ | बजारीकरणका लागि अटो-रिक्सा खरिदमा सहयोग | • अटो-रिक्सा खरिद,<br>• ढुवानी साधन सञ्चालन विधि बनाई परिचालन गर्ने। | • बाली वस्तु उत्पादन तथा बजारीकरणमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• सवारी साधन खरिद गर्दा सम्बन्धित कार्यालयले स्वीकृत गरेको स्पेशिफिकेशन अनुसार कृषि उपज ढुवानीका लागि उपयुक्त इ-रिक्सा/ अटो रिक्सा खरिद गर्नुपर्ने,<br>• ढुवानी योग्य परिमाणमा वालीवस्तु उत्पादन, संकलन तथा बजारीकरण कार्यमा संलग्न भएको संस्था हुनुपर्ने,<br>• नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान नपाएका संस्थाले आवेदन दिन सक्ने,<br>• ढुवानी साधन स्वामित्व हस्तान्तरण गर्न नपाइने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति ढुवानी साधन अधिकतम रू. ३ लाख अनुदान। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ४.४ | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम (कृषि) | • अचार, गुन्द्रुक, सिन्की, मस्यौरा, केच अप, भोगो/टिम्मुरको अचार/छोप, कोदो/फापरको परिकार, बेसार/ खुर्सानीको धुलो, फलफूल प्रशोधन (पेय पदार्थ सहित) लगायतका स्थानीय उत्पादनको प्रशोधन तथा बजारीकरण सहयोगसँग सम्बन्धित मेशिनरीहरू, क्यारेट, प्याकेजिङ तथा लेबलिङ लगायत क्रियाकलापहरूमा सहयोग। | कार्यालयले प्राविधिक कार्यदल मार्फत कृषि उद्यम सञ्चालनको लागि सम्भाव्य क्षेत्रबाट लघुउद्यम सञ्चालन गर्न ईच्छुक फर्म/कम्पनी/कृषक समूह/सहकारी छनोट गर्नुपर्ने।<br>• प्रशोधन सम्बन्धी तालिम लिएका तथा अनुभव भएकालाई प्राथमिकता दिन सकिने,<br>• स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगहरूलाई प्राथमिकता दिने।<br>• स्थानीय सम्भाव्यताको आधारमा साना प्रशोधन उद्योग प्रवद्धन गर्नुपर्ने।<br>• लाभग्राही छनोटका लागि सूचना प्रकाशन अनिवार्य छैन। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने<br>• कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |
| ४.५ | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम (पशुपन्छी) | • दुग्धजन्य परिकार (खुवा, पेडा, छुर्पि, कुल्फि, आइसक्रिम, पनिर, दही, आदि) र मासुजन्य परिकारहरू (ससेज, सलामि, मिटबल, अचार आदि) उत्पादन,<br>• परिकार लेबलिङ र प्याकेजिङ गर्ने क्रियाकलापहरू,<br>• आवश्यक सामग्री, मेसिनरी, औजार, उकपरणहरू,<br>• आवश्यक प्रिजरभेटिभस्, फूड एडिटिभ्स, इडिबल रङ, शुक्ष्मजीवाणु आदि,<br>• क्षमता अभिवृद्धि तालिम,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | कार्यालयले प्राविधिक कार्यदल मार्फत दुग्ध/माछा मासुजन्य लघु उद्यम सञ्चालनको लागि तपसिलको सम्भाव्य क्षेत्रबाट लघुउद्यम सञ्चालन गर्न ईच्छुक फर्म/कम्पनी/कृषक समूह/सहकारी छनोट गर्नुपर्ने।<br>• व्यावसायिक रूपमा दुध वा माछामासु उत्पादन हुने क्षेत्र,<br>• बाटो, बिजुली, खानेपानीको पहुँच भएको स्थान,<br>• स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले स्थापना भएका लक्षित ग्रामीण साना उद्योग,<br>• लघु उद्यमबाट उत्पादन प्रशोधन तथा प्याकेजिङ गरी बजारमा उपलब्ध गराउनु पर्ने,<br>• उद्यमशिलता सम्बन्धी तालिम वा व्यावहारिक अभ्यास गरेको वा ईच्छुक भएको आवेदकलाई प्राथमिकता दिनुपर्ने,<br>• लघु उद्यम सञ्चालन गरेको उद्यमीलाई सो सम्बन्धी क्षमता विकास/प्रर्वद्धनमा प्राथमिकता हुने।<br>• लाभग्राही छनोटका लागि सूचना प्रकाशन अनिवार्य छैन। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने<br>• कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ४.६ | डेरी पसल सुधार/निर्माण | • Stainles Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, प्याकेजिङ्ग मेशिन, क्रिम सेपेरेटर, चिलिङ भ्याट, आदिको खरिद गर्ने।<br>• डेरी पसलको सजावट, पानी र फोहोर व्यवस्थापन आदि,<br>• टायल लगाउन र सिलिङ्को व्यवस्थापन,<br>• डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गर्ने वा टायल/मार्बल लगाउन,<br>• डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खरिद गर्ने। | • प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा २०० लिटर र तराईमा कम्तीमा ४०० लिटर दुधको कारोबार गरिरहेकोगर्नुपर्ने।<br>• अनुसूची-३१ अनुसारको मापदण्ड पूरा गरेको हुनुपर्ने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति योजना अधिकतम रु. २ लाख |
| ४.७ | मासु/माछा पसल सुधार/निर्माण | •अनुसूची-३० मध्येको आवश्यकता अनुसारको मापदण्ड सहयोगी क्रियाकलापहरू.<br>माछा पसलको हकमा क्र.नं. ३.३ अनुसारका क्रियाकलापहरू। | • स्वस्थ, स्वच्छ मासु बिक्री वितरण गर्नु पर्ने,<br>• सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तीमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनु पर्ने र माछा पसलको हकमा दैनिक कम्तीमा ५० के.जी. माछा बिक्री वितरण गरी रहेको वा गर्नुपर्ने,<br>• स्थानीय तहका शहरउन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरणमा संलग्न वा पसलाई व्यवस्थित गर्न चाहने मासु उधमी/मासु व्यवसायीहरूले प्राथमिकता पाउनेछन,<br>• पशुवध गर्दा निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति योजना अधिकतम रु. २ लाख |
| ४.८ | दुध संकलन केन्द्र स्थापना/सुदृढीकरण | • दुध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण,<br>• चिलिङ भ्याट, Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, प्रशोधन उपकरण, जेनेरेटर आदि खरिद। | • साझेदारीमा दुग्ध सहकारी/समूह/समिति/निजी उधमी सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा ५०० लिटर र तराईमा कम्तीमा १००० लिटर दुधको कारोबार गरिरहेको हुनुपर्ने। | कुल लागतको निजीको हकमा अधिकतम ५० र सामुदायिकको हकमा अधिकतम ७५ प्रतिशत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ४.९ | दुग्ध उत्पादन तथा दुध डेरी प्रवर्द्धन | • भकारो/गोठ/बायोग्यास निर्माण तथा सुधार,<br>• नस्ल सूधार,<br>• यन्त्र उपकरण खरिद,<br>• जैविक सुरक्षा,<br>• दूध सङ्कलन, प्रशोधन तथा बजारीकरण,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | सम्बन्धित क्षेत्रबाट निम्न मापदण्डको आधारमा आवेदक छनोट गरी कार्यक्रम सञ्चालन गर्ने;<br>• गाईभैंसी पालन गरी दैनिक कम्तीमा ५०० लि. दूध उत्पादन, सङ्कलन तथा बिक्री वितरण गर्दै आएका वा गर्ने योजना रहेका कृषक समूह/ कृषकहरू छनोट गर्नुपर्नेछ,<br>• कम्तीमा २० घरधुरी कृषकहरू लाभग्राही हुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ,<br>• दुग्ध उत्पादन तथा डेरी प्रवर्द्धन गर्ने योजना सहित प्रस्ताव माग गर्नु पर्नेछ। | • अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १० लाख |
| ४.१० | जिउँदो माछा बिक्री वितरण स्टल निर्माण /सुधार | • व्यवस्थित आउटलेट सहित सिमेन्टेड ट्याकं निर्माण, ट्याकंको भुईमा टायल वा मार्बल बिछ्याउने र भित्तामा टायल लगाउने,<br>• माछा काट्दा निस्कने फोहोर व्यवस्थापन,<br>• शौचालय र वासिङ बेसिन निर्माण/सुधार,<br>• माछा राखेर बिक्री गर्ने ठाउँका लागि शिशा सहितको बिक्रीकक्ष निर्माण,<br>• माछा काट्ने, धुल्लाउने र सफा गर्ने स्लाव निर्माण,<br>• माछालाई जिवित राख्न पर्याप्त पानीको स्रोत तथा ऐरेसन आदिको व्यवस्थापन गर्नुपर्ने,<br>• धुल्याउने मेसिन, तराजु, डिजिटल ब्यालेन्स आदि खरिद। | • शहरी क्षेत्रको प्रमुख बजार केन्द्रित भई जिउँदो माछा बिक्री विवरण गर्ने फर्म/समूह/समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• आवेदकले दैनिक कम्तीमा ५० के.जी. माछा बिक्री वितरण गरी रहेको वा गर्नुपर्ने। | कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान। |
| ४.११ | मिट मार्ट स्थापना तथा सञ्चालनमा सहयोग | • मासुको मूल्य अभिवृद्धि गर्न प्रशोधन र बजारीकरण सम्बन्धी भौतिक निर्माण, यन्त्र, उपकरण खरिद,<br>• शोरुम, रेफ्रीजेरेशन एकाइ,<br>• एकाउण्टीङ/बिलिङ प्रणाली स्थापना तथा सुधार,<br>• फोहोर व्यवस्थापन, | • पशुपन्छी उत्पादन/बिक्री वितरण गर्ने कार्यमा संलग्न समूह/सहकारी/फर्म हुनु पर्ने,<br>• दैनिक ५०० कि.ग्रा. मासु आफ्नै उत्पादन वा दैनिक कम्तीमा १००० कि.ग्रा. मासुको कारोबार गरेको हुनु पर्ने, | • कुल लागतको निजीको हकमा अधिकतम ५० प्रतिशत र सामुदायिकको हकमा |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • अभिलेखीकरण र प्रतिवेदन। | • मिट मार्ट स्थापनाको लागि दीर्घकालिन योजना सहित कम्तीमा ५ वर्ष सञ्चालन गर्ने प्रतिवद्धता हुनुपर्ने। | अधिकतम ७५ प्रतिशत अनुदान |
| ४.१२ | बंगुर मासु प्रशोधन केन्द्र | • प्रशोधन केन्द्रको लागि आवश्यक पूर्वाधार र मेसिनरी औजार खरिद,<br>• शोरुम, रेफ्रीजेरेशन एकाइ<br>• एकाउण्टीड/चिलिङ प्रणाली स्थापना तथा सुधार<br>• अभिलेखीकरण र प्रतिवेदन। | निम्न मापदण्ड अनुसार सञ्चालनको छनोट गर्नेछ;<br>• बाटो, यातायात, बजार भएको शहर उन्मुख क्षेत्र हुनु पर्नेछ,<br>• मासु प्रशोधन उद्देश्य लिई दर्ता भएको फर्म/कृषक/कृषक समूह/सहकारी हुनुपर्ने,<br>• वध गर्दा निस्कने फोहोरको उचित व्यवस्था भएको हुनु पर्ने,<br>• मासु प्रशोधनको लागि दीर्घकालिन योजना सहित कम्तीमा ३ वर्ष सञ्चालन गर्ने प्रतिवद्धता हुनुपर्ने। | • कुल लागतको निजीको हकमा अधिकतम ५० प्रतिशत र सामुदायिकको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १० लाख |
| ४.१३ | पशुपन्छीजन्य उपज भण्डारण तथा बजारीकरण पूर्वाधार सहयोग | • पशुपन्छीजन्य उपज चिस्यान सहितको भण्डारण कक्ष निर्माण,<br>• बजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण,<br>• आवश्यक उपकरणहरू खरिद,<br>• ढुवानी साधन खरिद। | • उत्पादन, संकलन र बजारीकरणमा संलग्न सहकारी संस्थाहरूबाट प्रस्ताव माग गरी छनोट गर्नुपर्ने,<br>• लागत साझेदारी गर्न प्रतिवद्धता गर्ने स्थानीय तहमा कार्यक्रम सञ्चालन प्राथमिकता दिनुपर्ने,<br>• भौतिक पूर्वाधार निर्माण र बजारका लागि आवश्यक जग्गा सम्बन्धित संस्थाको नाममा हुनुपर्ने वा सार्वजनिक निकाय वा संस्थाको जग्गा भएमा कम्तीमा १० वर्षको करारनामा वा भोगचलन सम्बन्धी स्वीकृति पत्र/निर्णय हुनु पर्ने। | • कुल लागतको अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १५ लाख |
| ४.१४ | उत्पादक, संकलक, प्रशोधन र बजारीकरण सहजीकरण कार्यक्रम | • उत्पादक र व्यवसायी विच अन्तरक्रिया तथा भ्रमण<br>• कृषि उपज उपयोग गर्ने व्यवसायी/उद्योगीहरू सँग Buyback समझदारी गर्ने<br>• कृषि उपज प्रशोधन गर्ने उद्योगीहरूलाई वस्तुगत सहयोग गर्ने | • व्यावसायिक परिमाणमा उत्पादन हुने क्षेत्रमा थोक व्यापारी तथा कृषि उपज प्रशोधन उद्योगीहरूको कृषकहरू सँग भेटघाट एवम् छलफल<br>• लिखित सम्झौता गरी Buyback guarantee गर्ने व्यवसायी/उद्योगीलाई वस्तुगत सहयोग गर्ने | • कुल लागतको अधिकतम ५० प्रतिशत |
| ४.१५ | बजार पूर्वाधार निर्माण | • प्राविधिकरुपमा उपयुक्त स्थान छनोट<br>• पूर्वाधार निर्माणमा सहयोग | • समूह/सहकारी/निजी फर्म/ स्थानीय तह सहभागी हुन सक्ने<br>• पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा उपलब्ध भएको | • कुल स्वीकृत लागत अनुमानको निजीको |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • बजार सञ्चालन तथा रेकर्ड व्यवस्थापन | हुनुपर्ने<br>• बजार पूर्वाधारको डिजाईन निर्देशनालयबाट स्वीकृत गराउनु पर्ने | हकमा अधिकतम ५० प्रतिशत<br>• सहकारी तथा स्थानीय तहको हकमा ७५ प्रतिशत |

ङ) विशेष लक्षित कार्यक्रम:

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ५.१ | महिला लक्षित उन्नत बीउ कीट वितरण कार्यक्रम | • बाली लगाउने मौसम अनुसार कार्यालयले खरिद गरी वितरण गर्नुपर्ने। | • महिला कृषकहरूलाई दलहन/तेलहन वा तरकारी बालीको बीउ कीट वितरण गर्नुपर्ने। स्वदेशी जातका खाद्यान्न बालीको बीउ वितरण गर्न सकिने,<br>• अन्य कार्यक्रमले नसमेटिएका वा सीमान्तकृत समुदाय तथा विपन्न वर्गलाई प्राथमिकता दिई सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• बजेटको परिधिभित्र रही प्रति बीउ कीट अधिकतम रू. ५०० खर्च गर्न सकिनेछ। |
| ५.२ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम (कृषि तर्फ) | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• तालिम तथा सचेतना। | • कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा बाली/वस्तु पहिचान गर्नुपर्नेछ,<br>• लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न मुक्त कमैया/कम्लहरी, भूमिहीन, मुसहर, चिडीमारमंगता ,पासी ,, नटुवा , बादी ,गडरिया, बोटे, माझी, किहरिया, कुचबन्धिया, खुना, कुमाल आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने।<br>• कार्यालयले चौथो तहका प्राविधिकहरूलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• प्रति परिवार अधिकतम रु. २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| ५.३ | लक्षित समुदाय विशेष | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण | • कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको | • कार्यालयले लागत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | आय आर्जन कार्यक्रम (पशुपन्छी तर्फ) | सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• तालिम तथा सचेतना। | मागको आधारमा बाली/वस्तु पहिचान गर्नुपर्नेछ,<br>• लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न गरीब घरपरिवार परिचय प्राप्त व्यक्ति, मुक्त कमैया/कम्लहरी, भूमिहीन, मुसहर, चिडीमार, पासी, मंगता नटुवा, गडरिया, बादी, बोटे, माझी, किङरिया, कुचबन्धिया, खुना, कुमाल आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा प्रति घरधुरी १०० कुखुरा, बाख्रा/बङ्गुरको हकमा ३ वटा पाठापाठीका दरले कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने,<br>• कार्यालयले चौथो तहका प्राविधिकहरूलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने। | अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• प्रति परिवार अधिकतम रु. ५० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| ५.४ | स्थानीय तहको साझेदारीमा पुष्प वाटिका निर्माण कार्यक्रम | पुष्प वाटिकाको रेखाङ्कन, पुष्प तथा आलङ्कारिक वर्गका बिरुवा/बीउ कलगायत वाटिका निर्माणका लागि आवश्य , सामग्री खरिद, सौन्दर्यीकरण सम्बन्धी भौतिक संरचना निर्माण लगायतका क्रियाकलाप। | • कार्यालयले तोकिएको स्थानमा वा सम्बन्धित स्थानीय तहको समन्वयमा कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने |
| ५.५ | खाद्य सुरक्षा गरिबी निवारण तथा जिविकोपार्जन कार्यक्रम Dual Purpose (बहु उद्देश्यीय) कुखुरा पालन कार्यक्रम | (क) समूह गठन/परिचालन,<br>(ख) खोर निर्माण सुधार,<br>(ग) स्थलगत कुखुरा पालन तालिम,<br>(घ) आहारा,नस्ल सुधार,औषधी तथा खोप, बीमा, क्षमता अभिवृद्धि, अभिलेख व्यवस्थापन अनुसूची-३२ अनुसार गर्ने, र अनुगमन निरीक्षण तथा प्रतिवेदन। | • सहभागी तथा स्थान छनोट स्थानीय तहसँग समन्वय गर्ने,<br>• सहभागी संख्या छनोट गर्दा आर्थिक अवस्था न्यून भएका दलित, जनजाति, सीमान्तकृत तथा एकल महिलाहरूलाई प्राथमिकता दिई छनोट गर्न सकिने,<br>• समूह गठन गर्दा कम्तीमा १५ जना किसानहरू छनोट गरी समूह गठन गर्नुपर्ने।<br>• कार्यालयले चौथो तहका प्राविधिकहरूलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने। | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |
| ५.६ | पोषण सुधारको लागि सुङ्गुर/बङ्गुर र स्थानीय/ग्रामिण कुखुरा | (क) खोर सुधार वा निर्माण,<br>(ख) पोषण आहारा व्यवस्थापन,<br>(ग) खोप र उपचार, | • सरोकारवालाको समन्वयमा विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाति र अन्य)मा प्राथमिकता दिई स्थान र कृषकको छनोट गर्ने, | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | पालन कार्यक्रम | (घ) उच्च नस्लका पाठापाठी तथा चल्ला वितरण,<br>(ङ) तालिम,<br>(च) दाना पानीका भाँडा,<br>(छ) परजीवि नियन्त्रण, | • कुखुरापालनको हकमा कम्तीमा २५ जना र बङ्गुरपालनको कम्तीमा २० जना कृषकहरूको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने,<br>• कुखुराको हकमा प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएको कुखुराको चल्ला र बँगुर तथा सुँगुरको हकमा प्रति कृषक ४५ दिन हुर्किएको ३ वटा पाठापाठी वितरण गर्नु पर्ने,<br>• कार्यालयले चौथो तहका प्राविधिकहरूलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने।<br>• अनुसूची ३३ बमोजिम गर्ने। | गरी सञ्चालन गर्ने,<br>• पूर्वाधार निर्माणमा ७५ प्रतिशत र अन्य उत्पादनमूलक क्रियाकलापमा शत प्रतिशत अनुदान। |
| ५.७ | आयआर्जनका लागि महिला समूह मार्फत सामूहिक बाख्रापालन कार्यक्रम/बाख्रा प्रवर्द्धन कार्यक्रम/उन्नत जातको बाख्रा/पाठा वितरण | (क) खोर निर्माण सुधार, टाट्नो निर्माण।<br>(ख) पशु आहारा (डाले तथा भूईं घाँस तथा बीउ बेर्नाहरू, भिटामिन, मिनिरल) व्यवस्था।<br>(ग) पशु स्वास्थ्य (खोप, परजीवि विरुद्ध औषधी) व्यवस्थापन।<br>(घ) क्षमता अभिवृद्धि (तालिम)।<br>(ङ) नस्ल सुधारका लागि बोका वितरण। | कार्यालयले निम्न मापदण्डको आधारमा स्थान र कृषकको छनोट गर्नुपर्ने;<br>• कम्तीमा २० सदस्यीय महिलाको (बाख्रा प्रवर्द्धन कार्यक्रमको हकमा मिश्रित समूह समेत) समूहमा कम्तीमा १०० वटा माउ बाख्रा पालेको हुनुपर्ने,<br>• पशुहरूको बीमा गर्ने अभ्यास भएका समूहलाई प्राथमिकता दिनुपर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• अधिकतम ७५ प्रतिशत अनुदान। |
| ५.८ | वादी, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि पशुपन्छी, कुखुरा तथा मत्स्य पालन कार्यक्रम सञ्चालन | • प्रजनन योग्य पशु/पन्छी तथा मत्स्य बिज खरिद तथा वितरण,<br>• उत्पादन सामग्री (बीउ, मल, नस्ल, औषधी तथा शुक्ष्म खाद्य तत्व) खरिद तथा वितरण,<br>• नियमित प्राविधिक तथा सामाजिक परिचालन सेवा,<br>• अभिलेखीकरण तथा प्रतिवेदन। | तपसिलको मापदण्ड अनुसार सम्बन्धित जिल्ला कार्यालयसँग समन्वय गरी प्राविधिक दृष्टिकोणले उपयुक्त कलष्टरमा समुदाय पहिचान गरी सञ्चालन गर्ने,<br>• लक्षित वर्ग विशेष थारू, मुक्त कमैया, कम्लरी, चिडीमार, वादी जस्ता विपन्न, द्वन्द पिडित, अपाङ एवम् अल्प संख्यक वा आर्थिक रूपमा विपन्न लक्षित वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदाय खुलेको परिचय पत्र वा सम्बन्धित स्थानीय तहको सिफारिस पेश गरेको हुनुपर्ने, | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• प्रति परिवार अधिकतम रु. ५० हजार सम्म शत प्रतिशत अनुदान। |

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • आर्थिक रूपमा विपन्न, सिमान्तकृत तथा एकल महिला आवेदकलाई प्राथमिकता दिइनेछ,<br>• व्यवसायउन्मुख उत्पादनमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• ग्रामिण कुखुरा १०० वटा वा बाख्राका पाठापाठी ३ वटा वा बङ्गुरको पाठापाठी कम्तिमा ३ वटाका दरले प्रति परिवार उपलब्ध गराउने र एक कलष्टरमा न्यूनतम १० घरधुरी समेट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यालयले चौथो तहका प्राविधिकहरूलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने। | |

च) उत्पादन सामग्री व्यवस्थापनः

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| ६.१ | आवश्यकतामा आधारित कृषि/पशुपन्छी विकास सहयोग कार्यक्रम/व्यावसायिक कृषि/ पशुपन्छी /मत्स्य व्यवसायिहरूलाई बस्तुगत सहयोग | • कृषिजन्य उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग हुने यन्त्र, उपकरण तथा पूँजीगत सामग्रीहरू कार्यालयले खरिद गरी उपलब्ध गराउने। | • मन्त्रालयको मन्त्री, सचिव, महाशाखा प्रमुख वा निर्देशनालयबाट निर्देशक वा प्रमुखबाट अनुगमनको क्रममा कृषकको माग उपयुक्त देखी अनुगमनकर्ताबाट कृषकहरूको सामान्य आवश्यकता पुरा हुने खालका बस्तुगत/प्रविधिगत सहयोग उपलब्ध गराउन सम्बन्धित कार्यालयलाई सिफारिस भएको हुनुपर्ने,<br>• मन्त्रालय वा मातहतका निकायबाट विगतमा कुनै किसिमको अनुदान नलिएको हुनुपर्ने,<br>• कृषकले अनुगमनकर्तालाई अनुगमनका क्रममा निवेदन दिन सक्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• कार्यालयले प्रोत्साहन स्वरूप प्रति कृषक अधिकतम रू. ३० हजार बराबरको बस्तुगत सहयोग उपलब्ध गराउन सक्ने। |
| ६.२ | गोठ सुधार कार्यक्रम | • गोठको भुई सुधार, दानापानी खुवाउने डुड निर्माण, छानो र मुत्र संकलन खाडल निर्माण। | • निजी उघमी/समूह/सहकारी मार्फत पशुको गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रत्येक कृषकले न्यूनतम ५ वटा गाई/भैंसी पालन गरेको हुनुपर्ने। | अधिकतम ५० प्रतिशत अनुदान<br>• प्रति कृषक घरधुरी अधिकतम रु. ७५ |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | हजार,<br>• प्रति समूह/सहकारी अधिकतम रु. १० लाख। |
| ६.३ | मत्स्य व्यवसायका लागि यान्त्रिकरणमा सहयोग | एरिएटर, दाना बनाउने मेशिनहरू, पानी जाच्ने मेशिन तथा मत्स्यमा प्रयोग हुने अन्य मेसिनरी सामग्रीहरू खरिद। | कम्तीमा ०.१ हे. जलाशय भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान। |
| ६.४ | कष्टम हायरिङ सेन्टर | • भौतिक संरचना निर्माण/ सुधार<br>• आवश्यक मेसिनरी<br>• सञ्चालन | • स्थानीय तह, कृषक समूह वा सहकारी<br>• आवश्यक जग्गा भएको<br>• सामूहिक प्रयोजनको लागि स्थापना गरी परिचालन गर्नुपर्ने | • कुल स्वीकृत लागतको ७५ प्रतिशत अनुदान। |
| ६.५ | यान्त्रिकीकरण प्रवर्द्धन | • साना तथा ठूला कृषि यन्त्र उपकरण (सिंचाई सम्बन्धी उपकरण बाहेक) उपलब्ध गराउने | • कृषक/समूह/ सहकारी<br>• व्यावसायिक खेती गरेको हुनुपर्ने | ट्रेक्टर, मिनि टिलर, पावर टिलर र कम्बाईन हार्वेसटरमा कुल लागतको अधिकतम ५० प्रतिशत र अन्य उपकरणमा ७५ प्रतिशत अनुदान। |
| ६.६ | प्राङगारिक मल प्रशोधन केन्द्र स्थापना/सुधार | • पूर्वाधार निर्माणमा सहयोग<br>• प्रशोधन केन्द्र सञ्चालन तथा रेकर्ड व्यवस्थापन | • समूह/सहकारी/निजी फर्म/ स्थानीय तह सहभागी हुन सक्ने<br>• पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा उपलब्ध भएको हुनुपर्ने<br>• निर्माणको डिजाईन निर्देशनालयबाट स्वीकृत गराउनु पर्ने | • कुल स्वीकृत लागत अनुमानको निजीको हकमा अधिकतम ५० प्रतिशत अनुदान।<br>• सहकारी तथा स्थानीय तहको हकमा ७५ प्रतिशत अनुदान। |

छ) क्षमता अभिवृद्धि कार्यक्रमः

| क.सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| ७.१ | प्राङ्गारिक मल सुधारका लागि क्षमता अभिवृद्धि कार्यक्रम | • तालिम तथा सचेतना,<br>• प्राङ्गारिक मल उत्पादनसँग सम्बन्धित आवश्यक सामग्रीहरू,<br>• प्राङ्गारिक मल प्रयोग, परीक्षण तथा प्रर्दशन,<br>• अभिलेखीकरण गर्नुपर्ने। | • कार्यालयले जिल्लास्थित कार्यालयको समन्वयमा प्राङ्गारिक मल सुधार गर्नु पर्ने स्थान छनोट हुनु पर्ने,<br>• कार्यक्रम सञ्चालन गर्ने स्थानमा कम्तीमा २० कृषक घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्नु पर्ने,<br>• तालिम तथा सामग्री वितरणका लागि कृषक छनोट गर्दा ठूला पशु पालन गरेका कृषकहरूलाई प्राथमिकता दिनु पर्ने,<br>• व्यावसायिक रूपमा प्राङ्गारिक मल उत्पादन गरिरहेको र उक्त प्रविधि प्रसार गर्न ईच्छुक उद्योग/प्राविधिक व्यक्ति परिचालन गर्न सकने। | |
| ७.२ | जिल्ला दुग्ध सहकारी संघको क्षमता विकास/ सहयोग कार्यक्रम | • तालिम तथा वस्तुगत सेवा<br>• अवलोकन, भ्रमण | • सक्रिय दुग्ध सहकारी संघ हुनुपर्ने, | |
| ७.३ | हुलाकीमार्ग लक्षित भैंसीको वंश सुधार क्षमता विकास तथा सचेतना | • सचेतना मूलक होर्डिङ बोर्ड,प्रकाशन,प्रसारण,<br>• तालिम तथा क्षमता विकास,<br>• कृत्रिम गर्भाधान सेवा सञ्चालनमा सहयोग,<br>• प्राकृतिक गर्भधानका लागि रागो खरिद,<br>• सामुदायिक पशु प्रजन्न केन्द्र स्थापना गर्न सकिने। | • तराईको ६ जिल्लामा कार्यक्रम सञ्चालन गरिने,<br>• प्राविधिक सम्भाव्यताको आधारमा भैंसी पालनको पकेट क्षेत्र पहिचान तथा छनोट गर्ने,<br>• समूह/सहकारीसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न। | |
| ७.४ | माछामारी जिविकोपार्जन गर्ने समुदायका लागि क्षमता अभिवृद्धि कार्यक्रम | • लक्षित समूदाय/स्थान छनोट,<br>• समूह गठन/पुनर्गठन,<br>• जल तथा जलीय जीव संरक्षण तथा व्यवस्थापन सम्बन्धी १ दिने तालिम,<br>• माछा मार्न प्रयोग गरिने साधन, सुरक्षा सम्बन्धी साधनहरू वितरण,<br>• माछा प्रवर्धनको लागि भुरा छाड्ने कार्यक्रम, | • नदिनाला, ताल तलैया लगायत प्राकृतिक जलाशयमा माछामारी जिविकोपार्जन गर्ने समुदाय (माझी, बोटे, दनुवार, सोनाहा, थारु, केवट, दलित, उत्पिडित आदि),<br>• न्यूनतम १० घर परिवार समेटिनु पर्ने | |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| | | • जनचेतनामूलक होर्डिङ बोर्ड, पोष्टर पम्पलेट आदि प्रकाशन तथा वितरण। | | |

## ज) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (उत्पादन प्रवर्द्धन कार्यक्रम सहयोग)

यस कार्यक्रममा सहभागी हुन कार्यालयले १ महिनाको सूचना अवधि दिई कृषकहरूलाई कार्यक्रममा सहभागी हुन आह्वान गर्नेछ। अन्य कुनै निकायबाट प्रतिफलमा आधारित प्रोत्साहन सहयोग पाएकोमा बाली/वस्तु दोहोरो नहुने गरी प्रतिफलमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउन सकिनेछ। उल्लेखित मापदण्ड पुरा गरेका अनुदानग्राही/सेवाग्राही यस कार्यक्रममा सहभागी हुन सक्नेछ।

| सि.न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| ८.१ | दुध उत्पादन | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोबारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने,<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको | • आवेदकको नागरिकताको प्रतिलिपि,<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं., करचुक्ता कागजात,<br>• दुधको कारोबार खुल्ने बार्षिक लेखा | प्रति लिटर अधिकतम रु. २/- (कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

| क्र.सं. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| | | हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तीमा ७००० लिटर र पहाडमा मासिक औषत कम्तीमा ३००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने,<br>• निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | परीक्षण प्रतिवेदन र आवेदकको बैंक खाता नं.। | |
| .२ | माछा/मासु/ अण्डा (खाद्य/भेडा/बंगुर/रागां/माछा) उत्पादन | • गत आ.व. को उत्पादन गरेको खाद्य, भेडा, बंगुर, अण्डा, अण्डा तथा माछाको मासु कारोबारको अभिलेख पेश गर्नु पर्ने।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेडा/बंगुर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने।<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको | • पशु पन्छी वा माछा पालकको अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। | प्रति कि.ग्रा. अधिकतम<br>जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले,<br>जिउँदो रांगाको हकमा वरु. १५ का दरले,<br>जिउँदो बगुंरको हकमा रु. १५ का दरले,<br>माछाको हकमा रु. १५ का दरले,<br>अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले।<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

| क्र.सं. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| | | हुनुपर्ने। वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेडा/बंगुर/ राँगा/माछा उत्पादक सहकारी संस्था आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी बोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष बिक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमाः निजीको हकमा तराईमा २ मे.ट, पहाडमा १ मे.ट प्रति वर्ष बिक्रि कारोवार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट बार्षिक कारोबार गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • कारोवार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैंक खाता नं.। | |
| .३ | मत्स्य ह्याचरी वा नर्सरी | • सम्पूर्ण पूर्वाधार व्यवस्थित भई ह्याचरी वा नर्सरी पूर्ण रूपमा सञ्चालनमा रहेको हुनुपर्ने,<br>• न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा रेयरिङ पोखरीको व्यवस्था हुनुपर्ने,<br>• ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचबिखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, फार्ममा जैविक सुरक्षा बिधि अवलम्बन गरेको हुनुपर्ने, | • व्यावसायिक योजना,<br>• सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस,<br>• बिक्री वितरणको अभिलेख, कारोबारको तथा आम्दानी खर्च देखिने कागजातहरू<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। | • ह्याचलिङ रु ३०० प्रति लाख<br>• फ्राइ रु २००० प्रति लाख<br>• फिङरलिङ रु ५००० प्रति लाख<br>• एडभान्स फिङरलिङ रु १०००० प्रति लाख<br>• इएरलिङ रु १ प्रति गोटा<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

| सि.न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| | | • स्वस्थ ,परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने,<br>• उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजीवी बिहीन हुनुपर्ने। | • कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैंक खाता नं.। | |

## परिच्छेद -४
## कार्यक्रम सञ्चालन प्रक्रिया

९. **प्रस्ताव माग:** (१) कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार दफा ८ को उपदफा (२) मा व्यवस्था भए बमोजिमका कार्यक्रमहरू सम्बन्धमा मापदण्डमा सूचना आहान गर्नु नपर्ने उल्लेख भएकोमा बाहेक लागत साझेदारीमा सञ्चालन गरिने कार्यक्रमहरू प्रस्ताव आहान गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। तर कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने कार्यक्रमहरूको हकमा प्रस्ताव आहान गर्नुपर्ने छैन।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्नुपर्ने भएमा **अनुसूची-३४** अनुसारको कम्तीमा १० दिनको सूचना कार्यालयको वेबसाइट, सामाजिक सञ्जाल तथा स्थानीय एफ.एम.बाट प्रकाशन गरी अनुदानग्राहीसँग प्रस्ताव माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन गरी सञ्चालन गर्ने कार्यक्रमहरूको बाली/वस्तुको उत्पादन क्षेत्रफल/संख्या, उत्पादन, आम्दानी र रोजगारीको अवस्थाको आधारभूत विवरणको **अनुसूची-४४** मा तोकिए बमोजिम अभिलेख राख्नुपर्नेछ।

(४) लागत साझेदारीमा निर्माण गरिने भौतिक पूर्वाधार निर्माण (बीउ भण्डारण गृह, रस्टीक/सेलार स्टोर, शीत भण्डार गृह, कोल्ड च्याम्बर, संकलन केन्द्र र अन्य १० लाख वा सो भन्दा बढी लागत हुने संरचना) गर्नुपर्ने हकमा प्रचलित मापदण्ड तथा दररेट सहितको वास्तविक लागत अनुमान, डिजाइन, नक्सा लगायतका विवरणहरू प्रस्ताव पेश गर्दा नै अनिवार्य पेश गर्नु पर्नेछ।

१०. **प्रस्ताव पेश:** दफा ९ (१) बमोजिमका सूचना अनुसार दफा ८ (२) मा उल्लेखित कार्यक्रमहरूमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले कार्यालयमा अनुसूची-३५, मागमा आधारित कार्यक्रमका लागि अनुसूची-३६, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि अनुसूची ३७ को ढाँचामा निवेदन र कृषि तर्फ अनुसूची-३८ र पशुपन्छी तर्फ अनुसूची-३९ बमोजिमको ढाँचामा प्रस्ताव सहित तोकिए बमोजिमको कार्यालयमा पेश गर्नु पर्नेछ।

११. **प्रस्ताव मूल्याङ्कन र सिफारिस:** (१) कार्यालयमा प्राप्त प्रस्तावमा संलग्न कागजातहरूको अध्ययन एवम् मूल्याङ्कन गरी प्रारम्भिक छनोट गरिनेछ।

(२) प्रारम्भिक छनोटबाट स्वीकृत भएका प्रस्तावहरूको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यदलले स्थलगत प्रमाणीकरण सहित अनुसूची-४० बमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकता क्रम तयार गरी दफा १५ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति समक्ष स्वीकृतीका लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रम कार्यान्वयन समितिबाट स्वीकृति भएका आयोजनाहरू प्राथमिकताका आधारमा राख्नुपर्नेछ र उक्त प्राथमिकताका क्रमबाट वैकल्पिक आयोजनाहरू समेत समावेश गर्न सकिनेछ।

१२. **सम्झौता प्रक्रिया:** (१) छनोट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले पेश गरेको कियाकलाप र कार्ययोजना कार्यालयले छलफलका आधारमा आवश्यक संशोधन सहित अनुसूची-४१ बमोजिम ढाँचामी सम्झौता गरी अनुसूची-४२ बमोजिमको स्व:घोषणा पत्रमा हस्ताक्षर गराएर सम्बन्धित अनुदानग्राहीलाई कार्यादेश दिनुपर्नेछ।

(३) दफा ८ बमोजिम छनोट भएका अनुदानग्राही तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा कार्यालयले वैकल्पिक अनुदानग्राहीसँग सम्झौता गर्न सक्नेछ।

(४) उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम सञ्चालन गर्न संभव नभएमा पुनः सूचना गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-५

## समिति सम्बन्धी व्यवस्था

१३. **निर्देशक समिति:** (१) कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्गदर्शन तथा निर्देशनका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ,-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रतिनिधि | प्रदेश योजना आयोगको सदस्य (कृषि क्षेत्र हेर्ने) | सदस्य |
| (ग) | सचिव | मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (च) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र कुनै विज्ञ वा पदाधिकारी तथा मन्त्रालयको महाशाखा प्रमुखहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) नीतिगत पक्ष विश्लेषण गरी यस कार्यविधिमा समसामयिक सुधार समेत गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्या समाधान गर्ने,

(ग) कार्यक्रमको अनुगमन गरी सहजीकरण तथा पृष्ठपोषण गर्ने,

(घ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई आवश्यक निर्देशन दिने।

१४. **कार्यक्रम व्यवस्थापन समन्वय समिति:** (१) मन्त्रालय स्तरमा सञ्चालन हुने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | सबै महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ङ) | प्रमुख/प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (च) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (छ) | अधिकृत | कानून अधिकृत | सदस्य |
| (ज) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन भएको कार्यक्रम व्यवस्थान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कृषि नीति, आवधिक योजना, कृषि विकास रणनीति समेतका आधारमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) स्वीकृत कार्यक्रम कार्यान्बयन गर्ने गराउने,

(ग) कार्यक्रमको नियमित अनुगमन गरी निर्देशक समिति समक्ष पेश गर्ने र सार्वजनिक गर्ने,

(घ) मन्त्रालय तथा मातहतका कार्यालयलाई आवश्यक सहजीकरण, पृष्ठपोषण र निर्देशन दिने

(ङ) प्रस्ताव मूल्यांकनका आधार परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतीकरण गरी अनुमोदन गर्ने।

(ड) सञ्चालित कार्यक्रमहरूको त्रैमासिक,वार्षिक तथा आवधिक समीक्षा गर्ने,

१५. <u>कार्यक्रम कार्यान्वयन समिति:</u> (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :-

(क) कृषि विकास निर्देशनालय/ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा रहने समतिः

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | सम्बन्धित निर्देशनालय | संयोजक |
| (ख) | प्रमुख/प्रतिनिधि | कार्यक्रम कार्यान्वयन जिम्मेवारी रहेको शाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | प्रमुख/प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (ङ) | प्रमुख/तोकिएको कर्मचारी | योजना शाखा | सदस्य सचिव |

(ख) जिल्लास्थित कार्यालयमा रहने समिति:

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | सम्बन्धित कार्यालय | संयोजक |
| (ख) | प्रमुख/प्रतिनिधि | कार्यक्रम कार्यान्वयन जिम्मेवारी रहेको शाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | प्रमुख/प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (ङ) | प्रमुख/प्रतिनिधि | जिल्लास्थित विषयगत संघीय कार्यालय | सदस्य |
| (च) | कर्मचारी प्रतिनिधि | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| (छ) | प्रमुख/तोकिएको कर्मचारी | योजना हेर्ने शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन भएको कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम प्रस्ताव गरी निर्देशनालयमा पठाउने,

(ख) स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ग) कार्यक्रमका लागि दफा ८ (२) बमोजिम तोकिएका प्राविधिक जनशक्ति स्थलगतरुपमा खटिएको सुनिश्चित गरी सुपरिवेक्षण गर्ने,

(घ) मूल्याङ्कन भई सिफारिस भएका प्रस्तावहरू स्वीकृत गर्ने,

(ङ) कार्यक्रमको नियमित अनुगमन गर्ने,

(च) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला सँग समन्वय गर्ने र पृष्ठपोषण गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै द्विविधा आई परेमा समाधानका लागि निर्देशनालयमा पेश गर्ने,

(ज) मासिक, चैमासिक, अर्धवार्षिक, वार्षिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालयमा पेश गर्ने र सार्वजनिक गर्ने।

## परिच्छेद-६

### भुक्तानी प्रक्रिया तथा लेखा परीक्षण

१६. **भुक्तानी प्रक्रिया:** १) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(२) अनुदानग्राहीले प्रचलित कानून र स्वीकृत कार्ययोजना बमोजिम खरिद सम्बन्धी कार्य सञ्चालन गर्नुपर्नेछ।

(३) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सक्कल बिल भरपाई र कार्य प्रगति विवरण समेत संलग्न राखी भुक्तानी माग गर्नुपर्नेछ।

(४) भुक्तानी माग भएपछि कार्यालयले कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नेछ। पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजीगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टा गर्न सकिनेछ।

(५) रकम भुक्तानी गर्दा कामको वित्तीय तथा भौतिक प्रगति विवरण सहितको प्रतिवेदन, सम्बन्धित प्राविधिकको निरीक्षण प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाईको अभिलेखको प्रतिलिपी, कार्यक्रम सञ्चालन सम्बन्धी तस्वीर लगायतका कागजात र आवश्यक अन्य कुराहरू समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी कार्यालयले भुक्तानी गर्नुपर्नेछ।

(६) एक लाख भन्दा बढी लगानी भएका परियोजनाको हकमा ५•३ फिटको टिनको पातामा लेखिएको होर्डिङ बोर्ड अनिवार्य रूपमा राख्नु पर्नेछ।

(७) अनुदान रकमको अन्तिम भुक्तानी गर्दा सम्बन्धित स्थानीय तह/वडाको सिफारिस पेश गर्नुपर्नेछ।

(८) मन्त्रालय वा निर्देशनालयबाट सञ्चालन हुने अनुदानका कार्यक्रमहरूको हकमा जिल्ला स्थित कार्यालयको सिफारिस पेश गर्नुपर्नेछ।

(९) अनुदानग्राहीको आफ्नो घरमा उपलब्ध हुने सामग्री र पारिवारिक श्रमको हकमा अनुदान रकम उपलब्ध गराइने छैन।

(१०) विदेशबाट बीउ बिजन/बिरुवा/नश्ल/वीर्य/भुरा आयात गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित विज्ञहरू सहितको प्राविधिक टोली गठन गरी उक्त टोलीले सिफारिस गरेको प्राविधिक मापदण्ड बमोजिम आयात गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(११) स्थायी संरचना निर्माण गर्दा एकरूपता कायम गर्न र लागत प्रभावकारी बनाउन सिफारिस प्रविधिको आधार र सम्बन्धित निर्देशनालयको स्वीकृत मापदण्ड अनुसारको ढाँचा (डिजाइन) तथा लागत अनुमान अनुसार निर्माण गर्नुपर्नेछ।

१७. **लेखा तथा लेखापरीक्षण:** (१) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

## परिच्छेद-७
## विविध

१८. **अनुगमन तथा मूल्याङ्कन:** (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा मन्त्रालय/निर्देशनालय/सम्बन्धित कार्यालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति विवरण नियमितरूपमा सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

(३) सम्बन्धित कार्यालयले मासिक रुपमा र निर्देशनालयले त्रैमासिक रुपमा प्रगती विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१९. **जवाफदेहीता तथा जिम्मेवारी:** (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एवम् उपलब्धि लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

२०. **समन्वय र सहकार्य:** (१) कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा गर्नुपर्नेछ। दफा ८ (२) मा भएका कार्यक्रम क्रियाकलापहरूको सन्दर्भमा बिकास साझेदार सँस्थाहरूको सहयोग लिन सकिनेछ। सामाजिक परिचालनका लागि गैर सरकारी सँस्थाहरूसँग सहकार्य गर्न सकिनेछ।

२१. **सूचना सम्प्रेषण:** लक्षित बर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म सबै किसिमका मिडिया प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नुपर्नेछ।

२२. **अन्य:** कार्यक्रमहरू सञ्चालन गर्दा आवश्यकता अनुसार देहाय बमोजिम गर्नुपर्ने छ: (१) जैविक सुरक्षालाई ध्यान दिई वातावरण मैत्री रूपमा सञ्चालन गर्नु पर्नेछ।

(२) सञ्चालन गरिने तालिम, गोष्ठी, समन्वय बैठक, मेला दिवस जस्ता कार्यक्रमको पृष्ठपोषण सहितको प्रतिवेदन एक तह माथिको कार्यालयमा नियमित पठाउनु पर्नेछ।

(३) पशुपन्छीको जातीय र नश्ल सुधारको लागि प्रयोग गरिने उच्च नश्लको बीउका लागि निजी क्षेत्रमा प्रयोग गरिएका विभिन्न प्रजनन स्रोत केन्द्रहरू (गाई, भैसी, बाख्रा, भेडा, बङ्गुर, माछा र पंक्षीहरू) ले सम्बन्धित विषयको प्रजनन बिज्ञबाट प्रजनन योजना बनाई सम्बन्धित कार्यालयको सिफारिसमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा अभिलेखीकरण गर्नुपर्नेछ।

(४) स्रोत केन्द्रहरूको विवरण जिल्ला कार्यालयहरू मार्फत सम्बन्धित निर्देशनालयमा नियमित रुपमा पठाउनु पर्नेछ। सम्बन्धित निर्देशनालयले आवश्यक सुधार गर्नुपर्ने पक्षहरूमा सम्बन्धित जिल्ला कार्यालयहरू मार्फत पृष्टपोषण गर्नेछ।

(५) माछा गुणस्तर सुधारका लागि वितरण गरिने गुणस्तरीय मत्स्य नस्लहरू सरकारी श्रोत केन्द्र वा निजी क्षेत्रबाट स्थापित श्रोत केन्द्रहरूबाट खरिद गरी वितरण गर्नु पर्नेछ।

२३. <u>सेवा सुविधाबाट वञ्चित गर्न सकिने</u>: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोके बमोजिम कार्वाही प्रक्रिया अगाडि बढाइनेछ।

२४. <u>संशोधन</u>: मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

२५. <u>बाधा अड्काउ फुकाउ</u>: यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

२६. <u>खारेजी र बचाउ</u>: (१) कृषि तथा पशुपन्छी बिकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० खारेज गरिएको छ।

(३) उपदफा (२) बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ८ उपदफा (२) (ख) २.८, २.९, २.१०, २.११, २.१२ र २.१३ सँग सम्बन्धित)

**ब्रिडको लागि छनोट गरिने प्रजनन योग्य भाले र प्रजनन योग्य पोथीहरूको बंशावली विवरण (Pedigree record)**

| क्र.स. | हजुर बुवा/आमा **Drand Father /Mother** | बुवा/आमा **Father /Mother** | उत्पादन स्थल:-अनुसन्धान केन्द्र/ब्रिडर हर्ड/रजिष्टर फर्म/स्रोत केन्द्र(**Resource Central daitels)** | छनोट गर्ने भाले पोथी पशुको विवरण **Selected male/Famale** | सिफारिश जिम्मेवार निकाय/ व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. राँगो/ भैंसी Buffalo | Grand Father<br>Breed Name:<br>breed % :<br>Regd Tag Number:<br>Or<br>Seman Details<br>Breed :% | Father :<br>Breed Name:<br>breed % :<br>Regd Tag Number<br>Or<br>Seman Details<br>Breed :% | Name:<br>Add:<br>Farm Reg No:<br>Physical Year:<br>Contact Person:<br>Cont Number: | 1.Regd Tag Number:<br>2.Sex : Male<br>3.Breed Name:<br>4.Breed %:<br>5.Date of Birth:<br>6.Birth Wt:<br>7.Current wt:<br>8.Types of Color:<br>9.Types of Birth(TOB) | नाम :<br>पद :<br>दस्तखत :<br>मिति : | |
१९. राँगो बध गर्ने स्थानमा सफा प्लास्टिकको तिरपाल ओछ्याइएको हुनु पर्ने। मासु र मासुजन्य पदार्थ बिक्री वितरण गर्दा २० माइक्रोनभन्दा तलको प्लास्टिक प्रयोग गर्न पाइने छैन र यसरी प्रयोग गर्दा सेतो रङ्गको प्रयोग गर्नुपर्नेछ।

२०. बिरामी भएका र तत्काल एण्टीबायोटिक औषधी प्रयोग गरेका पशुपन्छीहरू बध गर्न पाइने छैन। मासु ओसारपसार गर्ने साधन सफा र किटाणुमुक्त साथै लामो ढुवानी गर्दा कम तापक्रम हुने साधन कोल्ड चेन हुनुपर्ने छ।

२१. वधशाला भित्र बस्ने र काम गर्ने व्यक्तिले प्रत्येक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाण पत्र राख्नु पर्ने छ। वधशाला भित्र बस्ने र काम गर्ने व्यक्तिले नियमित रूपमा नङ्ग काट्ने र सफासुग्घर हुनु पर्ने छ र सफा एप्रोन र मास्क लगाई काम गर्नु पर्ने छ।

२२. मासु बिक्री गर्ने काउन्टरमा स्पष्ट देखिने गरि आफुले बिक्री गर्ने मासुको मुल्य र मासु बिक्री गर्ने पशुपन्छीको प्रकार टाँस गरि राख्नु पर्नेछ।

## अनुसूची-३१

(दफा ८ उपदफा (२) (क) १.३४ (ख) २.१५ (ग) ३.३९ र (घ) ४.६ सँग सम्बन्धित)

### डेरी पसल सुधारको लागि आवश्यक मापदण्ड

१. डेरी पसलको हकमा न्यूनतम ७ फिट चौडाई र १० फिट लम्बाई भएको पसल हुनु पर्नेछ।

२. डेरी पसलको उँचाई न्यूनतम ८ फिट रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको हुनु पर्नेछ।

३. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल (कम्तीमा ६ फिट उचाई सम्म) लगाएको हुनु पर्नेछ।

४. डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको र टायल/मार्बल लगाई सजिलै सफा गर्न सकिने किसिमको हुनु पर्नेछ।

५. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रवन्ध मिलाएको हुनु पर्नेछ।

६. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

७. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमबुट, मास्क, क्याप, ग्लोब्स आदि) अवलम्बन गर्नुपर्नेछ।

८. डेरी पसलमा कीरा, भुसुना र चराचुरुङ्गी नपस्ने गरी जाली/सिसा लगाएको हुनु पर्नेछ।

९. डेरी पसलमा मूल्य सूची देखिने गरी टाँसिएको हुनुपर्नेछ।

१०. डेरी पसलहरू सरसफाई गर्दा किटनाशक विषादीहरू प्रयोग गर्न पाइनेछैन।

११. डेरी पसलबाट निस्केका दूधजन्य फोहोरहरू सुरक्षित रुपले व्यवस्थापन गर्नुपर्नेछ।

अनुसूची-३२
(दफा ८ उपदफा (२) (ङ) ५.५ सँग सम्बन्धित)

| व्यावसायिक योजनाको ढाँचा -खण्ड ख. (मत्स्य ह्यचरी/ नर्सरी ) | |
|---|---|
| आवेदकको नाम | ........................................................................ |
| आवेदकको पुरा ठेगाना | जिल्लाः .................... गा.पा./न.पा./उ.म.न.पा. ......................<br>वडा नः ........... गाउँ/टोलः ..........................................<br>इमेलः ............................ टेलिफोन नः ............................ |

२. पोखरी सम्बन्धी विवरण

| पोखरी | संख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|
| माउ पोखरी (ह्याचरीको लागि मात्र) | | |
| रियरिङ पोखरी | | |
| नर्सरी पोखरी | | |

३. ह्याचरी सम्बन्धी विवरण

| विवरण | संख्या | क्षमता (घन मिटर) |
|---|---|---|
| स्पनिङ ट्याङ्क | | |
| ईन्कुवेशन ट्याङ्क | | |
| कन्डिसनिङ/होल्डिङ ट्याङ्क | | |
| ओभरहेड ट्याङ्क | | |

४. पोखरीहरूमा ऐरेटर तथा अटोमेटिक फिडर प्रयोग प्रयोग गरेको छ/छैनः

(गरेको भए कति वटा पोखरीहरूमा संख्या उल्लेख गर्ने) ...............................................

५. गत वर्ष कुल मत्स्य विज बिक्री वितरण विवरण

५.१ ह्याचलिङ (ह्याचरीकर्ताको लागि मात्र)

| क.सं. | माछाको जात | बिक्री वितरण संख्या (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| जम्मा | | | | |

५.२ फ्राई/फिङ्गरलिङ्ग/एडभान्स फिङ्गरलिङ्ग/ईयरलिङ्ग (ह्याचरी तथा नर्सरीकर्ताको दुवैको लागि)

| क.सं. | माछाको जात | बिक्री वितरण संख्या (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

५.३ ह्याचरी तथा नर्सरीद्वारा जिल्लाहरूमा बिक्री वितरण गरेको मत्स्य बिजको विवरण पेश गर्ने (एकमुष्ठ)

| क.सं. | जिल्लाहरू | ह्याचलिङ्ग (लाखमा) | फ्राई/फिङ्गरलिङ्ग/एडभान्स फिङ्गरलिङ्ग/ईयरलिङ्ग |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| जम्मा | | | |

(आवश्यक परे थप कागजात पेश गर्न सकिनेछ )

६) ह्याचरी तथा नर्सरीद्वारा जात अनुसार बिक्री वितरण गरेको मत्स्य बिजको विवरण पेश गर्ने (एकमुष्ठ)

| सं. | जातहरू | ह्याचलिङ्ग (लाखमा) | फ्राई/फिङ्गरलिङ्ग/एडभान्स फिङ्गरलिङ्ग/ईयरलिङ्ग | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| जम्मा | | | | |

(आवश्यक परे थप कागजात पेश गर्न सकिनेछ)

७) ह्याचरी तथा नर्सरीमा प्रयोग गरिने पानीको श्रोत खुलाउने ...............................।

८) पेलेट दानाको प्रयोग गरेको छ/छैन:

९) तथ्यांक अद्यावधिक राख्न कम्प्युटरको प्रयोग भएको÷नभएको:

९) मत्स्य बिजको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने÷जानकारी दिने गरेको÷नगरेको:

१०) फर्म दर्ता/नविकरणको प्रमाण/कर चुक्ता प्रमाणपत्र समावेश गरे/नगरेको:

११)कुनै प्रकारको कार्वाहीमा परेको वा नपरेको स्वःघोषणा: ................................................ ...............

१२_ लेखा परीक्षण गराउने गरेको छ/छैन: (गरेको भए लेखा परीक्षणको छायाँ प्रति संलग्न गर्ने)

१३) भौतिक पूर्वाधार तथा पोखरीहरूको बीमा गरेको छ/छैन:

(गरेको भए बीमालेखको छायाँ प्रति संलग्न गर्ने)

१४) नर्सरिकर्ताहरूले ह्याचलिङ खरिदको रेकर्ड राख्ने गरेको छ/छैन:

(राख्ने गरेको छ भने परिमाण र श्रोत खुलाउने कागजात संलग्न गर्ने)

अनुसूची-३३

(दफा ८ उपदफा (२) (ङ) ५.६ सँग सम्बन्धित)

## पोषण सुधारको लागि सुङ्गुर/बङ्गुर र स्थानीय कुखुरा पालन कार्यक्रमको लागत विवरण

### (क) कुखुरा पालन तर्फ

| क. सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोर निर्माण | संख्या | २५ | १०००० | |
| २ | चल्ला खरिद र ढुवानी | संख्या | १२५० | २५० | कुखुरा विकास फर्म खजुरा वा ब्रुडर कृषकबाट ६ हप्ते चल्ला खरिद गर्नु पर्ने सो को भुक्तानि कार्यालयबाट फार्ममा गरिने। |
| ३ | दाना,औषधी,खोप, परजीवि नियन्त्रण | पटक | २ | २०००० | |
| ४ | स्थलगत तालिम | पटक | १ | १०००० | खाजा खर्च |
| ५ | दानापानीका भाडा खरिद | संख्या | २५ | १२५०० | |
| | | | | | |

### (ख) बङ्गुर/सुँगुर पालन तर्फ

| क.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोर निर्माण/सुधार | संख्या | २० | १०००० | |
| २ | पाठापाठि खरिद र ढुवानी | संख्या | ४० | ६००० | सरकारी तथा निजी ब्रिडर फार्मबाट ४५ दिन पुगेको खरिद गर्नु पर्ने |
| ३ | औषधी,खोप, परजीवि नियन्त्रण | पटक | २ | ५००० | |
| ४ | दाना खरिद | पटक | १ | ४५००० | |
| ५ | स्थलगत तालिम | पटक | १ | ५००० | खाजा खर्च |
| | जम्मा | | | | |

अनुसची-३४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

प्रथम पटक सूचना प्रकाशन मिति.....

आ. व. २०../.......को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ......................कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ........ दिन भित्र (मिति.................गते सम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ......................... बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ......................मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३८ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।

धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)। जग्गा

नोट: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरूको विवरण थपघट गर्न सकिने छ।

अनुसूची-३५

(दफा १० सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख ज्यू,                                                    मिति: ......................

.................................. (कार्यालयको नाम),

.................................., लुम्बिनी प्रदेश।

विषय: ......................... कार्यक्रम सञ्चालनको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा।

भएको सूचना अनुसार ............................................................ कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं।

संलग्न कागजातहरु:

| छ | छैन | प्रस्तावकको निवेदन |
|---|---|---|
| | | दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि |
| | | स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि |
| | | कृषक तथा कृषक समूहको स्थायी लेखा नम्बर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने। |
| | | कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव |
| | | सम्वन्धित स्थानीय तहको सम्वन्धित शाखाको सिफारिस पत्र |
| | | प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि(संस्था वा समूह वा कम्पनीको हकमा। |
| | | प्रस्ताव पेश गर्नेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| | | अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा। |
| | | जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)। (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने। |

माथि उल्लेखित विवरण तथा कागतपत्रहरू सहि सत्य छन्। विगत तिन वर्ष देखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान, क्रमागत कार्यक्रम बाहेक यसै प्रकतिको कामका लागि अनुदान लिएको छैन।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

*द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ।*

अनुसूची-३६
(दफा १० सँग सम्बन्धित)

प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन चाहने इच्छुकले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

.............................................

.......................

मितिः

श्री ................. ज्यू,

............................................... ।

विषयः प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन पाँउ।

महोदय,

प्रस्तुत विषयमा मिति ........................... मा प्रकाशित सूचना अनुसार यस ...................................ले उत्पादन .................. बाली/वस्तु प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक रहेकोले तपसिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौं।

तपसिल :

| | | |
|---|---|---|
| १. समूह/सहकारी वा संस्था वा कम्पनी दर्ता/ नवीकरणको प्रमाणपत्र | छ | छैन |
| २. कर चुक्ता प्रमाणपत्र | | |
| ३. संस्थाको हकमा गत वर्षको लेखापरीक्षणको प्रतिवेदन | | |
| ४. कार्ययोजना | | |
| ५. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरू | | |
| ६. सम्बन्धित स्थानीय तहको सिफारिस | | |
| ७. अन्य उल्लिखित कागजातहरू | | |

अनुसूची-३७

(दफा १० सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा (कृषि तर्फ)

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उप/महा.न.पा.:

वडा नं.: टोलः गाउँः सम्पर्क नः

कृषक/समूह/सहकारी/फर्म/कम्पनीको नामः

सम्पर्क व्यक्ति वा सञ्चालकको नामः सम्पर्क नं (अनिवार्य)..............

१. व्यवसायको परिचयः तपाईले के कस्तो काम गर्न खोज्नु भएको हो किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेखुहोस्?

गर्न खोजेको कामः

किन गर्नेः

कसरी गर्नेः

कहिले गर्नेः

२. उद्देश्यहरू : मुख्यतया कुन कुन कामका लागि अनुदान लिन चाहनु भएको हो?

( ) ( ) ( ) घ अन्य ..............( )

३. कृषि व्यवसायमा अनुभव : अनुदान लिन चाहनु भएको विषयमा तपाईसँग कति वर्ष काम गरेको अनुभव छ ?.........................वर्ष

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

........................... गापा/नपा .................... गाउँटोल ....... सदरमुकामबाट कति टाढा छ? ............................ किमि

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरुः

१. २. ३.

सडक पहुँचको अवस्थाः भएको.. ...... नभएकोः......

५. व्यवसाय सञ्चालनका लागि आवश्यक रहेका पूर्वाधारहरूः तपाईले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुविधाहरू छन् कि छैनन् छन् भने कस्ता छन्?

इ छ/ छैन, छ भने सिंचाईको स्रोतः कुलो..../ पोखरी..../बोरिङ...../अन्य........... आदि। कति महिना सिंचाई हुन्छ कति ?

सिंचित क्षेत्रफल...... मौसमी क्षेत्रफल........ भण्डारण सुविधा छ /छैन. छ भने के हो? ...................................................

सडकको पहुँचः पक्की सडक ( ) कच्ची सडक ( ) मौसमी सडक ( )

यन्त्र/उपकरणः के कस्ता यन्त्र उपकरणहरूको प्रयोग गर्ने गरिएको छ?

| यन्त्र उपकरणहरूको नाम | संख्या |
|---|---|
| क. | |
| ख. | |
| ग. | |
| घ. | |

अन्य पूर्वाधार संरचनाहरू (उल्लेख गर्ने)

| पूर्वाधार संरचनाहरू | किसिम | क्षमता |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |

६. तालिम सम्बन्धी विवरण : तपाईले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन, छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो? प्रतिलिपि सहित राख्नुहोस।

| क सं | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्ययोजना विवरणः

| क.सं. | कियाकलापहरू | परिमाण | दर | कुल लागत रु | माग गरेको अनुदान रकम रु | प्रस्तावकको साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. उत्पादन सामग्री तथा उत्पादित बाली/ वस्तुको बजार योजनाः

| उत्पादन सामग्रीको किसिम | खरिद गरिने स्थान | उत्पादन हुने बाली/वस्तुको नाम | बिक्री गर्ने स्थान | अनुमानित उत्पादन परिमाण | अनुमानित बिक्री मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |

| उत्पादन सामग्रीको किसिम | खरिद गरिने स्थान | उत्पादन हुने बाली/वस्तुको नाम | बिक्री गर्ने स्थान | अनुमानित उत्पादन परिमाण | अनुमानित बिक्री मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| बिरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |
| औजार /यन्त्र उपकरण | | | | | | |
| अन्य | | | | | | |
| | | | | | | |
| | | | | | | |

९. प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरूको विवरण (समूह/सहकारी/उपभोक्ता समितिको हकमा)

| क.स. | नामथर | ठेगाना | खेती गरिने बाली/वस्तु | क्षेत्रफल (कठ्ठा/रोपनी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| नोटः यो तालिका अनुसारको विवरण राखी बैठकबाट निर्णय गरि पठाउने। | | | | |

१०. प्रस्तावित योजना सञ्चालन पश्चात बिक्री योग्य उत्पादन हुने हुन्छ (भएको/नभएको) वा खेति प्रणालीमा मात्र सुधार हुन्छ?

बिक्री योग्य उत्पादन हुने भए परिमाण कति.......... क्विन्टल

कृषि उपज बिक्री सम्बन्धी सम्झौताः भएको/नभएको

(बिक्री सम्झौता भए प्रतिलिपि राख्ने)

११. सञ्चालन हुने कार्यक्रमबाट बातावरणमा नकारात्मक प्रभाव पर्छ /पर्दैन पर्ने भए प्रभाव न्यूनिकरणका लागि के गर्नु हुन्छ?

क.

ख.

ग.

बाट थप रोजगारी श्रृजनाः

स्वरोजगार कति जना?(आफ्नो घरको मात्र)

• स्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक)

- अस्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक)

आवेदकको तर्फबाट सही गर्नेको नामः

दस्तखतः

पदः सम्पर्क नः

सस्थाको छाप

मितिः

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा थप/घट गरि परिमार्जन गरी तयार गर्न सक्नेछ।

अनुसूची–३८

(दफा १० सँग सम्बन्धित)

**कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)**

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उ.न.पा.: वडा नं.: टोलः गाउँः

आवेदकको नामः

सञ्चालक/अध्यक्षको नामः सम्पर्क नं :

१. व्यावसायको परिचयः

२. उद्देश्यहरू :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरू :

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारीकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. ........................

ख. ........................

ग. ........................

घ. ........................

६. पशुपन्छी पालन व्यवसायमा अनुभवः

७. तालिम सम्बन्धी विवरण :

८.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क.सं. | सञ्चालन गरिने क्रियाकलापहरू | अनुदान रु. | संस्थागत लगानी रु. | अन्य निकायको अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

९. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तताः ( ) प्रभाव पार्ने वा ( ) नपार्ने

१०. उत्पादित वस्तुको बजार योजनाः

११. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

क. ........................

ख. ........................

कार्ययोजना पेश गर्नेः

नामः ........................

दस्तखतः ........................

पदः ........................

मितिः ........................

संस्थाको छापः ........................

अनुसूची-३९

(दफा १० सँग सम्बन्धित)

**(मागमा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम)**

**कार्यक्रम माग निवेदनको ढाँचा**

श्री प्रमुख ज्यू, मिति ..................

कृषि ..................................,

लुम्बिनी प्रदेश, नेपाल

विषय: मागमा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम माग गरिएको बारे।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति........................................ मा प्रकाशित गरिएको सूचना अनुसार **मागमा आधारित कृषि/पशुपन्छी विकास** कार्यक्रममा सहभागी इच्छुक भएकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो कार्यक्रम माग पेश गरेका छु/छौं।

संलग्न कागजातहरु:

१. प्रस्तावकको निवेदन

२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (सम्झौताको बखत पेश गर्ने)

४. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव (संलग्न अनुसूची)

५. अनुदानग्राहीले सोही कार्यको लागि विगत तीन वर्ष भित्र अनुदान रकम नपाएको स्व:घोषणा पत्र (प्रतिफलमा आधारित प्रोत्साहन बाहेक) पेश गर्नुपर्ने।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ।

अनुसूची-४०

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरू

### क) प्रस्ताव मूल्याङ्कनका आधारहरू (प्रारम्भिक मूल्याङ्कन)

सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरूलाई मात्र स्थलगत मुल्याङ्कनको लागि छनोट गर्नुपर्ने।

### ख) प्रस्ताव मूल्याङ्कनका आधारहरू (स्थलगत निरीक्षण मूल्याङ्कन)

जिल्लाः

आवेदक संस्थाको नामः सम्पर्क व्यक्ति र नम्बरः

प्रस्तावित कार्यक्रमको नामः कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

मूल्याङ्कन फाराम (पशुपन्छीतर्फ)

| क.सं. | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १० | | • विद्युत, सडक, पानीको सुविधा भएको=१०<br>• विद्युत, सडक सुविधा भएको= ८<br>• सडक सुविधा भएको= ५<br>• केही नभएको=० |
| २ | भौगोलिक/प्राविधिक उपयुक्तता | ५ | | • प्रस्तावित बाली/वस्तु व्यावसायिकरुपमा गत बिगत देखि नै पालन भैरहेको क्षेत्र = ५<br>• पशुपन्छी पालन गर्न नयाँ प्रस्ताव= २ |
| ३ | उत्पादित बस्तुको बजार योजना | १० | | • आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)= १०<br>• उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको= ८<br>• सम्झौता पनि नभएको, अनौपचारिक बजारीकरण भएको= ५ |
| ४ | रोजगारी श्रृजना | १५ | | • ५ जना भन्दा बढी थप रोजगारी श्रृजना हुने = १५<br>• ३ देखि ५ जना थप रोजगारी श्रृजना हुने= १०<br>• १ दखि २ जना थप रोजगारी श्रृजना हुने =५ |
| ५ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १० | | • आफ्नै (व्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको = १०<br>• वित्तिय संस्थाबाट ऋण लिने= ८<br>• समुदायमा संकलन गरी जुटाउने= ५<br>• लगानी क्षमता नभएको = ० |
| ६ | सम्बन्धित विषयमा अध्ययन/तालिम वा वैदेशिक रोजगारीका बखत काम गरेको अनुभव | ५ | | • अध्ययन/तालिम/वैदेशिक रोजगारीका बखत सम्बन्धित काम गरेको कागजात रहेको= ५<br>• बिगत ३ वर्षदेखि सम्बन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरिरहेको= ३<br>• नभएको=० |
| ७ | समावेशीता (दलित, जनजाती, मुक्त कमैया, | ५ | | • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा बढी भएमा = ५ |

| | | | | |
|---|---|---|---|---|
| | अल्पसंख्यक, कमलहरी, मधेशी, पिछडा वर्ग, विपन्न, मुस्लिम, महिला आदि) | | | • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा= ४<br>• समावेशीतामा तोकीएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा= ३<br>• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा = १<br>• व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकिएको वर्ग/समुदाय=५ |
| ८ | अनुदानमा पहुँच | ५ | | • हालसम्म अनुदान प्राप्त नगरेको = ५<br>• विगतमा अनुदान प्राप्त गरेको = ० |
| ९ | वातावरणीय प्रभाव व्यवस्थापन | ५ | | • सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको=५<br>• सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको=३<br>• सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि गरेको=० |
| | कुल | ७० | | |

*नोटः मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरूलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।*

## मूल्याङ्कन फाराम (कृषि तर्फ)

| क.सं. | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १० | | • सिंचाई, विद्युत, सडक सुविधा भएको=१०<br>• सिंचाईको स्रोत उपलब्ध भएको, विद्युत, सडक सुविधा भएको= ८<br>• सिंचाई र सडक सुविधा भएको= ५<br>• केही नभएको=० |
| २ | भौगोलिक/प्राविधिक उपयुक्तता | ५ | | • प्रस्तावित बाली व्यावसायिक रुपमा गत विगत देखि नै खेती भैरहेको र प्राविधिक रुपमा खेती गर्न सिफारिस क्षेत्र= ५<br>• बाली खेती गर्न नयाँ प्रस्ताव = २ |
| ३ | उत्पादित वस्तुको बजार योजना | १० | | • आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)= १०<br>• उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको= ८<br>• सम्झौता पनि नभएको, अनौपचारिक बजारीकरण भएको= ५ |
| ४ | रोजगारी श्रृजना | १५ | | • ५ जना भन्दा बढी थप रोजगारी श्रृजना हुने = १५<br>• ३ देखि ५ जना थप रोजगारी श्रृजना हुने= १०<br>• १ देखि २ जना थप रोजगारी श्रृजना हुने = ५ |
| ५ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १० | | • आफ्नै (व्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको = १०<br>• वित्तिय संस्थाबाट ऋण लिने= ८<br>• समुदायमा संकलन गरी जुटाउने= ५ |

| | | | | |
|---|---|---|---|---|
| | | | | • लगानी क्षमता नभएको = ० |
| ६ | सम्बन्धित विषयमा अध्ययन/तालिम वा वैदेसिक रोजगारीका बखत काम गरेको अनुभव | ५ | | • अध्ययन/तालिम/वैदेसिक रोजगारीका बखत सम्बन्धित काम गरेको कागजात रहेको= ५<br>• विगत ३ वर्षदेखि सम्बन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य संचालन गरिरहेको= ३<br>• नभएको=० |
| ७ | समावेशीता (दलित, जनजाती, मुक्त कमैया, कमलहरी, मधेशी, पिछडा वर्ग, लोपोन्मुख समुदाय, मुस्लिम, विपन्न, महिला आदि) | ५ | | • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा बढी भएमा = ५<br>• समावेशीतामा तोकिएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा= ४<br>• समावेशीतामा तोकीएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा= ३<br>• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा = १<br>• व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकिएको वर्ग/समुदाय=५ |
| ८ | अनुदानमा पहुँच | ५ | | • हालसम्म अनुदान प्राप्त नगरेको = ५<br>• विगतमा अनुदान प्राप्त गरेको = ० |
| ९ | वातवरणीय प्रभाव व्यवस्थापन | ५ | | • सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको=५<br>• सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको=३<br>• सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि गरेको=० |
| कुल | | ७० | | |

*नोट: मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरूलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।*

अनुसूची - ४१

(दफा १२ को उपदफा २ सँग सम्बन्धित)

**सम्झौता-पत्र**

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ........................ कार्यक्रमको लागि कृषि ज्ञान केन्द्र/भेटेरिनरि अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनोट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... ...... (यस पछी दोस्रो पक्ष भनिने) बीच **मिति २०** /.../.... गते तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी लियौं/दियौं।

**शर्तनामाहरुः**

१. यो सम्झौता भएको मिति देखि मिति .....................सम्म लागू हुनेछ।

२. दोस्रो पक्षले प्रस्तावित कार्यक्रम ........ जिल्ला .................................. गा.पा./न.पा. वडा नं ...... गाउँ/टोल............मा सञ्चालन गर्नेछ।

३. प्रथम पक्षले सम्झौतानुसार कुल कार्यक्रम लागत रु. ... ... ... मध्ये अनुदान/सामग्री सहयोग बापत रु. ... ... ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... .. ...) दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नियमानुसार लाग्ने कर तथा कन्टिन्जेन्सी कट्टा गरी खाता मार्फत भुक्तानी गर्नेछ। कार्यक्रमको बाँकी रकम रु. ... ... ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... .. ...) दोस्रो पक्ष स्वयंले व्यहोर्नु पर्नेछ।

४. दोस्रो पक्षले आफ्नो लगानीबाट सम्पन्न भएको कामको बिल/भरपाई, जिन्सी सामग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ।

५. दोस्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले प्राविधिक तोकि कार्यको प्रगति अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/सामग्रीहरू दोस्रो पक्षलाई स्वतः हस्तान्तरण हुनेछ।

६. दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सबै प्राविधिक कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्ने छ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्ने छैन।

७. प्रथम पक्षले कुनैपनि बखत सम्झौतानुसारको कार्य भए/नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने छ र सुधार नदेखिए एक पक्षिय रूपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

९. दोस्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी तोकिएको ढाँचामा सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्ने छ।

१०. अनुदान कार्यक्रमबाट सामुहिक स्वामित्व हुनेगरी खरिद गरिएका मेसिनरी/संरचना सहुलियत दरमा परिचालन गर्नुपर्ने छ।

११. दोस्रो पक्षले चौमासिक वा वार्षिक कार्यक्रमको प्रगति, उपलब्धि एवं कारोवार सम्बन्धी विवरण नियमित रूपमा प्रथम पक्षलाई आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

१२. सम्झौता भई कार्यक्रम सञ्चालन तथा सम्पन्न पश्चात स्थापना भएको संरचना वा प्रविधिको सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन र अप्रत्यासित विपदका दायित्व र जिम्मेवारी दोस्रो पक्षले व्यहोर्नुपर्ने छ।

१३. सम्झौतामा उल्लेखित कुनै बुँदाहरू कार्यान्वयनमा दुविधा उत्पान्न भई परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा सम्झौताको अवधि नसकिँदै गर्न सकिने छ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

*नोटः कार्यालयले सम्झौताका बुँदाहरू आवश्यकता अनुसार थप गर्न सक्नेछ।*

**प्रथम पक्षको तर्फबाट**
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छाप

**दोस्रो पक्षको तर्फबाट**
नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

<u>रोहबर</u>
नामः
पदः
दस्तखतः
मितिः

<u>रोहबर</u>
नामः
पदः
दस्तखतः
मितिः

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

## अनुसूची-४२

(दफा १२ को उपदफा (२) सँग सम्वन्धित)

**<u>दोहोरो अनुदान नलिएको स्वःघोषणा</u>**

श्रीमान् प्रमुखज्यू

...............................................

............................................... ।

...............................................को आर्थिक वर्ष २०७.../२०.... स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट उपलब्ध गरिने रकम/सामग्री/उपकरण/अन्य वस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट उपलब्ध गरिएको रकम/सामग्री/उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षरः

नामथरः ................................

ठेगानाः ................................

सम्पर्क नं. ................................

ईमेलः ................................

संस्थाको छाप: ................................

## अनुसूची ४३

(दफा ८ को उपदफा (२) (ग) ३.३० सँग सम्बन्धित)

### बाली वस्तु विशेष सघन क्षेत्र विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलाप |
|---|---|---|---|
| क | गाई/भैंसी | • गाई/भैंसी पालन व्यवसायका लागि उपयुक्त क्षेत्र हुनुपर्ने,<br>• कम्तीमा २० गाई/भैंसी पालक कृषक घरधुरी भएको हुनुपर्ने,<br>• न्यूनतम १०० दुहुना गाई/भैंसी हुनुपर्ने,<br>• बजारीकरणको पहुच भएको हुनुपर्ने, | • कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने<br>• कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने<br>• कम्तीमा २० जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने<br>• समूहसँग छलफल गरी कार्यक्रमको उद्देश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने<br>• स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी गाई/भैंसी पालनको लागि निम्न उत्पादन कार्ययक्रम सञ्चालन गर्ने<br>• व्यसायिक गाई/भैंसी पालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरुः पोषण आहारा व्यवस्थापन, गोठ सुधार, भकारो सुधार, नस्ल सुधार, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशिनरी औजार उपकरण खरिद र क्षमता अभिवृद्धि सम्वन्धि क्रियाकलापहरू सञ्चालन गर्ने<br>• कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने<br>• प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थालगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने |
| ख | बाख्रा | • बाख्रापालन व्यवसायका लागि उपयुक्त चरन क्षेत्र, हावापानी भएको स्थान क्षेत्र हुनुपर्ने<br>• कम्तीमा २५ बाख्रा पालक कृषक घरधुरी भएको हुनुपर्ने<br>• उत्पादन क्षेत्र स्थानमा न्यूनतम २०० माउ बाख्रा हुनुपर्ने<br>• बाख्रापालनको लागि ईच्छुक समुदाय हुनुपर्ने<br>• बजारीकरणको पहुच भएको हुनुपर्ने<br>• प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनुपर्नेछ। | • कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने<br>• कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने<br>• कम्तीमा ईच्छुक २५ जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने<br>• समूहसँग छलफल गरी कार्यक्रमको उद्देश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने।<br>• स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी बाख्रा पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने<br>व्यासायीक बाख्रा पालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरुः पोषण आहारा व्यवस्थापन, खोर निर्माण, खोर सुधार, नस्ल सुधारका लागि प्रजन्न योग्य उन्नत बोका खरिद, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशिनरी औजार उपकरण खरिद र |

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलाप |
|---|---|---|---|
| | | | क्षमता अभिवृद्धि सम्वन्धि क्रियाकलापहरू सञ्चालन गर्ने<br>• कार्यक्रम सम्पन्न भएपछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने<br>• प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने |
| ग | भेडा | • भेडा पालन व्यवसायका लागि उपयुक्त चरन क्षेत्र, हावापानी भएको स्थान क्षेत्र हुनु पर्ने<br>• कम्तीमा १५ भेडा पालक कृषक घरधुरी भएको हुनु पर्ने<br>• उत्पादन क्षेत्र स्थानमा न्यूनतम ३०० माउ भेडा हुनु पर्ने<br>• भेडा पालनको लागि ईच्छुक समुदाय हुनु पर्ने<br>• बजारीकरणको पहुच भएको हुनु पर्ने<br>• प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनु पर्नेछ। | • कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने<br>• कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने<br>• कम्तीमा ईच्छुक १५ जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने<br>• समूहसँग छलफल गरी कार्यक्रमको उधेश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने।<br>• स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी भेडा पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने<br>व्यसायीक भेडा पालनको लागि आवश्यक असल अभ्यासका पाच बिधाहरूसँग सम्वन्धित क्रियाकलापहरु: पोषण आहारा व्यवस्थापन, खोर निर्माण, खोर सुधार, नस्ल सुधारका लागि प्रजन्न योग्य उन्नत थुमा खरिद, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशनरी औजार उपकरण खरिद र क्षमता अभिवृद्धि सम्वन्धि क्रियाकलापहरू सञ्चालन गर्ने<br>• कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने<br>• प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रकिया अगाडी बढाउने |
| घ | बंगुर | • बंगुर पालन व्यवसायका लागि उपयुक्त हावापानी भएको स्थान क्षेत्र हुनुपर्ने<br>• कम्तीमा २० बंगुर पालक कृषक घरधुरी भएको हुनुपर्ने<br>• उत्पादन क्षेत्र स्थानमा न्यूनतम १०० प्रजनन योग्य माउ बंगुर हुनुपर्ने<br>• बंगुर पालनको लागि ईच्छुक समुदाय हुनुपर्ने<br>• बजारीकरणको पहुच भएको हुनु पर्ने<br>• प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनु | • कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने<br>• कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने<br>• कम्तीमा ईच्छुक २० जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने<br>• समूहसँग छलफल गरी कार्यक्रमको उधेश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने।<br>• स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी बंगुर पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने<br>व्यावसायिक बंगुरपालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरु: पोषण आहारा व्यवस्थापन, खोर निर्माण, खोर सुधार, नस्ल सुधारका लागि प्रजन्न योग्य उन्नत बिर (भाले) खरिद, घास उत्पादन, औषधी |

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलाप |
|---|---|---|---|
| | | पर्नेछ। | तथा खोप, बजार व्यवस्थापन, मेशनरी औजार उपकरण खरिद र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्ने<br>• कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने<br>• प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने |
| ङ | माछा | • माछा पालनको लागि उपयुक्त जमिन, भुगोल, हावापानी भएको स्थान क्षेत्र हुनु पर्ने<br>• अधिकतम १० कठ्ठा जलशयमा मत्स्य पालन कार्यक्रम संचालको लागि सहयोग गर्न सकिने<br>• यस कार्यक्रममा बढीमा ९ जना सम्म कृषक सहभागी गराउन सकिनेछ<br>• एउटा पोखरी न्यूनतम ३ कठ्ठा जलाशयको हुनु पर्नेछ।<br>• कार्यक्रम सम्भाव्य एउटा स्थानीय तह भित्रको कुनै कलस्टरमा हुनु पर्नेछ।<br>• मत्स्य पालनको लागि ईच्छुक समुदाय हुन<br>• बजारीकरणको पहुच भएको हुनु पर्ने<br>• प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनु पर्नेछ। | • कार्यालयको प्राविधिक टोलीबाट प्राविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने<br>• कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्न निवेदन माग गरी उपयुक्त निवेदन छनोट गर्ने<br>• ईच्छुक सहभागी कृषकहरूको संजाल गठन गरी परिचालन गर्ने<br>• संजालसँग छलफल गरी कार्यक्रमको उद्देश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने।<br>• स्वीकृत कार्ययोजना बमोजिम संजालमा आवद्ध छनोटमा परेका कृषकसँग सम्झौता गरी मत्स्य पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने;-<br>• नँया पोखरी निर्माण, पानीको श्रोत व्यवस्थापन, मेशिनरी औजार उपकरण खरिद, बिधुतिकरण, पोषण आहारा व्यवस्थापन, भुरा खरिद, चुना, मलखाद, औषधी, बजार व्यवस्थापन, र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू (नयाँ पोखरी निर्माणका लागि प्रति हे. जलाशय रु. ५ लाखका दरले, अन्य कृयाकलापका लागि प्रति हे. जलाशय रु. ५ लाखका दरले अधिकतम ५० प्रतिशत अनुदान सहयोगमा।<br>• कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने<br>• प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने |

अनुसूची-४४

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

## आधारभूत तथ्याङ्क फाराम (प्रत्येक कृषकको भर्नुपर्ने)

१.कार्यक्रमको नाम:

२.कृषकको नाम: ठेगाना:

लिङ्ग: महिला/पुरुष सम्पर्क न: जात:

३. आवद्ध कृषक संस्थाको नाम:

४. कृषकको जग्गा सम्बन्धी विवरण:

| कुल जग्गा कठ्ठा | खेती योग्य जग्गा कठ्ठा | सिंचित क्षेत्रफल कठ्ठा | | |
|---|---|---|---|---|
| | | बर्खे सिजन | हिंउद | बसन्त |
| | | | | |

५. खेती सम्बन्धी विवरण

| क्र.सं. | बालीको नाम | जात | सिजन (बर्खे/हिउँदे/बसन्ते) | क्षेत्रफल कठ्ठा | उत्पादन के.जि. | बिक्री परिमाण के.जि. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| | | | | | | |

६. बार्षिक आम्दानी:

कृषि बाट आम्दानी:

अन्य पेशाबाट आम्दानी:

७. प्रस्तावित बालीको मूख्य बजार:

८. प्रस्तावित बालीको लागि उपलब्ध बजार पूर्वाधार (भण्डारण, प्रसोधन, आदि):

अनुसूची ४५

(दफा ८, उपदफा (२), खण्ड (क) को १.३९ सँग सम्बन्धित)

सहकारी मार्फत कृषि प्रसार कार्यक्रम सञ्चालन मापदण्ड तथा विधिहरू

## १. सहकारी छनोट मापदण्ड

- कम्तीमा ३ (तीन) वर्ष देखी संस्थाका सदस्यहरू वा कमाण्ड क्षेत्रका कृषकहरूलाई कृषि उत्पादन, व्यावसायीकरण, प्रशोधन, बजारीकरण, कृषि सामाग्री आपूर्ति व्यवस्थापन, कृषि प्रसार सेवा जस्ता कार्यक्रम सञ्चालन गर्ने उद्देश्य लिएर गठन तथा सञ्चालन गरिएका कृषि सहकारी संस्थाहरू यो कार्यक्रममा सहभागी हुन सक्नेछन्।
- तरकारी, आलु, फलफूल, दलहन, तेलहन, चैते धान तथा हिउँदे/बसन्ते मकै, मह, मसलावाली, बीउ उत्पादन, प्रशोधन र बजारीकरण कार्यमा संलग्न कृषि सहकारी संस्थाहरू यो कार्यक्रममा सहभागी हुन सक्नेछन।
- सम्बन्धित कार्यालयले सहकारी संस्था छनोट गर्न प्राविधिक टोली गठन गर्नुपर्नेछ। प्राविधिक टोलीले तोकिएको सूचक तथा अङ्कभार बमोजिम सहकारीहरूको अध्ययन गरी पेश गरेको प्रतिवेदनको आधारमा कार्यक्रम कार्यान्वयन समितिले सहकारी छनोट गर्नेछ र सोको जानकारी सम्बन्धित निर्देशनालयमा दिनु पर्नेछ।

<u>छनोट सूचक तथा अङ्कभार</u>

| क्र.सं. | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १० | | • बजार, सडक, सिंचाई, विद्युत आदिको सुविधा भएको=१०<br>• सिंचाईको स्रोत उपलब्ध भएको र बजार, विद्युत, सडक सुविधा भएको= ८<br>• सिंचाई र सडक सुविधा भएको= ५<br>• केही नभएको=० |
| २ | भौगोलिक/प्राविधिक उपयुक्तता | ५ | | • प्रस्तावित बाली/वस्तु व्यावसायिकरुपमा गत विगत देखि नै खेती/पालन भैरहेको र प्राविधिक रुपमा खेती/पालन गर्न सिफारिश क्षेत्र= ५<br>• प्रस्तावित बाली/वस्तु खेती/पालन गर्न सिफारिश नगरिएको क्षेत्र = ० |
| ३ | प्रस्तावित कार्यक्रमस्थलका कृषकको सामूहिक वा कलष्टरमा खेती प्रतिको प्रतिवद्धता | १० | | • कृषकको सामूहिक रुपमा कलष्टरमा खेती गर्ने प्रतिवद्धता भएको = १०<br>• कृषकले एकल तर कलष्टरमा खेती गर्ने प्रतिवद्धता भएको= ८<br>• क्लस्टरमा खेती गर्ने प्रतिवद्धता नभएको= ० |
| ४ | कार्यक्रमको क्षेत्र विस्तार गर्न सकिने तथा जग्गा खण्डीकरण हुने सम्भावना | ५ | | • कार्यक्रम क्षेत्र विस्तार हुने र जग्गा खण्डीकरण नहुने सम्भावना भएमा= ५<br>• कार्यक्रम क्षेत्र विस्तार हुने तर जग्गा खण्डीकरण हुने सम्भावना भएमा= ३<br>• कार्यक्रम क्षेत्र विस्तार नहुने र जग्गा खण्डीकरण हुने सम्भावना भएमा= ० |

| क्र.सं. | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| ५ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १५ | | • आफ्नै (व्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको = १५<br>• वित्तिय संस्थाबाट ऋण लिने= १०<br>• समुदायमा संकलन गरी जुटाउने= ५<br>• लगानी क्षमता नभएको = ० |
| ६ | समावेशीता (दलित, मुक्त कमैया, कमलहरी, जनजाती, पिछडा वर्ग, मधेशी, मुस्लिम, महिला आदि) | ५ | | • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा बढी भएमा= ५<br>• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा= ४<br>• समावेशीतामा तोकीएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा= ३<br>• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा= १ |
| ७ | कार्यक्रमले समेट्ने लाभग्राही कृषक संख्या | २० | | • ५०० भन्दा बढी कृषक घरपरिवार लाभान्वित हुने = २०<br>• ४००-५०० कृषक घरपरिवार लाभान्वित हुने = १७<br>• ३००-४०० कृषक घरपरिवार लाभान्वित हुने = १४<br>• २००-३०० कृषक घरपरिवार लाभान्वित हुने = ११<br>• १००-२०० कृषक घरपरिवार लाभान्वित हुने = ८<br>• १०० भन्दा कम कृषक घरपरिवार लाभान्वित हुने = ५ |
| ८ | प्रस्तावित बालीको उत्पादनका लागि आवश्यक भण्डारण, प्रशोधन पूर्वाधारको उपलब्धता | १० | | • भण्डारण, प्रशोधन केन्द्र भएको = १०<br>• भण्डारण वा प्रशोधन केन्द्र मध्ये एक भएको = ८<br>• भण्डारण र प्रशोधन दुवै नभएको = ५ |
| | कुल | ८० | | |

*नोट: मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने सहकारीलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।*

४. सञ्चालन विधि

- कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि एक जना अधिकृत (विषय विज्ञ) लाई सम्पर्क व्यक्ति तोक्नु पर्नेछ। तर विषय विज्ञ नभएको अवस्थामा अन्य प्राविधिक कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्न सकिनेछ। निर्देशनालयले कार्यक्रम सहजीकरणका लागि एक जना कृषि अधिकृत (विषय विज्ञ) लाई सम्पर्क व्यक्ति तोक्नेछ।
- कार्यालयले सम्पर्क व्यक्तिको समन्वयमा करार सेवाको एक जना कृषि प्राविधिकलाई स्थलगत रुपमा कृषि प्रसार सेवा उपलब्ध गराउन कार्यादेश दिई सम्बन्धित कार्यक्रम क्षेत्रमा खटाउनु पर्नेछ।
- कार्यक्रम सञ्चालनको लागि मन्त्रालयले नीतिगत पक्ष तथा आवश्यक पृष्ठपोषण र कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिनेछ।
- निर्देशनालयले कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण प्राविधिक पक्षका बारेमा कार्यान्वयन गराउने कार्यालय र सम्बन्धित संस्थालाई आवश्यक सहजीकरण तथा प्राविधिक पक्षको लागि सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्नेछ। निर्देशनालयले कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण गर्नेछ।
- सहकारी संस्थाहरूको पहिचान तथा छनोट पछि कार्यालय तथा सहकारी संस्थाका सदस्यहरू भेला भई तोकिएको बजेट सीमाभित्र रहेर वार्षिक क्रियाकलापहरू तयार गर्नु पर्नेछ।
- क्रियाकलाप तयार गर्दा व्यावसायिक उत्पादन कार्य, बजारीकरण कार्य, प्रशोधन कार्य, उत्पादन सामाग्री व्यवस्थापन कार्य, साना सिंचाई कार्य आदि कार्यक्रम/क्रियाकलापहरूमा छलफल तथा वार्तालाप गरी आवश्कयता अनुसार बजेट तर्जुमा गर्न सकिने छ।
- सम्बन्धित कार्यालयबाट जिम्मेवार कर्मचारी (सम्पर्क व्यक्ति) को सहजीकरणमा सहकारी र सरोकारवालाहरूसँगको छलफलका आधारमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पहिचान गरिएका क्रियाकलापको सूची मध्येबाट लाभान्वित समुदाय/वर्गको आवश्यकता र प्राविधिक रूपमा उपयुक्त क्रियाकलापहरू छनोट गरी स्थानीय दररेट अनुसार लागत अनुमान तयार गर्नु पर्नेछ।
- यसरी तयार गरेको कार्ययोजना, कार्यालयले सहमतिको लागि सम्बन्धित निर्देशनालयमा पेश गर्नुपर्नेछ। उक्त कार्ययोजना निर्देशनालयबाट सहमति भए पश्चात मात्र सञ्चालन हुनेछ। कार्यक्रम निर्माणमा अन्य साझेदार संस्थाहरूको सहभागीता रहेको वा आवश्यक भएको अवस्थामा सहभागी गराई कार्यक्रम बनाउन सकिनेछ।
- प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने सहकारी संस्थाहरूमा कार्यक्रम निरन्तरता दिन सकिनेछ। यस्ता कार्यक्रमहरूको प्रभावकारीताको आधारमा थप प्रसार गर्ने वा स्थगन गर्ने भन्ने निर्णय गरिनेछ।
- यस्ता प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने कृषि सहकारी संस्थाहरूले आफ्नो प्रभाव क्षेत्र भित्रका अन्य कृषकहरूलाई कृषि प्रसार सेवा उपलब्ध गराउनु पर्नेछ। प्रभाव क्षेत्र भित्र कृषि सामाग्री व्यवस्थापनमा समन्वय, कृषि यान्त्रिकीकरण सेवा, कृषि उपज बजारीकरण समन्वय, रोग कीरा व्यवस्थापन सम्बन्धी प्राविधिक जानकारी जस्ता आधारभूत सेवाहरू तोकिए अनुसार प्रदान गर्नुपर्नेछ।